# अध्याय - चार

## तराईको सामाजिक विकास र नेपालमा जाति व्यवस्था

### ४.१ अध्ययन क्षेत्रको भौगोलिक परिचय

भौगोलिक विविधता रहेको देश नेपालमा हिमाल, पहाड, तराई, उपत्यका, खोँच बँसीजस्ता भू-सतहहरू रहेका छन् । भू-मध्य र कर्कट रेखाभन्दा उत्तरमा एसिया महादेशका दुई विशाल मुलुकहरू भारत र चीनको बीचमा रहेको नेपाल २६° २२" उत्तरदेखि ३०° २७" उत्तरसम्म अक्षांश र ८०° ४" पूर्वदेखि ८८° १२" पूर्वसम्म देशान्तरको बीचमा अवस्थित छ । पूर्व-पश्चिम लम्बाई ८८५ कि.मि. र उत्तर-दक्षिण चौडाई १४५ देखि २४१ कि.मि.सम्म रहेको नेपालको क्षेत्रफल कुल १,४७,१८१ वर्गकिलोमिटर छ । यसले विश्वको ०.०३ र एसिया महादेशको ०.३ प्रतिशत भाग ओगटेको छ (श्रेष्ठ, २००७ ई., पृ. १) । नेपाल विशाल हिमालय श्रृङ्खलाको दक्षिणी काखमा, पूर्व-पश्चिम इँटा आकारमा फैलिएर रहेको छ । पूर्व, पश्चिम र दक्षिणतिरका सिमानाहरू भारतसँग र उत्तरतिरको सिमाना चीनसँग जोडिएको नेपालमा समुद्र सतहभन्दा ६० मिटरदेखि ८८८४ मिटरसम्मका भागहरू रहेका छन् । नेपालको पहाडी र हिमाली क्षेत्रले ७५ र तराई, भावर तथा भित्रीतराईले २५ प्रतिशत भाग ओगटेका छन् । हेमिल्टनले नेपाल तराई, थुम्कैथुम्का परेको पहाड, मध्य-पहाड, उच्च-पहाड र हिमाल गरी चार भागमा विभाजित रहेको धारणा व्यक्त गरेका छन् (१९७१ ई., पृ. ६१) । नदीका आधारमा नेपाल कोशी प्रदेश, गण्डकी प्रदेश र कर्णाली प्रदेश गरी तीन भागमा र कृषिका आधारमा पश्चिम-तराई, पूर्वी-तराई, भित्री-तराई, पूर्वी-पहाड, मध्य-पहाड र पश्चिमी-पहाड गरी छ भागमा विभाजित छ (रेग्मी, १९७८ ई., पृ. ५) । प्रशासनिक हिसावले भने नेपाललाई ५ विकास क्षेत्र, १४ अञ्चल, ७५ जिल्ला, ३२७६ गाउँविकास समितिहरू र १९१ नगरपालिकाहरू १७ मङ्सिर २०७१ सम्म कायम भएका छन् (अधिकारी र सापकोटा, २०७१ वि.सं., पृ. १) । प्रस्तुत अध्ययनको केन्द्र चिडिमार जातिको बस्ती रहेको बाँके जिल्लाको नेपालगन्ज नगरपालिकाका बेलासपुर र धम्बोझी तथा शमशेरगन्ज गा.वि.स.का हवल्दारपुर, प्रेमपुर, चौधरिया गाउँ, शंकरपुर जस्ता ठाउँहरू रहेका छन् ।

पूर्वमा मेचीदेखि पश्चिममा महाकाली नदीसम्म फैलिएर रहेको नेपालको समतल भू-भागलई तराई प्रदेश भनिन्छ । यो 'तराई' शब्द पर्सियन भाषाबाट आएको हो जसको अर्थ 'भिजेको नरम माटो भएको जमिन' भन्ने हुन्छ (गेज, २००९ ई., पृ. २) । केही भिरालो स्वरूपमा रहेको नेपालको तराई क्षेत्र उत्तरमा महाभारत पर्वतको फेदिदेखि दक्षिणमा भारतीय

सिमानासम्म फैलिएको छ (स्टीलर, १९९३ ई., पृ. २) । भारतको उत्तरी भागबाट कर्कट रेखा पार भएर गएको हुँदा तुलनात्मक रुपले यो ठाउँमा केही बढी गर्मी हुने गर्दछ (श्रेष्ठ, २००७ ई., पृ. १) । चैत्रदेखि भदौसम्म यहाँको तापक्रम ४० देखि ४५ डिग्रीसम्म बढ्ने र मङ्सिरदेखि माघसम्म १० देखि २० डिग्रीसम्म घट्ने गर्दछ (चौधरी, २०६५ वि.सं., पृ. ३५) । यो ठाउँमा गर्मीमा बढी गर्मी भएपनि जाडोमा सितलहरका कारण निकै जाडो हुने गर्दछ । नेपालको यो तराई क्षेत्रलाई केही ऐतिहासिक स्रोतहरूमा 'तरियानी' पनि भन्ने गरिएको पाइन्छ (माइकेल, २०११ ई., पृ. ४) । हेमिल्टनले नेपालको दक्षिणी भागमा रहेको समथर जमिनलाई 'तरायनी', 'तराई' वा 'केटोनी' पनि भन्ने गरिएको कुरा उल्लेख गरेका छन् (१९७१ ई., पृ. ७२) । विषम हावापानी, राम्रो उत्पादन, ऐतिहासिक दृष्टिले महत्व बोकेको क्षेत्र हुँदाहुँदै पनि यस क्षेत्रका बारेमा शोध, अध्ययन र अनुसन्धान असाध्य कम भएको छ (गुनरत्ने, २०११ ई., पृ. VIII) । ऐतिहासिक महत्व बोकेका प्रसस्त ठाउँहरू यस क्षेत्रमा रहेका छन् । त्यस्ता क्षेत्रहरू दाङ, बर्दिया, नवलपरासी आदि हुन् ।

## ४.२ नेपालको तराई क्षेत्रको परिचय

नेपालको तराई क्षेत्र पूर्वमा झापादेखि पश्चिममा कञ्चनपुरसम्म फैलिएर रहेको छ । अन्नको भण्डार रहेको, पूर्व, दक्षिण र पश्चिम गरी तीनतिरका सिमानाहरू भारतसँग जोडिएको यो तराई क्षेत्रको पूर्व-पश्चिम लम्बाई ८८५ किलोमिटर रहेको छ भने उत्तर-दक्षिण चौडाई ४० देखि ५६ किलोमिटरसम्म फैलिएको छ (रेग्मी, १९७८ ई., पृ. १) । यो तराई क्षेत्रको चौडाई पनि नेपालको कुल चौडाई जस्तै कुनै ठाउँमा फुकेको र कुनै ठाउँमा साँघुरिएको छ । समथर जमिन, सिंचाईको तुलनात्मक रूपले राम्रो व्यवस्था र माटोको उर्वर क्षमता पनि राम्रो भएका कारण कृषि उत्पादनबाट हुने आर्थिक क्षमताको दृष्टिले यो क्षेत्र सबल मानिन्छ (त्यागी, १९७४ ई., पृ. २०-२१) । चुरे पर्वतदेखि उत्तर र महाभारत पर्वत श्रृङ्खलादेखि दक्षिणमा अवस्थित भित्री तराईमा सुर्खेत, दाङ, देउखुरी, नवलपरासी, चितवन, सिन्धुलीको कमला खोँच, उदयपुर, कन्काई जस्ता ठाउँहरू बस्तीयोग्य र उत्पादनका दृष्टिले पनि निकै राम्रा मानिन्छन् । नेपालको कुल उत्पादनको ६० प्रतिशतभन्दा बढी तराई क्षेत्रमा नै हुँदै आएको छ । देशको कुल कृषियोग्य जमिनको ५७ प्रतिशत जमिन यही तराई क्षेत्रमा रहेको छ (ह्यागन, १९७० ई., पृ. ७४) । वर्तमान समयमा पनि यसमा खासै फेरबदल आएको पाइदैन । गुगलमा दिएको विवारणमा ५७ प्रतिशत नै देखाइएको छ (वेव, वि.सं.२०७२ साल श्रावण २८) । जे होस् नेपालको कुल उत्पादन योग्य जमिनको ५५ प्रतिशतभन्दा बढी नै जमिन यही तराई क्षेत्रमा रहेको छ । देशका धेरै

उद्योगधन्दाहरू पनि तराईमा स्थापना गरिएका छन् । त्यसको प्रमुख कारण उद्योगका लागि आवश्यक पर्ने कच्चा पदार्थ पनि तराई क्षेत्रमा नै सहज रूपले उपलब्ध हुनु हो ।

बहादुर शाहको एकीकरणकालभन्दा पछाडि नेपालको तराई क्षेत्रलाई सप्तरी, महोत्तरी, रौतहट, बारा र पर्सा गरी पाँचवटा प्रशासनिक इकाइहरूमा विभाजन गरिएको थियो । नेपाल-अङ्ग्रेज युद्धताकासम्ममा (वि.सं.१८७१-७२) तराईको प्रशासन सञ्चालन गर्न कठिनाई भएपछि त्यसलाई उप-इकाइहरूमा विभाजन गरिदै लगिएको थियो । ती प्रशासनिक इकाइहरूलाई 'प्रगन्ना' भनिन्थ्यो । त्यतिबेला तराईमा २७ वटा र पहाडमा ३९ वटा प्रगन्नाहरू खडा गरिएका थिए (कर्कप्याट्रिक, १८११ ई., पृ. १९७-९८) । राणा प्रधानमन्त्री जङ्गबहादुरको समयमा देशको प्रशासनिक यन्त्रलाई ६९ वटा इकाइहरूमा विभाजन गरिएको थियो । यद्यपि त्यो विभाजन प्रशासनिक दृष्टिले नभई कर असुलीको प्रयोजनका लागि मात्र गरिएको थियो । विद्वानहरूले त्यो विभाजनलाई जिल्लाको संज्ञा भने दिने गरेको पाइदैन । तिनीहरूमध्ये तराईक्षेत्रमा मात्र सत्रवटा इकाइहरू निर्माण गरिएका थिए । ती इकाइहरू बारा, पर्सा, सप्तरी, महोत्तरी, सर्लाही, रौतहट, मोरङ, मर्जेदपुर, स्यूराज, खजनी, माझखण्ड, नवलपुर, पाल्ही, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर थिए (वैद्य र मानन्धर, २०५३ ई., पृ. १८४) । यसरी नेपालको एकीकरणकालदेखि राणाकालसम्म पनि तराईको प्रशासनिक व्यवस्थालाई व्यवस्थित गर्न सकिएको देखिदैन ।

प्रथम राणा प्रधानमन्त्री जङ्गबहादुरले आफ्नो बेलायत यात्रापश्चात प्रशासन व्यवस्थामा अनेक सुधारहरू गरे पनि जिल्लाप्रशासनका सम्बन्धमा भने खासै कार्य गरेको देखिदैन । जङ्गबहादुरको शासनकालमा नेपालमा राणाकालपूर्वदेखि नै अस्तित्वमा रहेका जिल्लाहरूलाई कायम गरिएको थियो । वि.सं.१९१७ मा पश्चिम नेपालको नयाँ मुलुक (बाँके, बर्दिया, कैलाली र कञ्चनपुर) बृटिस इण्डियाबाट नेपालले फिर्ता पाएपछि तराईमा जिल्लाहरूको सङ्ख्या बढ्न गएको थियो (भट्टराई, २०६४ वि.सं., पृ. १२३-२५) । अर्का राणा प्रधानमन्त्री वीरशमशेरको शासनकालदेखि मात्र नेपालका प्रशासनिक जिल्लाहरूमा एकरूपता कायम भएको पाइन्छ । उनको शासनकालमा सर्बप्रथम वि.सं.१९५२ तिर नेपाल अधिराज्यलाई पहाडी क्षेत्रमा २३ वटा तहसिलहरू र तराई क्षेत्रमा १२ वटा जिल्लाहरू गरी जम्मा ३५ वटा प्रशासनिक इकाइहरू कायम रहेका थिए । ती तराईका जिल्लाहरू मोरङ, सप्तरी, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, बुटवल, बाँकी (नेपालगन्ज), बर्दिया, कैलाली र कञ्चनपुर थिए । पहाडतिरका तहसिलहरूलाई पनि जिल्ला, थुम, दरा, गर्खा, मौजा, गाउँजस्ता विभिन्न इकाइहरूमा विभाजन गरिएको थियो (भट्टराई, २०५९ वि.सं., पृ. १३) । त्यो विभाजनले भने तराईको प्रशासनिक व्यवस्थामा निकै सुधार आएको देखिन्छ ।

राणा प्रधानमन्त्री वीरशमशेरले आफ्नो शासनकालको उत्तरार्द्धतिर तराईका जिल्लाहरूको पुनर्गठन गरेका थिए । जसअनुसार उनले सम्पूर्ण तराईका जिल्लाहरूलाई पाँचवटा समूहहरूमा वर्गीकरण गरी प्रत्येक समूहमा एक-एकजना उच्चस्तरका बडाहाकिम अमिनी गोश्वारा कचहरीमा रहने व्यवस्था मिलाएका थिए । जसमध्ये  झापा अमिनी गोश्वारा कचहरीअन्तर्गत मोरङ जिल्ला, हनुमाननगर अमिनी गोश्वारा कचहरीअन्तर्गत सप्तरी र महोत्तरी जिल्ला, कलैया अमिनी गोश्वारा कचहरीअन्तर्गत सर्लाही, रौतहट, बारा र पर्सा जिल्लाहरू, तौलिहवा अमिनी गोश्वारा कचहरीअन्तर्गत बुटवल जिल्ला र बाँकी अमिनी गोश्वाराअन्तर्गत बाँके, बर्दिया, कैलाली र कन्चनपुर जिल्लाहरू रहेका थिए (भट्टराई, २०६४ वि.सं., पृ. १२४-२५) । त्यतिबेला वीरशमशेरले तराईका जिल्लाहरूको सङ्ख्यालाई बाह्रबाट बढाएर १४ मा पुऱ्याएको पनि उल्लेख गरिएको पाइन्छ (भट्टराई, २०५९ वि.सं., पृ. १२-१३) । यसरी हेर्दा नेपालको तराई क्षेत्रको प्रशासनलाई मध्यराणाकालदेखि केही व्यवस्थित गरिदै लगिएको देखिन्छ ।

वि.सं.२०१८ सालमा नेपालको पुरानो प्रशासनिक संरचनामा परिवर्तन गरी मुलुकलाई ७५ वटा नयाँ प्रशासनिक इकाइहरूमा विभाजन गरिएको थियो । त्यसपछि ती इकाइहरूलाई जिल्ला मात्र भन्ने गरिएको थियो । यही प्रशासनिक विभाजनअनुसार नेपालको तराई क्षेत्रमा अहिलेसम्म पनि २० वटा जिल्लाहरू कायम रहेका छन् । उक्त २० वटा जिल्लाहरूको कुल क्षेत्रफल ३४,०१९ वर्ग किलोमिटर रहेको छ जुन नेपालको कुल क्षेत्रफलको २३ प्रतिशत हुन आउँदछ । नेपालको तराई क्षेत्रमा रहेका ती जिल्लाहरू पूर्वबाट क्रमशः झापा, मोरङ्ग, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा चितवन, नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कन्चनपुर हुन् । हिमाली क्षेत्रबाट उत्पत्ति भई पहाडी क्षेत्र हुँदै तराई क्षेत्रलाई चिरेर सबैजसो नदीनालाहरू भारततिर प्रवेश गरेर समुद्रमा मिल्न पुग्दछन् । ती नदीनालाहरू नेपालको तराईको सिँचाईमा निकै उपयोगी सिद्ध भएको पाइन्छ ।

### ४.२.१ इतिहासमा नेपालको तराई

नेपाल र खासगरी नेपालको तराई क्षेत्र समेत अत्यन्त प्राचीनकालदेखि नै मानव बस्ती भएको क्षेत्र मानिदै आएको छ । पश्चिम नेपालको पाल्पा जिल्लाको दोभान गा.वि.स.मा पर्ने सिद्धबाबा क्षेत्रमा, बुटवल नजिक रहेको तिनाऊ नदीको किनारमा गरिएको उत्खनन्का क्रममा जे. हवार्ड हट्चीनसनले एक मानव पूर्खाको दाँत भेटेका थिए (चौधरी, २०६४ वि.सं., पृ. ५८) । बुटवल नजिक भेटिएको सोही प्राचीन मानव अवशेषका आधारमा नेपाल अत्यन्त प्राचीनकालदेखि नै मानव बस्ती भएको स्थल भएको पुष्टि हुन्छ । एसियाकै जेठो मानिएको यो

मानवलाई 'रामापिथेकस' नामास्करण गरिएको थियो । अहिले यसलाई 'बुटवल मानव' पनि भन्ने गरिएको छ । रामापिथेकस प्राचीन वनमान्छेभन्दा केही भिन्न र केही मात्रामा मानिसको गुणसँग मिल्दोजुल्दो प्राणी थियो (दाहाल, २०६३ वि.सं., पृ. १६) । जुन एक करोड दश लाख वर्ष पुरानो मानिएको छ । त्यसपछिको समयमा प्राचीन मानवहरूले प्रयोग गरेका नवपाषाणकालीन औजारहरू नेपालको तराई क्षेत्रका दाङ-देउखुरी, नवलपरासी, झापा, मोरङ जस्ता ठाउँहरूमा पनि प्राप्त भएका छन् । बर्दियाको दानवतालको छेउमा फेला परेको पाषाणकालीन उपकरणलाई चेलियनकालीन उपकरण मान्ने गरिएको पाइन्छ । पहिलोपटक फ्रान्सको चेलेस भन्ने ठाउँमा यस्ता खालका उपकरण पाइएको हुँनाले त्यस्ता उपकरणहरूलाई चेलियन उपकरण र त्यसभन्दा अगाडिका उपकरणलाई प्राक्चेलियन उपकरण भन्ने गरिदै आएको छ (शर्मा, २०६४ वि.सं., पृ. ८६) । प्राक्चेलियन युग करिव पाँचलाख वर्ष अगाडिदेखि सुरू भएको मानिन्छ । यस्ता स्रोतका आधारमा नेपालको तराई क्षेत्रमा रामापिथेकसकालदेखि नै मानवगुण भएका प्राणीहरूको बस्ती रहँदै आएको देखिन्छ ।

नेपालमा मानव बसोबासका सन्दर्भमा तराई क्षेत्रको इतिहास अत्यन्त पुरानो रहेको छ । इशापूर्वकै समयमा नेपालको तराई क्षेत्र र भारतको उत्तरी क्षेत्रका केही भागहरूसमेत समेटिएका किचकदेश, विराट, कोचिला, कपिलवस्तु, कोलीय, मिथिला जस्ता स-साना गणराज्यहरू रहेका थिए । प्राचीनकालमा नेपालको तराईमा रहेका राज्यहरूमध्ये विदेह, कपिलवस्तु र कोलीय गरी तीनवटा राज्यहरूको ठूलो महत्व रहेको पाइन्छ । त्यतिबेला ती राज्यहरूमा बस्ने जातिहरू बज्जी, उग्र, भोग, ऐच्छाकु, कौरन, ज्ञात्री, लिच्छवि, विदेह आदि थिए (ठाकुर, १९५६ ई., पृ. २) । यस सन्दर्भमा अन्य केही विद्वानहरूले पनि नेपालको तराई क्षेत्रमा प्राचीन मानवको बस्ती भएको कुरा उल्लेख गर्दै आएका छन् (पाण्डे र रेग्मी, २०५४ वि.सं., पृ. ६०) । यस सम्बन्धमा अन्य प्रमाणहरू पनि रहेका छन् जसले नेपालको तराई क्षेत्रको ऐतिहासिकतालाई पुष्टि गर्न थप योगदान पुऱ्याएको छ ।

(क) मिथिला/विदेय : वर्तमान नेपालको पूर्वीतराई क्षेत्र वैदिककालसम्म पनि निर्जन अवस्थामा रहेको थियो । त्यतिबेला यो क्षेत्र दलदल हुनाका साथै जङ्गलले ढाकिएको अवस्थामा रहेको थियो । उत्तर वैदिककालमा माथव विदेघ (गणप्रधान) ले आफ्ना पुरोहित रहुगणका साथ गण्डकी (सदानिरा) नदी पार गरी अग्नी वैश्वानरको माध्यमबाट यस क्षेत्रमा आगलागी गराएर बस्तीयोग्य तुल्याएका थिए (ठाकुर, २०५४ वि.सं., पृ. १) । त्यसपछि वर्तमान जनकपुर रहेको स्थानमा सदरमुकाम कायम गरी एउटा राज्य स्थापना गरिएको थियो । जुन राज्य पछि विदेह तथा मिथिलाको नामले परिचित हुन पुगेको थियो । यो क्षेत्र नेपालको तराई क्षेत्रकै प्राचीन हिन्दू सभ्यताको केन्द्र मानिदै आएको पाइन्छ ।

प्रारम्भकालको जनकपुर पूर्वमा कोशी (कौशिकी) नदी, पश्चिममा गण्डकी (सदानिरा) नदी, उत्तरमा हिमालय (पहाड ?) तथा  दक्षिणमा गङ्गा नदीसम्म फैलिएर रहेको थियो । यो राज्यको पूर्व-पश्चिम लम्बाई ९६ कोस र उत्तर-दक्षिण चौडाई ६४ कोस रहेको थियो (शरण, मिति अनु., पृ. २) । जनकवंशका प्रथम राजा निमिदेखि कृतक्षण वा कराल जनकसम्म ५६ जना शासकहरूले प्राचीन मिथिला राज्यमा शासन गरेका थिए । कराल जनकको शासनकालभन्दा पछि यो राज्य गणतन्त्रमा परिणत भएको थियो । इशापूर्व छैटौं शताब्दीतिरको विदेह राज्य लिच्छवि गणसंघको एउटा अङ्ग बन्न पुगेको थियो (खनाल, २०५६ वि.सं., पृ. ८) । त्यसपछि यो राज्य वृज्जिसंघमा आवद्ध हुन पुगेको थियो । वैशाली वृज्जिसंघको राजधानी थियो । त्यतिबेला उत्तरी भारत र नेपालको तराई क्षेत्रमा रहेका राज्यहरू आफ्नो सुरक्षाका लागि विभिन्न संघहरूमा आबद्ध हुने गरेका थिए । तिनीहरूमध्येकै एउटा संघ वृज्जिसंघ पनि भएको देखिन्छ ।

बुद्धकालभन्दा पछाडि मगध राज्यका राजा अजातशत्रुले वृज्जिसंघका राज्यहरूमाथि आक्रमण गरी विजय प्राप्त गरेका थिए । त्यसपछि मिथिला राज्य मगध राज्यको अधीनस्थ बन्न पुगेको थियो । अजातशत्रु नन्दवंशका राजा थिए । उनको शासनकालभन्दा पछाडिको केही समयसम्म मगध राज्यमा राजवंश फेरिए पनि मिथिला क्षेत्र भने त्यही राज्यको अधिनमा रहँदै आएको थियो । नन्दवंशको पतनपछि मगध क्षेत्रमा मौर्य र त्यसपछि शुंगवंशको शासन कायम हुन गएको थियो । त्यसभन्दा पछाडि मगध राज्यमा गुप्त शासकहरूले आधिपत्यता कायम गरेका थिए । त्यही मगध राज्यमा गुप्तहरूको शासन भने वि.सं.४३२ देखि ५६७ सम्म कायम रहेको थियो । त्यसपछि क्रमशः मिथिला राज्य बंगालका शासक शशाङ्क, हर्षवर्दन, पालवंश र सेनवंश हुँदै वि.सं.११५४ सम्ममा दक्षिण कर्णाटक राज्यका चालुक्य वंशका राजा विक्रमादित्य छैटौंका सेनानायक नान्यदेवले सिम्रौनगढलाई राजधानी कायम गरी मिथिला क्षेत्रमा एउटा स्वतन्त्र नयाँ राज्य खडा गरेका थिए (खनाल, २०५६ वि.सं., पृ. ९-१०) । विक्रमादित्यको अवसानपछि चालुक्य शासकहरू कमजोर भएका कारण उनको साम्राज्यका सामन्त शासकहरू स्वतन्त्र भएका थिए । वंगालमा पनि वि.सं.११५२ मा विजय सेन त्यहाँका स्वतन्त्र शासक भएको दुईवर्ष पछि नान्यदेव सिम्रौनगढका स्वतन्त्र शासक भएका थिए (त्रिपाठी, १९९९ ई., पृ. ५२) । त्यही राज्य नेपालको मध्यकालीन तराईको इतिहासमा एउटा शक्तिशाली तिरहुत राज्यको नामले परिचित हुँन पुगेको थियो ।

कर्णाटवंशी शासकहरूले सिम्रौनगढलाई राजधानी कायम गरी वि.सं.११५४ देखि १३८३ सम्म शासन गरेका थिए । दिल्लीका मुस्लिम बादशाह गयाशुद्दीन तुगलकले सिम्रौनगढ ध्वस्त पारेपछि राजा हरिसिंहदेव भागेर पहाड पसेका थिए (उपाध्याय, २०५६ वि.सं., पृ. ११) ।

कर्णाटवंशको पतनपछि मिथिला क्षेत्रलाई दुईभागमा विभाजन गरी शासन गर्न थालिएको थियो । उत्तरी भागमा द्रोणवारवंशी र दक्षिणी भागमा ओइनवारवंशी शासकहरूले शासन गरेका थिए । ओइनवारवंशी शासकहरूमध्ये शिवसिंह केही प्रसिद्ध राजा थिए । उनले मुसलमान बादशाहलाई कर तिर्न आनाकानी गरेका कारण शिवसिंहकै शासनकालमा मिथिला क्षेत्रमा जौनपुरका सुल्तान गयासुद्दीन वेगले केही रकम लिएर त्यो राज्य शिवसिंहका भाई पद्मसिंहलाई प्रदान गरिदिएका थिए । भारतमा अङ्ग्रेजी साम्राज्यको विस्तार हुँदै गएपछि मुसलमान वादशाहको शक्ति पनि क्षीण हुँदै गएको थियो (त्रिपाठी, १९९९ ई., पृ. ५२) । मुसलमान शासकको शक्ति घटेको अवसरमा त्यस क्षेत्रमा पनि मकवानपुरको सेन राज्य विस्तारित हुन पुगेको पाइन्छ ।

मध्यकालीन तिरहुत राज्य पद्मसिंहका वंशजमध्ये कंशदलनरायण सिंहको शासनकालसम्म मात्र कायम रहेको थियो । वि.सं.१५८३ मा पाल्पाका राजा मुकुन्द सेनका कान्छा छोरा लोहाङ्ग सेनले मिथिला क्षेत्रमा रहेका द्रोणवारवंशको राज्य वनौली र ओइनवारवंशको राज्य मिथिलामाथि विजय प्राप्त गरी एउटा नयाँ मकवानपुर नामको राज्य स्थापना गरेका थिए (घिमिरे, २०५६ वि.सं., पृ. १५०) । त्यतिबेला मोरङ राज्यको राजधानी विजयपुर थियो । वि.सं.१६४१ को आसपाससम्ममा यो राज्य पश्चिममा कोशी नदीदेखि पूर्वमा महानदी (टिस्टा) सम्म र पहाडमा कन्काई नदीको शीरसम्म फैलिएकोमा त्यहाँ कोच वंशका विजयनारायणले शासन गरेका थिए (हेमिल्टन, १९७१ ई., पृ. १३३) । उनका मन्त्री सोब्बाहरू थिए । ती सोब्बाहरूमा पनि मुरेहाङ्ग खेवाङ्गलाई गाईको मासु खाएको र हिन्दू महिलासँग अपवित्र सम्बन्ध राखेको आरोपमा विजयनारायणले मृत्युदण्ड दिएका थिए । त्यही रिसले मुरेहाङ्गका छोरा बाजहाङ्गले मकवानपुरका राजा लोहाङ्ग सेनसँग मिली कोशी नदीभन्दा पश्चिमका केही सामन्तहरूको राज्य र कोशीदेखि पूर्वमा महानदीसम्मको लाप्चे राजा तर्वे पुनको राज्यमाथि पनि विजय गरेका थिए । तर त्यो युद्धमा बाजहाङ्गले बीरगति प्राप्त गरेका थिए (चेम्जोङ्ग, १९७५ ई., पृ. ३४) । त्यतिबेलासम्ममा विजयपुरका राजा विजयनारायणको मृत्यु भइसकेको थियो । त्यसैले लोहाङ सेनले विजयपुर राज्यलाई पनि आफ्नो नियन्त्रणमा लिई एउटा विशाल सेन राज्य खडा गरेका थिए (प्रधान, १९९१ ई., पृ. ६७-६८) । त्यसपछि विजयपुरको प्रशासन हेर्ने जिम्मा उनले बाजहाङ्गका छोरा पानीहाङ्गलाई दिएका थिए (प्रधान, १९९१ ई., पृ. ३५) । लोहाङ सेनभन्दा पछाडि उनका नाति हरिहर सेन मकवानपुरका राजा भए । उनले आफ्नो बाहुवलले सेन राज्यलाई दक्षिणमा गङ्गा नदीसम्म पुऱ्याएर हिन्दूपति कहलिएका थिए । तर हरिहर सेनकै शासनकालमा उनका छोराहरूका बीचमा झगडा हुँदा मकवानपुर राज्य टुक्रिएर पहिले मोरङ्ग र मोरङ्ग पनि टुक्रिएर चौदण्डी राज्य बनेपछि सेन राज्य मकवानपुर, चौदण्डी र मोरङ्ग गरी तीनवटा राज्यहरूमा विभाजित हुन पुगेको थियो (शाक्य र निरौला, २०५७ वि.सं., पृ. १४) ।

यसरी नेपालको पूर्वी तराईमा नेपालको एकीकरण हुनुभन्दा अगाडितिरै सेनहरूको राज्य विस्तारित हुन पुगेको देखिन्छ ।

वि.सं.१८१९ मा गोरखाका राजा पृथ्वीनारायण शाहले आक्रमण गरी मकवानपुर राज्यमाथि विजय प्राप्त गरेपछि पूर्वीतराई क्षेत्र पनि नेपाल राज्यको एउटा अङ्ग बन्न पुगेको थियो (ठाकुर, १९५६ ई., पृ. २-४) । जसको केही भाग वि.सं.१८७२ को सुगौली सन्धिबाट गुम्न पुगे पनि धेरैजसो भाग अहिले पनि नेपालमा नै रहँदै आएको छ ।

ख) रामग्राम : नेपालको पूर्वी तराईमा जस्तै प्राचीनकालमा पश्चिमी तराईमा पनि मानव बस्ती रहेका धेरै प्रमाणहरू पाइन्छन् । गण्डकीदेखि रोहिणी नदीका बीचमा विक्रमको छैटौं शताब्दीभन्दा अगाडितिरै रामग्राम नामको राज्य स्थापना भइसकेको थियो । त्यो रामग्राम राज्यको स्थापना बनारस राज्यका राजा राम र कपिलवस्तु राज्यकी राजमाता प्रियाले गरेका थिए (रिजाल, २०३६ वि.सं., पृ. ३) । यस राज्यमा कोलीय शासकहरूले लामो समयसम्म शासन गरेका थिए । कपिलवस्तु राज्यका युवराज सिद्धार्थ गौतमकी आमा मायादेवी त्यही राज्यका गणनायक अञ्जन (महासुप्रबुद्ध) की छोरी थिइन् (नेपाल, २०५५ वि.सं., पृ. ९-१०) । बौद्ध साहित्यहरूमा कोलीय राज्यलाई कोलीय नगर, व्याघ्रपुर, देवदह, रामग्राम जस्ता नामहरूबाट समेत चिन्ने गरिएको पाइन्छ । यो कोलीय राज्यमा चिनियाँ यात्रीहरू फाह्यानले पाँचौ शताब्दीमा र हुएन साङ्गले सातौं शताब्दीमा यात्रा गरेका थिए (रिजाल, २०३६ वि.सं., पृ. ३) । यसरी प्राचीनकालमा नेपालको तराई क्षेत्रमा विकसित भएका राज्यहरूमध्ये रामग्राम पनि एउटा चर्चित राज्य भएको देखिन्छ ।

प्राचीन कोलीय राज्य वर्तमान नेपालको लुम्बिनी अञ्चलको नवलपरासी जिल्लामा रहेको थियो । प्राचीन कपिलवस्तु राज्यदेखि यो देवदह पाँच योजन पूर्वमा रहेको थियो (एक योजन बराबर ८ माइल हुन्छ) । वर्तमान नवलपरासी जिल्लाको परासी बजारभन्दा ३ माइल दक्षिण-पूर्वमा ३० फिट अग्लो र ७० फिट परिधी भएको एउटा स्तुप रहेको थियो । यो बुद्धका प्रारम्भिक अस्तु राखिएका ८ वटा स्तुपहरूमध्येको एक थियो (देव, १९६४ ई., पृ. १२) । बुद्धको परिनिर्वाणपश्चात उनको पवित्र अस्थीलाई ८ भागमा विभाजन गरी वेढापिडा, वैशाली, रामनगर, पावा, मगध, कपिलवस्तु, कुशीनगर र अलाकापामा लगेर गाडिएको र त्यसमाथि एकएकवटा स्तुपहरू निर्माण गरिएको थियो (श्रेष्ठ, २०५९ वि.सं., पृ. ८२) । ती ८ वटा स्तुपहरूमध्ये २ वटा नेपालका देवदह र कपिलवस्तुमा रहेका थिए । पछि भारतका मौर्य सम्राट अशोकले ती स्तुपहरूको उत्खनन् गरी त्यसलाई ८४,००० भागमा विभाजन गरी ८४,००० वटै स्तुपहरू बनाउन लगाएका थिए ।

कोलीय राज्य र कपिलवस्तु राज्यका बीचमा प्राचीनकालदेखि नै वैवाहिक सम्बन्ध कायम हुँदै आएको थियो । कपिलवस्तु राज्यका राजा शुद्धोधनका दुबै रानीहरू मायादेवी र प्रजापति गौतमी कोशल राज्यका राजकन्याहरू थिए । सिद्धार्थ गौतमले पनि कोशल राजकन्या यशोधरासँग विवाह गरेका थिए । यसका आधारमा नेपालको पश्चिमी तराईको रामग्राम राज्य पनि निकै चर्चित रहेको देखिन्छ ।

(ग) कपिलवस्तु : वर्तमान नेपालको पश्चिमाञ्चल विकाशक्षेत्रअन्तर्गत लुम्बिनी अञ्चलको कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवा नगरपालिकादेखि ३ किलोमिटर उत्तरमा रहेको वर्तमान तिलौराकोट भन्ने ठाउँ प्राचीन कपिलवस्तु राज्यको राजधानी थियो । प्राचीनकालमा कपिलवस्तु राज्यको स्थापना ऋषि कपिलको नामबाट भएको मानिन्छ । कोशल राज्यका राजा ओकाकले आफ्नी जेठी रानीको मृत्युपछि विवाह गरिएकी कान्छी रानीबाट जयन्तु नामको छोरा जन्मेपछि उनले आफ्नो छोरालाई राजा बनाउन जेठी रानीबाट जन्मिएका चार भाइ छोरा र पाँच बहिनी छोरीलाई राज्यबाट निष्कशन गर्न राजालाई दिएको दवावअनुरूप निष्काशित भएका ती राजकुमार राजकुमारीहरू उत्तरतिर रहेको वर्तमान बाँडगङ्गा वा प्राचीन वनगङ्गा नदीको किनारमा आइपुग्दा कपिल नामका ऋषिसँग उनीहरूको भेट भएको थियो (पौडेल र मल्ल, २०५४ वि.सं., पृ. २) । ऋषि कपिलकै सल्लाह र सुझवका आधारमा उनीहरूले त्यही क्षेत्रमा नयाँ बस्ती बसाएर एउटा राज्य स्थापना गरेका थिए । ऋषि कपिलको सुझावका आधारमा नयाँ राज्य स्थापना गरिएको हुनाले त्यसको नाम 'कपिलवस्तु' रहन गएको थियो । ऋषि कपिलकै सल्लाहअनुरूप तिनीहरूमध्येका जेठा अल्लामुख त्यस राज्यका प्रथम राजा भएका थिए (रिजाल, २०३६ वि.सं., पृ. १-२) । कुनै ठाउँमा सबै दाजुभाइको सयुक्त शासन कायम भएको धारणा पनि पाइन्छ । तथापि त्यो सत्य देखिदैन ।

कपिलवस्तु राज्य स्थापना गरेपछि ती राजकुमार र राजकुमारीहरूकै बीचमा विवाह भएको थियो । जेठी राजकुमारी प्रिया भने अविवाहित रही राजमाताको पद्वी लिएर बसेकी थिइन् । पछि ती राजमातालाई सेतो कोर (White Leprosy) रोग लागेर जङ्गलमा गएर बसेकी थिइन् । त्यही समयमा वनारसका राजा रामलाई पनि त्यही रोग लागेर त्यही जङ्गलमा आएर बसेका थिए । त्यसैक्रममा ती दुवैजनाको आपसमा भेट भएको थियो । उनीहरू 'कोलन' नामको जङ्गली रूखको छहारीमा बस्दैगर्दा दुवै जनाको रोग निको हुनगएको थियो । पछि त्यही 'कोलन' शब्दका आधारमा त्यस राज्यको नामसमेत 'कोलीय' रहन गएको थियो (रिजाल, २०३६ वि.सं., पृ. १-२) । त्यस ठाउँमा ती बनारस राज्यका राजा राम र कपिलवस्तुकी राजमाता प्रियाले एकापसमा विवाह गरेका र 'कोलीयनगर' नामको सहर बसालेका थिए (प्रधान, १९७८ ई., पृ. ८) । त्यही राज्य पछि रामग्राम राज्यको नामले पनि चिनिएको पाइन्छ ।

कपिल मुनीको सुझावका आधारमा स्थापित कपिलवस्तु राज्यको राजकुलमा पछि शुद्धोधन नामका व्यक्ति राजा भएका थिए । तिनै शुद्धोधनका छोरा सिद्धार्थ गौतम थिए । सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरेपछि 'बुद्ध' को नामले संसार प्रसिद्ध भएका थिए । तिनै बुद्ध जीवित छँदै कोशल राज्यका राजा विरूद्धकले कपिलवस्तु राज्यमा आक्रमण गरी ठूलो नरसंहार गरेका थिए । राजा विरूद्धकले कब्जामा लिएपछि त्यो कपिलवस्तु राज्यको अन्त्य भएको थियो (फुहरर, १९७२ ई., पृ. ४२) । त्यसको केही समयपछि मगध राज्यका राजा अजातशत्रुले कोशल राज्यमा आक्रमण गरी विजय प्राप्त गरेपछि कोशल राज्य र कपिलवस्तु राज्य दुवै मगध राज्यको अधीनस्थ हुन पुगेका थिए । ई. पू. २४५ मा मौर्य सम्राट अशोक लुम्बिनी आउँदा त्यो क्षेत्र मौर्य सम्राटकै अधीनमा रहेको थियो (लेन्डन, २००१ ई., पृ. १३) । स्तम्भ निर्माण गरी अभिलेख लेखाएका आधारमा त्यो राज्य सम्राट अशोककै अधिनमा भएको भनिए पनि किटानसाथ उल्लेख गर्न सक्ने अन्य आधारहरू भने प्राप्त हुन सकेका छैनन् ।

मौर्यसम्राट अशोकले स्थापना गरेको लुम्बिनीको अशोक स्तम्भमा कर्णाली प्रदेशका खसमल्ल राजा रिपुमल्लले पनि वि.सं.१३६९ मा एक अभिलेख लेखाएका थिए । त्यतिवेलासम्ममा प्राचीन कपिलवस्तु र रामग्राम राज्यको अधिकांश भाग त्यही खस राज्यको अधीनस्थ भइसकेको थियो (प्रधान, १९७८ ई., पृ. ५१) । भारतका प्राचीन राजपूत सेनवंशी राजाहरूले चित्तौडमा शासन गरेकाले उनीहरूलाई चित्तौडवंशी पनि भन्ने गरिन्थ्यो । चित्तौडका सेनवंशीहरूले पछि प्रयागमा आएर शासन गरेका थिए । प्रयागमा शासन गरिरहेका बेला तुथासेनको शासनकालमा मुस्लिम शासकले त्यहाँ पनि आक्रमण गरेका थिए । मोहन प्रसाद खनालले भने तुथा सेनको ठाउँमा तुथाराय भनी उल्लेख गरेका छन् (खनाल, २०५६ वि.सं., पृ. ९-१०) । राज्य गुमाएपछि तुथा सेनले रिडिमा आएर तपस्या गरेको कुरा उल्लेख गरिएको पाइन्छ । भवदत्त सेन वंशावलीमा चित्तौडका राजा रत्न सेनका नाती तुथा राय रिब्दीकोटमा आई तपस्या गरेपछि त्यहीँका राजा भए र तिनका ८ पुस्तापछि रुद्र सेनले पाल्पामा राजधानी कायम गरेको कुरा उल्लेख गरिएको छ (राजवंशी, २०२० वि.सं., पृ. ३५-४०) । मुस्लिम आक्रमणबाट प्रयाग राज्य जोगाउन नसकेपछि तुथा सेन वा रायले आफ्नो राज्य छोडेर उत्तरको चम्पारन भन्ने ठाउँमा आएर एउटा नयाँ राज्य खडा गरेका थिए । त्यो राज्य प्राचीन कपिलवस्तु, देवदहलगायत बुटवलदेखि रिब्दीकोटको पहाडसम्म फैलिएको थियो । त्यो रिब्दीकोट पहाड र तराईको मिश्रित राज्य थियो । त्यही बेला पश्चिम जुम्लाको खसराज्य कमजोर भएको अवसर पारेर सेनहरूले यसरी नयाँ राज्य खडा गरेका थिए (आचार्य, २०२४ वि.सं., पृ. ६) । त्यही ठाउँ पछि गएर पाल्पा राज्यको एउटा प्रमुख अङ्ग बन्न पुगेको थियो (खनाल, २०६१ वि.सं., पृ. १२-१३) । यो रिब्दीकोट राज्यको राजधानी पछि रूद्र सेनको शासनकालमा पाल्पामा सारिएको थियो । यसरी

नेपालको पश्चिम तराईका कपिलवस्तु, देवदहलगायतका क्षेत्रहरू मध्यकालमा पहाडी राज्यको अधीनस्थ बन्न पुगेको देखिन्छ ।

नेपालको पूर्वीतराईको मकवानपुर क्षेत्रमा सेन राज्य खडा भएपछि मध्यकालको सिम्रौनगढ राज्यका धेरैजसो भाग त्यही राज्यमा समेटिएका थिए । विजयपुरमा कोच वंशको शासन चलिरहेको समयमा बङ्गालका नवावले आक्रमण गरी त्यस राज्यका केही भागमाथि विजय गरेपछि कोच राज्यले वङ्गाललाई कर तिर्दै आएको थियो । त्यो राज्यमाथि लोहाङ सेनले आधिपत्यता कायम गरेपछि सुरु भएको सीमाविवाद अङ्ग्रेजले नेपालमा आक्रमण गर्दासम्म पनि कायमै थियो (प्रधान, १९७८ ई., पृ. ७८-८१) । यसरी क्रमशः नेपालको तराई क्षेत्रका सबैजसो भागहरू पहाडी राज्यहरूको अधीनस्थ हुँदै गएका थिए । पूर्वको विजयपुर राज्यअन्तर्गत मोरङदेखि झापासम्मको तराई प्रदेश; चौदण्डी राज्यअन्तर्गत सिराहा, सप्तरी, अम्बरपुर क्षेत्रको तराई प्रदेश, खस राज्य टुक्रिएपछि पाल्पा राज्यअन्तर्गत कपिलवस्तु, नवलपरासी क्षेत्रको तराई प्रदेश; तनहुँ राज्यअन्तर्गत चितवन क्षेत्रको तराई प्रदेश रहन गएको देखिन्छ ।

खस राज्य पूर्वमा त्रिशुली नदी, पश्चिममा गढवाल, उत्तरमा मानसरोवर र दक्षिणमा तराई क्षेत्रसम्म फैलिएका बेला पश्चिम तराईका बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, दाङ, कपिलवस्तु, नवलपरासी जस्ता ठाउँहरू त्यही राज्यको अधीनस्थ हुन गएका थिए (वैद्य, मानन्धर र जोशी, १९९३ ई., पृ. ११) । पछि यो राज्य कमजोर हुँदै गएर बाइसे-चौबीसे राज्यहरूमा विभाजन भएपछि पश्चिम तराईका भागहरू बाँके र बर्दिया दैलेख राज्यअन्तर्गत, कैलाली र कञ्चनपुर डोटी राज्यअन्तर्गत हुनगएका थिए भने दाङ क्षेत्रमा एउटा छुट्टै राज्य खडा भएको थियो । त्यो दाङ उपत्यका पृथ्वीनारायण शाहले आफ्नी छोरी विलास कुमारीको विवाह सल्यानका युवराज रणभीम शाहसँग गरिदिंदा छिल्ली, दाङ र देउखुरीसमेत उनले छोरी विलासकुमारीलाई दाइजोका रुपमा सङ्कल्प गरेर दिएका थिए (गुरुङ, २०४१ वि.सं., पृ. २०) । पछि बहादुर शाहको नायवीकाल वा वि.सं.१८४३ को कार्तिक महिनामा पश्चिम नेपालको एकीकरणका क्रममा दामोदर पाण्डे र जगजित पाण्डेको नेतृत्वमा गएको नेपाली सेनाले दाङ राज्यमाथि विजय प्राप्त गरेपछि पूर्वप्रतिज्ञा बमोजिम वि.सं.१८६१ मा दाङ-देउखुरी सल्यान राज्यलाई हस्तान्तरण गरेपछि त्यो तराई क्षेत्र पनि केही समयमसम्म सल्यान राज्यअन्तर्गत रहन गएको थियो (अधिकारी, २०६० वि.सं., पृ. २४१) । सल्यान राज्य नेपालमा समाहित भएपछि भने त्यो क्षेत्र स्वतः एकीकृत नेपालको अधीनस्थ हुन आएको देखिन्छ ।

### ४.२.२ नेपालको तराई क्षेत्रको जातीय संरचना

नेपालको तराई क्षेत्रको समाज केही जटिल सामाजिक संरचनामा आधारित रहेको पाइन्छ । पहाडी क्षेत्रको समाजभन्दा तराईको समाज भाषिक, सांस्कृतिक, सामाजिक, तथा वेशभूषाका आधारमा समेत फरक रहँदै आएको छ । क्षेत्रफलको हिसावले सानो भए पनि विविधताको दृष्टिले यो क्षेत्र निकै अगाडि रहेको छ । नेपालको तराईमा थारु, धिमाल, दनुवार, राजवंशी(कोचे), झाँगड, ताजपुरिया, गनगाई, कुशवाडिया, धानुक, मेचे(वोडो), सतार(सन्थाल), कुमाल जस्ता जनजातिका मानिसहरू पनि धेरै पहिलेदेखि नै बसोबास गर्दै आएका छन् (चौधरी, २०६४ वि.सं., पृ. ६३-६४) । यस क्षेत्रमा बोलिने प्रमुख भाषाहरू मैथिली, भोजपुरी, अवधी, थारू, राजबंशी, बंगाली आदि हुन् । आदिबासी तथा जनजातिका साथै यस क्षेत्रमा हिन्दू धर्मावलम्बीहरूको पनि प्रसस्त बस्ती रहेको छ । यसका अतिरिक्त बौद्ध, इस्लाम, शिख, इसाई, तथा प्राकृतिक धर्म मान्ने मानिसहरू पनि नेपालको तराई क्षेत्रमा बस्दै आएका छन् (चौधरी, २०११ ई., पृ. ४) । यसका आधारमा तराईको नेपाली समाज विगत लामो समयदेखि नै मिश्रित अवस्थामा विकसित हुँदै आएको देखिन्छ ।

नेपालको हिमाली क्षेत्र, पहाडी क्षेत्र, काठमाडौं उपत्यका र तराईमा बसोबास गर्ने मनिसहरूका बीचमा शारीरिक, भौतिक, सामाजिक, सांस्कृतिक भिन्नताहरू रहेका छन् । फरकफरक प्रजाति र नश्लका आधारमा पनि नेपालमा बसोबास गर्ने मानिसहरूका बीचमा भिन्नताहरू रहेको पाइन्छ । खस, नेवार, आदिवासी तथा जनजाति र तराईबासीहरूमा स्थान र वातावरणका कारण पनि शारीरिक स्वरुपमा भिन्नता देखिन्छ । नेपालको जातीय संरचनाको अध्ययन गर्दा हिन्दू धर्मअन्तर्गतका जातजातिहरूलाई प्राचीनकालदेखि नै वर्ण व्यवस्थाका आधारमा विभाजन गर्ने गरिएको पाइन्छ (चौधरी, २०६५ वि.सं., पृ. ३७) । यहाँ प्राचीनकाल भन्नाले भारतमा आर्यहरूले ऋग्वेदको रचना गरेको काललाई इङ्गित गर्न खोजिएको हो ।

प्राचीन, मध्य र आधुनिक कालमा समेत नेपालको तराई क्षेत्रबाट मानिसहरू विभिन्न पहाडी क्षेत्र र काठमाडौं उपत्यकामा आएर बस्ती बसाल्ने गरेका थिए । समयक्रमसँगै पहाडी क्षेत्रबाट तराईमा बसाई सरेर जाने प्रचलन केही मात्रामा राणाकालमा भए पनि खासगरी वि.सं.२००७ सालभन्दा पछाडि यो क्रममा तीब्रता आएको थियो । नेपालको पहाडी र हिमाली क्षेत्रबाट तराईमा बसाइँ सराई हुनुमा औलो नियन्त्रण एक प्रमुख कारण थियो । औलो नियन्त्रण पछि तराईमा पुनर्वासको व्यवस्था गरिएको थियो । त्यसका अतिरिक्त तराईमा बसाइँ सराई हुने अन्य कारणहरू सुविधायुक्त बसोबास, प्रसस्त खेतीयोग्य जमिन, राम्रो खाद्यान्न उत्पादन, सडक सुविधा, उद्योगधन्दामा काम गर्न पाइने अवसर, कृषि रोजगारको व्यवस्था आदि थिए (गुरुङ,

१९९५ ई., पृ. १५३-१५५) । यस सम्बन्धमा ऋषिकेशवराज रेग्मीले नेपालको तराईमा बसाइँसराईको चाप बढ्नाका कारणमा समथर जमिन, यातायातमा सहजता, भारतबाट आउनजान सहज हुनाका साथै खुला सिमाना, मानिसहरूको घनत्व कम, सांस्कृतिक निकटता भएकाले त्यो ठाउँ 'ग्रीन बास्केट' का रुपमा रहेको उल्लेख गरेका छन् । उनले नेपालको तराईमा वि.स.१९१४ मा मात्र भारतबाट १६००० मानिसहरू बसाइँ सरेको उल्लेख गरेका छन् । उनले बसाइँ सराइको खास कारण 'पुस' र 'पुल' नीतिलाई मानेका छन् (१९९९ ई., पृ. ४३-४४) । खासगरी सहज जीवन जीउँने आधार बढ्दै गएका कारण नेपालको तराईमा तीव्र गतिले मानव बस्ती विस्तार भएको देखिन्छ ।

राणा प्रधानमन्त्री जङ्गबहादुरले बनाएको मुलुकी ऐनमा भारतीयहरूले नेपालमा जग्गाजमिन किनबेच गर्न पाउने व्यवस्था गरिएको हुनाले भारतमा सेवा निवृत्त भएका मानिसहरूले नेपालको तराई क्षेत्रमा जमिन किनेर बस्न थालेका थिए । भारतमा विद्रोह भएका बेला ३०/३५ हजारजति मानिसहरू नेपालको तराई क्षेत्रमा आएर बसोबास गरेका थिए (श्रेष्ठ, २०६१ वि.सं., पृ. २४) । त्यतिबेला भारतका उद्योगपतिहरूले त्यहाँ लगानी सुरक्षित नहुने देखेपछि नेपालमा आएर उद्योगधन्दाहरू सञ्चालन गर्न थालेका थिए । त्यो समयमा भारतमा अङ्ग्रेज विरोधी आन्दोलन अगाडि बढिरहेको थियो । त्यसरी बसोबास गर्दै जाँदा पछि ती मानिसहरू नै नेपालको तराईका बासिन्दा बन्न पुगेका थिए । भारतमा मुस्लिम आक्रमण भएपछि पनि त्यहाँबाट धेरै हिन्दूहरूले नेपालमा शरण लिएका थिए । वि.सं.१३६० मा मुस्लिम शासक अलाउद्दीन खिलजीले राजपुतनामा आक्रमण गरेपछि सयौंको सङ्ख्यामा राजपुतहरू नेपाल पसेका थिए (त्यागी, १९७४ ई., पृ. ३८) । राणाकालमा तराईमा वि.सं.१९०३-८ तिर नारायणी नदीभन्दा पूर्व र मेची नदीभन्दा पश्चिममा कुनै पनि मानिसले जग्गा कमाएवापत पहिलो १० वर्षसम्म कुनै कर तिर्न नपर्ने र प्रति ११ बिघा जग्गा आवाद गरेवापत १ बिघा जग्गा विर्ताका रुपमा दिने व्यवस्था गरिएको हुँदा त्यतिबेला तराईमा बसाइँ सराईले तिव्रता पाएको थियो (चौधरी, २०६४ वि.सं., पृ. ६८) । प्राचीनकालमा कोलीय, शाक्य, आभिर, नागजस्ता जातिहरू काठमाडौं उपत्यकामा समेत आएर बसेको हुँदा तराईमा पनि उनीहरूको बस्ती पछिसम्म कायम रहेको थियो (वैद्य, मानन्धर र जोशी, १९९३ ई., पृ. ४-६) । यसले गर्दा नेपालको तराई क्षेत्रको जातीय संरचना एक भिन्न र मौलिक स्वरुपको बन्न पुगेको देखिन्छ ।

मध्यकालमा पूर्वी तराईको सिम्रौनगढ राज्यमा मुस्लिम आक्रमण भएपछि केही मानिसहरू त्यहाँबाट बसाइँ सरेर दोलखा, काठमाडौंलगायतका पहाडी क्षेत्रमा आएर बसोबास गरेका थिए । यो बसाइँ सर्ने कार्य प्राचीनकालमा तराईबाट पहाड र आधुनिककालमा पहाडबाट तराईमा बढी हुनेगरेका कारण यसले नेपालको सामाजिक संरचनामा प्रसस्त प्रभाव पार्ने गरेको

पाइन्छ । समथर जमिन, खेतियोग्य मलिलो माटो, सिँचाईका लागि प्रसस्त पानीका स्रोतहरू भएका कारण प्राचीनकालदेखि नै नेपालको तराई क्षेत्रमा मानव बस्ती रहँदै आएको पाइन्छ । प्राचीनकालको नेपालको तराई क्षेत्रको जातीय संरचनाको विषय सामान्यतः खोजिकै विषय भए पनि प्रमुख रूपमा पूर्वी तराईमा सनातन हिन्दू धर्मावलम्बी आर्यवर्णका मैथिली भाषी जातिहरूको बस्ती रहेको देखिन्छ । त्यसै गरी पश्चिमी तराईमा रहेका कोशल, कपिलवस्तु जस्ता राज्यहरूमा शाक्य, कोलीय, बज्जीजस्ता जातिहरूका मानिसहरूको बस्ती रहेका प्रमाणहरू पाइन्छन् (वैद्य, मानन्धर र जोशी, १९९३ ई., पृ. ६७) । यसका आधारमा नेपालको तराईको समाज प्राचीनकालदेखि नै विविधताका आधारमा विकसित भएको देखिन्छ ।

नेपालको तराई क्षेत्रमा भारतबाट बसाइँ सरेर धेरै पहिले वा पछि आएका भएपनि उनीहरूलाई मधेशी मूलका नै भन्ने गरिएको पाइन्छ । ऐतिहासिक तथा प्रागऐतिहासिक कालखण्डलाई केलाउने हो भने मध्यदेश भारतको जम्वुद्वीपको मध्यभागमा पर्दथ्यो । त्यो क्षेत्र हिमालयदेखि दक्षिण, मध्यमाञ्चल पर्वतदेखि उत्तर, कुरूक्षेत्रदेखि पूर्व र प्रयागदेखि पश्चिममा फैलिएर रहेको थियो (नेपाल, २०६९ वि.सं., पृ. १०) । भारत स्वतन्त्रतापछि त्यो क्षेत्र विभिन्न राज्यहरूमा रूपान्तर हुन पुगेको थियो । बुद्धकालतिर पनि भारतमा रहेको 'मध्येदेश' का बासिन्दाका विषयमा ठाउँठाउँमा उल्लेख गरिएको पाइन्छ (दत्त, १९६८ ई., पृ. २१४) । भारतको मध्यदेशबाट नेपालको तराई क्षेत्रसम्म फैलिएका कारण त्यहाँका मनिसहरूलाई मधेशी पनि भन्ने गरिन्छ । वि.सं.२०२४-२५ कै दशकतिर पनि नेपालको तराईमा हिन्दू धर्म मान्ने विभिन्न जातजातिहरूको सङ्ख्या ५९ हुँदा पहाडी क्षेत्रमा त्यस्ता जातिहरूको सङ्ख्या मात्र एकदर्जन जति रहेको थियो (गेज, २००९ ई., पृ. १९-२०) । यसो हुनुको कारण भारतबाट धेरै जातजातिका मानिसहरू पटकपटक गरी नेपालको तराई क्षेत्रमा बसाइँ सराई गरी आउनु हो ।

नेपालको तराई क्षेत्रमा केही पेशागत जातजातिका अतिरिक्त, दलित समुदायअन्तर्गत पर्ने जातजातिहरू, आदिवासी तथा जनजातिहरूका साथै मुसलमान, जैन, क्रिश्चियन, शिख, बंगाली जस्ता भिन्न धार्मिक समूहका मानिसहरू पनि बस्ने गर्दछन् । वर्ण व्यवस्थाको कुरा ऋग्वेदको दशौं मण्डलमा गरिएको भएपनि जाति व्यवस्थाको कुरा भने त्यहाँ उल्लेख गरिएको पाइदैन । तथापि आर्यहरूले भारतमा साम्राज्य विस्तार गर्ने क्रममा ई.पू.८०० भन्दा पछि फलामको, तामाको, सुनको काम गर्ने, कार्पेन्टर, वार्वर जस्ता प्राविधिक काम वा फरकफरक व्यवसाय अगाल्ने मानिसहरू देखिदै गएका थिए (डेभिस, १९६८ ई., पृ. ७९) । त्यसपछि मात्र भिन्न व्यवसाय, गुण, रङ्ग, क्षमता आदिका आधरमा भारतमा जाति व्यवस्था विकसित हुँदै गएको पाइन्छ ।

यो वर्ण व्यवस्था मानवीय जीवनका अति आवश्यकीय आधारहरू ज्ञान, रक्षा, जीविका र सेवाका आधारमा तयार पारिएको थियो (क्षेत्री र खतिवडा, २०५४ वि.सं., पृ. २०१) । ज्ञान आर्जन गर्ने, गराउने वर्गका मानिसहरू ब्राह्मण, सबैलाई सुरक्षाको अनुभुति गराउने, शासन गर्ने र अन्य रक्षासम्बन्धी काम गर्नेहरू क्षेत्रीय, उद्योग, कलाकौशल तथा आपूर्तिसम्बन्धी काम गर्ने, व्यापार गरी सबैलाई सेवा पुऱ्याउने मानिसहरू वैश्य र प्राविधिक, सेवामुखी कामगर्नेहरूलाई शूद्र वर्णमा राखेर विभाजन गरिएको थियो (बराल, २०५० वि.सं., पृ. ८) । ऋग्वैदिककालभन्दा पछाडि क्रमशः अनार्य र युद्धमा पराजित भएका मानिसहरूलाई पनि शूद्र वर्णमा समावेश गर्दै गएर उत्तरवैदिककालको अन्त्यपछि शूद्र वर्णका मानिसहरूमाथि अछूतको व्यवहार गर्न थालिएको थियो (बनर्जी, १९८५ ई., पृ. ६२-६८) । नेपालको तराई क्षेत्रमा वर्तमान समयमा त्यही वर्ण व्यवस्थाका आधारमा विभाजित सबै वर्ण र त्यसअन्तर्गत पर्ने विभिन्न जातजातिका मानिसहरूको बस्ती रहँदै आएको पाइन्छ । तराई क्षेत्रमा रहेका केही पेसागत जातिहरूको वर्णका सम्बन्धमा सामान्य विवादहरूसमेत रहेको छ । त्यस्तै वर्ण व्यवस्थाका आधारमा शूद्र वर्णमा पर्ने दलित समुदायका मानिसहरूमध्ये चिडिमार पनि तराईको एक जाति रहेको पाइएको छ ।

## ४.३ बाँके जिल्लाको परिचय

मध्य-पश्चिमाञ्चल विकासक्षेत्रको भेरी अञ्चलमा रहेका जिल्लाहरूमध्ये बाँके जिल्ला पनि एक हो । यो जिल्ला नेपालको पश्चिमी तराई क्षेत्रमा अवस्थित छ । यस जिल्लाको उत्तरमा चुरे पहाडसँगै सल्यान, बर्दिया र दाङ जिल्लाहरू, पूर्वमा दाङ र भारतको उत्तर प्रदेशको बहराइच जिल्लाको केही भाग, दक्षिणमा भारतको उत्तरप्रदेशको श्राबस्ती जिल्ला तथा पश्चिममा बर्दिया जिल्ला रहेका छन् (कँडेल, २०१० ई., पृ. ४९) । यस जिल्लाको पूर्व-पश्चिम लम्बाई सरदर ८४ किलोमिटर रहेको छ भने उत्तर दक्षिण चौडाई सरदर ४० किलोमिटर रहेको छ (शाखा तथ्याङ्क कार्यालय बाँके, २०६६ वि.सं., पृ. १) । यस जिल्लाको भौगोलिक बनावटअनुसार चिसापानी, महादेव पोखरी, कचनापुर, वैजापुर, फत्तेपुर जस्ता समथर जमिन भएका क्षेत्रहरू समुद्र सतहदेखि १२७.५ मिटरदेखि ६१० मिटरसम्म रहेका छन् भने यस बाँके जिल्लाको उत्तरमा रहेका लिकानालेक, कन्याडाँडा, हात्तीसार, देउराली डाँडा तथा गाईलेकका मुख्य पर्वत श्रृङ्खलाहरू १२९० मिटरसम्मको उचाइमा रहेका छन् । ती पहाडी लेकका भागहरू प्रायःजसो जङ्गलले ढाकिएका छन् । बाँके जिल्लाको सदरमुकाम नेपालगन्ज नगरपालिकामा रहेको छ । यस नगरपालिकाको उचाई समुद्र सतहदेखि सरदर १८३ मिटर रहेको छ (प्रसाई,

२०६४ वि.सं., पृ. १५) । उचाइका आधारमा यहाँको हावापानी उष्णदेखि समशितोष्णसम्म रहेको पाइन्छ ।

बाँके जिल्लाको कुल क्षेत्रफल २३३७ वर्ग किलोमिटर रहेको छ (पौडेल र अरुअरु, २०१३ ई., पृ. ८३१) । मध्येपश्चिमाञ्चल विकासक्षेत्रको दक्षिणी भागमा अवस्थित बाँके जिल्ला २७° ५१″ उत्तरी अक्षांशदेखि २८° २०″ उत्तरी अक्षांशसम्म र ८१° २९″ पूर्वी देशान्तरदेखि ८२° ८″ पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ (भुसाल र अरुअरु, २०१३ ई., पृ. ८३२-३४) । आर्थिक, भौतिक, शैक्षिक तथा स्वास्थ्यका दृष्टिले सुविधा सम्पन्न मानिएको यस बाँके जिल्लालाई मध्यपश्चिम नेपालको राजधानी पनि भन्ने गरिन्छ । यस जिल्लाको प्रमुख आर्थिक आधार भने कृषि नै रहेको छ । यस जिल्लाको कुल जमिनमध्ये २५ प्रतिशत भाग कृषि क्षेत्रले ओगटेको छ । पश्चिम नेपालकै मुख्य द्वार भएका कारण यस जिल्लामा उद्योग र व्यापारको पनि राम्रो अवस्था रहेको छ । बाँके जिल्लामा करिव १०० वटा ठूला उद्योगहरू अहिले पनि सञ्चालनमा रहेका पाइन्छन् । यस जिल्लामा राप्ती, मान, किरिन, डुडवा जस्ता सानाठूला नदीनालाहरू रहेको भए पनि जिल्लामा रहेको कुल कृषि योग्य जमिनको १४ प्रतिशत भागमा मात्र सिँचाइको सुविधा पुगेको पाइन्छ ।

बाँके जिल्लाको धेरैजसो भाग तराई क्षेत्रमा पर्दछ । यस जिल्लामा ठाउँठाउँमा धापिला जग्गाहरू पनि रहेका छन् । बाँके जिल्लाको सदरमुकाम नेपालगन्ज नगरपालिका भारतीय सिमानाको नजिकमा रहेको सहर हो । यो पश्चिम नेपालकै एउटा महत्वपूण सहर मानिन्छ । बाँके जिल्लामा धान, गहुँ, मकै, रहर, चना, आलुजस्ता अन्नबाली र फलफूलहरूको राम्रो उब्जनी हुने गर्दछ । त्यसैले यस जिल्लालाई अन्नको भन्डार पनि भन्ने गरिन्छ । यस जिल्लामा सामान्यतः उष्ण हावापानी रहेका कारण गर्मी मौसममा भारतको थार प्रदेशबाट आउने 'राँके (लु)' नामको तातो हावा चल्दछ (सूचना विभाग, २०३१ वि.सं., पृ. ६४९-५६) । नेपालको पश्चिमी क्षेत्रमा पर्ने हुनाले बाँके जिल्लामा अन्य तराईका जिल्लाहरूको तुलनामा कम पानी पर्दछ । यस जिल्लामा चित्तल, मृग, बनेल, चितुवा जस्ता जङ्गली जनावरहरू र मयुर, धनेश, लुइँचे, कालिज, पानीहाँस जस्ता चराचुरुङ्गीहरू पनि प्रसस्त पाइन्छन् ।

वि.सं.२०६८ सालमा भएको जनगणनाअनुसार नेपालमा रहेको कुल जनसङ्ख्या २,६४,९४,५०४ मध्ये बाँके जिल्लामा ४,९१,३१३ जनसङ्ख्या, ९४,७७३ परिवार सङ्ख्या र ८३,४३० घरधुरी सङ्ख्या रहेको छ । जसमा पुरूषको सङ्ख्या २,४४,२५५ र महिलाको सङ्ख्या २,४७,०५८ रहेको छ (पौडेल र अरुअरु, २०१३ ई., पृ. ८३२-३४) । उक्त जिल्लामा औसत परिवार सङ्ख्या ५.१८ रहेको पाइन्छ । जनघनत्वको हिसावले २१० प्रतिवर्गकिलोमिटर रहेको यस बाँके जिल्लामा वार्षिक जनसङ्ख्या बृद्धिदर भने २.४२ प्रतिशत रहेको छ । यस जिल्लामा

नेपालको कुल जनसङ्ख्याको १.८५ प्रतिशत मानिसहरू बसोबास गर्दछन् । जसमध्ये हिन्दू धर्म मान्ने ३८५२८०, बौद्ध  धर्म मान्ने ५५९९, इस्लाम धर्म मान्ने ९३२६३, किराँत १४८, क्रिस्चियन ६४६६, शिख ३९, जैन ५०, वाही ७ र अन्य ४६१ रहेका छन् (केन्द्रीय तत्थ्याङ्क विभाग, २०६९ वि.सं., पृ. १४) ।

४४ वटा गाउँविकास समिति र दुईवटा नगरपालिका रहेको बाँके जिल्लामा ११ वटा गाउँविकास समितिहरू आंशिक रूपमा चुरे तथा भावर क्षेत्रसँग जोडिएका छन् । अरू सबै गाउँविकास समिति र नगरपालिकाहरू भने पूर्ण रूपले तराई क्षेत्रमा पर्दछन् (सिग्देल, २०६८ वि.सं., पृ. ५५) । वि.सं.१८७१-७२ का बीचमा भएको नेपाल भारत युद्ध र सुगौली सन्धिपछि पश्चिम नेपालको तराईका जिल्लाहरू भारतको अधीनस्थ रहँदै आएका थिए । पछि वि.सं.१९१४ मा भारतको अवध प्रान्तमा लखनऊकी वेगम हजरत महलको नेतृत्वमा अङ्ग्रेजी साम्राज्यका बिरूद्धमा भएको बिद्रोह दवाउन नेपालका तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणा आफैले सेनाको नेतृत्व गरी त्यहाँ उपस्थित भएका थिए । उनीले बडो बहादुरीका साथ लखनऊको विद्रोहलाई दमन गर्न सफल भएका थिए । त्यसबाट तत्कालीन भारतका गभर्नर जनरल क्यानिङ्ग निकै प्रभावित भएपछि कम्पनी सरकारलेसुगौली सन्धिका आधारमा (वि.सं.१८७२) नेपालबाट लिएका राप्तीदेखि महाकाली नदीसम्मका तराई प्रदेशका भागहरू वि.सं.१९१७  पुनः नेपाललाई नै फिर्ता दिएको थियो । अहिले त्यस क्षेत्रमा नेपालका बाँके, बर्दिया, कैलाली र कन्चनपुर गरी चारवटा जिल्लाहरू रहेका छन् । पछि प्राप्त भएका कारण ती चारवटा जिल्लाहरूलाई अहिलेसम्म पनि नेपालमा नयाँ मुलुक भन्ने प्रचलन रहँदै आएको छ (गुप्त, २०६४ वि.सं., पृ. ५१) । यसका आधारमा बाँके जिल्ला पनि नयाँ मुलुकमा नै रहेको देखिन्छ ।

वर्तमान नेपालको पश्चिम तराईमा रहेको बाँके जिल्ला नेपालको एकीकरण हुनुभन्दा अगाडि दैलेख राज्यअन्तर्गत थियो (सुवेदी, २०५४ वि.सं., पृ. ३७९) । राजा कर्ण सिंह रावलको शासनकालमा यो राज्य निकै विस्तारित र शक्तिशाली भएको थियो । दैलेख राज्य जुम्ला र सुर्खेतको बीचमा पर्दथ्यो । त्यो राज्य तराई क्षेत्रसम्म विस्तारित भएको थियो (सुवेदी, २०५५ वि.सं., पृ. ७६-७७) । जुम्लामा खस राजाहरूले शासन गरिरहेका बेला दैलेख, दुल्लुलगायतका श्रीपाली राज्यका केही भागमा रावलहरू प्रान्तीय मण्डलेश्वर भएर रहेका थिए । वि.सं.१४३३ पछि अभयमल्लको शासनकालमा ती सामन्तहरूले विद्रोह गरेपछि जुम्लाको श्रीपाली साम्राज्य स-साना रजौटाहरूमा विभक्त हुन पुगेको थियो । वि.सं.१४३३ देखि १४६० सम्म जुम्ला साम्राज्यमा सत्तासंघर्ष चलिरहेका बेला विद्रोहबाट लखेटिएका कर्ण सिंह रावल त्यहाँबाट तराई क्षेत्रमा आई वर्तमान बाँके जिल्लामा पर्ने मानखोलाको किनारमा वर्तमानमा जब्दहवा भनिने ठाउँमा एक किल्ला निर्माण गरेर बसेका थिए । त्यतिबेला त्यस क्षेत्रमा थारू जातिका

मानिसहरूको मात्र बस्ती रहेको थियो । तिनै थारूहरूलाई संगठित पारेर कर्ण सिंह रावलले आफ्ना नीजि सेनासमेत निर्माण गरी एउटा ठकुराई राज्यजस्तो कायम गरेका थिए (रेग्मी, २०६४ वि.सं., पृ. ३) । विद्रोहका बेला कर्णशाही भागेर तराईमा पुगेको कुरा सूर्यमणि अधिकारीले पनि उल्लेख गरेका छन् (२०६० वि.सं., पृ. २०९) । उनको नाम कतै कर्ण शाही र कतै कर्ण सिंह रावल भनी उल्लेख गरिएको पाइन्छ । घटनाक्रमलाई आधार मान्दा कर्ण शाही र कर्णसिंह रावल एउटै व्यक्ति हुनु पर्ने देखिन्छ ।

सानसौकात र धाकरवाफका साथ बाँके जिल्लामा पर्ने जब्दहवा भन्ने ठाउँमा बसेका कर्ण सिंह रावलले एकदिन आफ्ना सेनाका साथ दक्षिणी भेकतिर शिकार गर्न गएका बेला जङ्गलको बीचमा एउटा तलाउ र तलाउको छेउमा एउटा ढिस्को देखेछन् । त्यस ढिस्कोमा एउटा काली गाईले दूधको धारा दिइरहेको दृष्य पनि देखेछन् । त्यस दृष्यबाट चकित भएर कर्ण सिंह रावल ढिस्को नजिकै गएर हेर्दा ढिस्कोको बीचमा एउटा खाडल देखेछन् । त्यस खाडलभित्र नियालेर हेर्दा एउटा कालो चिप्लो ढुङ्गा रहेको देखेछन् । त्यही ढुङ्गामा कपिला गाईले दूधको धारा दिएकी रहिछन् । त्यो दृष्य देखेपछि कर्ण सिंहले त्यसमाथि एउटा छाप्रो हाली मन्दिर बनाएछन् र प्रत्येक बडादसैँको नवरात्रीमा आफन्तहरूका साथ त्यहाँ गएर आद्यशक्तिको उपासना गर्न थालेछन् । त्यतिबेलासम्म पनि कर्ण सिंह रावलका छोरा बाँके सिंह रावल दैलेख राज्यमा नै थिए । आफ्ना बाबु फर्केर नआएका र बाँके रावल जवान भइसकेका कारण उनी आफ्ना बाबु कर्ण सिंह रावललाई खोज्न भनी जङ्गलको बाटो, औलोको कुनै प्रवाह नगरी केही दलवलका साथ तराई क्षेत्रमा झरेछन् । बाबुलाई खोज्दै बाँके सिंह रावल आफ्ना बाबुको राज्यमा आइपुग्दा कर्ण सिंह रावलको मृत्यु भइसकेको रहेछ । त्यहाँ आएपछि बाँके सिंह रावलले आफ्ना पिताले स्थापना गरेको जगन्माताको मन्दिरमा नयाँ किल्ला निर्माण गरी त्यस किल्लालाई 'बाँके किल्ला' नाम दिएछन् । त्यही बाँके किल्लाभित्रकी इश्वरी भएकोले ती देवीको नाम बाँकेश्वरी राखेछन् । त्यही ठाउँमा अहिले नेपालगन्ज सहरको बीचमा वागेश्वरी माताको विशाल मन्दिर कायम रहेको छ । यसरी बाँके किल्ला निर्माण गरेपछि त्यस वरिपरिका ठाउँलाई पनि बाँके नै भन्न थालियो र पछि गएर यस जिल्लाको नामसमेत बाँके रहन गएको मानिदै आएको छ (रेग्मी, २०६४ वि.सं., पृ. ३) । तर बाँके नामाकरणका सम्बन्धमा यही एउटा तर्क मात्र सर्वमान्य भएको भने मानिदैन । यस्ता अन्य तर्कहरू पनि रहेका पाइन्छन् ।

बाँके नामकरणकै सम्बन्धमा प्राप्त अर्को एक धारणानुसार नेपालको तराई क्षेत्र धेरै पहिलेदेखि औलोको प्रकोपले आक्रान्त थियो । त्यतिबेला वर्तमान बाँके जिल्लाको धेरैजसो भाग जङ्गलले ढाकिएको थियो । त्यस क्षेत्रबाट आवतजावत गर्ने मानिसहरू पनि औलोको आक्रमणबाट कमै मात्र बाँकी रहन्थे । बाँकी रहेकाहरू राप्ती नदीको कोठारमा बसोबास गरेका

थिए । त्यसरी बाँकी रहेका मानिसहरू बस्ने हुनाले त्यस स्थानको नामसमेत बाँकी रहन गएको थियो भने पछि त्यही शब्द अपभ्रंस हुँदा यस जिल्लाको नाम बाँके हुन गएको थियो (शाखा तथ्याङ्क कार्यालय बाँके, २०६६ वि.सं., पृ. १) । बाँके नामाकरणका सम्बन्धमा प्राप्त यो अर्को तर्क हो । यो तर्क पनि सर्वमान्य रहेको भने पाइदैन ।

बाँके नामाकरणकै सम्बन्धमा प्राप्त तेस्रो धारणानुसार सत्ययुगमा सतीदेवीको जिब्रो पतन भै त्यस ठाउँमा वाक्यश्वरी देवी उत्पन्न भै स्थापित हुँदा वाक्य वाक्य भन्दै जाँदा बाँके हुन गएको मानिन्छ (शाखा तथ्याङ्क कार्यालय बाँके, २०६६ वि.सं., पृ. १) । त्यसै गरी चौथो धारणाअनुसार परापूर्वकालदेखि नै त्यस क्षेत्रमा बसोबास गर्ने मानिसहरूले घामपानी, हावाहुरी तथा जङ्गली जनावरहरूको प्रकोपबाट बच्न वरिपरी घुमाएर बाँके निकालिएका घरहरू निर्माण गर्ने गर्दथे । त्यसरी धेरैजसो बाँके आकारका घरहरू रहेको बस्तीलाई बाँके बस्ती भनिन्थ्यो र पछि जिल्लाकै नामसमेत त्यही कारणले बाँके रहन गएको थियो (शाखा तथ्याङ्क कार्यालय बाँके, २०६६ वि.सं., पृ. १) । उपयुक्त धारणाहरूमध्ये पहिलो धारणालाई तर्कसङ्गत वा सत्यताको निकट रहेको मान्ने गरिएको छ । पश्चिम नेपालको इतिहासमा दैलेख राज्यको तराई क्षेत्रसँग राम्रो सम्बन्ध रहेको पाइएकाले पनि बाँके रावल त्यस ठाउँमा आएर बसेको र उनकै नामबाट बाँके जिल्लाको नामाकरण हुन सक्ने देखिन्छ । त्यतिबेला कम बस्ती रहेको त्यो तराई क्षेत्रमा बाँके रावलको धाकरवाफको चर्चापरिचर्चा निकै हुने गरेको र उनको प्रसस्ती निकै बढेपछि त्यस ठाउँलाई उनैको नामको आधारमा पुकार्ने गरिएको हुन सक्ने प्रमाणहरू अन्य प्रमाणभन्दा बलिया रहेको देखिन्छ ।

### ४.३.१ इतिहासमा बाँके जिल्ला

पश्चिम नेपालको बाँके जिल्ला नेपालको प्राचीनकालदेखिकै मानव बस्ती भएको जिल्ला हो । वि.सं.१९४७ मा विन्सेन्ट स्मिथले बाँके जिल्लामा अवस्थित राप्ती नदीको किनारमा रहेको कम्दीवालापुरमा उत्खनन् गर्दा बुद्धकालतिर त्यस क्षेत्रमा मानव बस्ती भएका प्रमाणहरू फेला परेका थिए । त्यसपछिको समयमा पनि सोनारतप्पा, बैजापुर जस्ता ठाउँहरूमा त्यस्ता अवशेषहरू फेला पर्दै गएका थिए (रेग्मी, २०६४ वि.सं., पृ. २) । यसका आधारमा बाँके प्राचीनकादेखिकै मानव बस्ती भएको जिल्लाका रुपमा चिनिदै आएको छ ।

पूर्वमध्यकालमा खसिया मल्लहरूले पूर्वमा त्रिशुली नदीदेखि पश्चिममा गढवालसम्म र उत्तरमा ताक्लाकोटदेखि दक्षिणमा तराई क्षेत्रसम्म आफ्नो राज्य बिस्तार गरेका थिए । कपिलवस्तु, रूपन्देही, दाङ, कैलाली जस्ता पश्चिमतराईका भागहरू पनि त्यही खस

राज्यअन्तर्गत पर्दथे । त्यसैले बाँके जिल्ला पनि त्यही राज्यअन्तर्गत रहेको मानिदै आएको छ (सूचना विभाग, २०३१ वि.सं., पृ. ६५८-५९) । १४औं शताब्दी पछि खस राज्यको पतन भई यस क्षेत्रमा बाइसे र गण्डकी प्रदेशमा चौबीसे राज्यको स्थापना भएको थियो । त्यतिबेला कैलालीको केही भाग अछाम राज्यअन्तर्गत र केही भाग डोटी राज्यअन्तर्गत रहेका थिए । बहादुर शाहको शासनकालमा भएको पश्चिम एकीकरण अभियान पछि त्यो क्षेत्र नेपाल राज्यमा समाहित हुन पुगेको थियो । वर्तमान बाँके जिल्ला रहेको क्षेत्रको सिमाना तत्कालीन भारतको अवध राज्यका नवाव बजीरको राज्यसँग जोडिएको थियो भने पछि त्यो राज्य अङ्ग्रेजको अधीनस्थ भएपछि त्यसको सीमाना पनि अङ्ग्रेज राज्यसँगै जोडिन पुगेको थियो । त्यस क्षेत्रमा नेपाल-भारत युद्धताका सिमानासम्बन्धी विवादहरू भने खासै भएको पाइदैन (सूचना विभाग, २०३१ वि.सं., पृ. ६५८-५९) । यसरी नेपालको पश्चिमी तराईका रूपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर क्षेत्रहरू पहिला खस राज्य, त्यसपछि बाइसे, चौबीसे राज्य र अन्ततः एकीकरण पछि नेपाल राज्यमा समाहित हुन पुगेको देखिन्छ ।

वि.सं.१८७२ मा भएको सुगौली सन्धिअनुसार अन्य भागहरूसँगै महाकाली नदीदेखि राप्ती नदीसम्मको सम्पूर्ण तराई क्षेत्र नेपालले भारतस्थित कम्पनी सरकारलाई सुम्पनु परेको थियो । नेपालसँग युद्ध लड्दा अवध राज्यले अङ्ग्रेज सरकारलाई नेपालको सीमासम्म आउने बाटो दिएको र प्रसस्त आर्थिक सहयोग पनि गरेको हुँदा अङ्ग्रेज सरकारले पनि सुगौली सन्धिपछि नेपालबाट प्राप्त भएका पश्चिम तराईका ती ठाउँहरू बाँके, बर्दिया, कैलाली र कञ्चनपुर अवध राज्यका बजीरलाई नै प्रदान गरेको थियो । तर केही समयपछि त्यो अवध राज्य पनि अङ्ग्रेजी साम्राज्यमा समाहित हुन गएपछि नेपालबाट अवध राज्यलाई प्राप्त भएका ती ठाउँहरू स्वतः अङ्ग्रेजी साम्राज्यअन्तर्गत हुन गएका थिए (सूचना विभाग, २०३१ वि.सं., पृ. ६५५) ।

भारतमा अङ्ग्रेज सरकारका विरूद्धमा पछिल्लो समयमा भएका विद्रोह र आन्दोलन चर्किएका बेला धेरै मानिसहरू बसाइँ सरेर नेपालको तराई क्षेत्रमा आएका थिए (त्यागी, १९७४ ई., पृ. ८२) । तिनीहरूमध्येका धेरै मानिसहरू बाँके जिल्लामा पनि आएर बसेका थिए । लखनऊ विद्रोहलाई दमन गर्न नेपाली सेनाको नेतृत्व गरेर त्यहाँ पुगेका तत्कालीन नेपालका प्रधानमन्त्री जङ्गबहादुरले लखनऊ सहरमा रहेका अलिगन्ज, हुसैनगन्ज, बजीरगन्ज जस्ता विभिन्न सुन्दर र आकर्षक गन्जहरूबाट प्रभावित भएर नेपालमा पनि त्यस्तै गन्जहरू निर्माण गर्ने योजना बोकेर फर्किएका थिए । उनले काठमाडौंमा अइपुगेपछि महाराजगन्ज नामको एउटा नयाँ सहर बसाउनुका साथै वि.सं.१९१८ तिर काठमाडौं उपत्यकाभन्दा बाहिर पश्चिम नेपालमा नेपालगन्ज नामको सहर र त्यस सहरभित्र गगनगन्ज नामको व्यवस्थित बस्ती बसाउने व्यवस्था

मिलाएका थिए (गुप्त, २०६४ वि.सं., पृ. ५१) । त्यस नयाँ मुलुक बाँके जिल्लाको भारतीय सिमानाबाट झण्डै ६/७ किलोमिटर उत्तरमा रहेको समथर जमिनमा नयाँ बस्ती बसाएर त्यसलाई लखनऊका बजिरगन्ज, हुसैनगन्ज जस्तै रहरलाग्दो सहर बसाउन जङ्गबहादुरले आफ्ना विश्वासी, योग्य र कर्मठ कर्मचारी सुब्बा पद्मनाव जोशीलाई खटाएर वि.सं.१९१८ मा त्यस बाँके जिल्लामा पठाएका थिए (रेग्मी, २०६४ वि.सं., पृ. १) । जङ्गबहादुरले सुब्बा पद्मनाव जोशीलाई नयाँ बन्ने सहर ठूलाठूला चाक्ला सडक, एकै नासका घरहरू, चोक र चोकमा बजार भएको नमूनाको हुनुपर्ने आदेश दिएका थिए ।

वि.सं.१९१७ मा अङ्ग्रेज सरकारले प्रदान गरेका पश्चिम तराईका बाँके, बर्दिया, कैलाली र कन्चनपुर जिल्लाहरू नेपालका प्रधानमन्त्री जङ्गबहादुर राणाले तत्कालीन राजा सुरेन्द्र बिक्रम शाहबाट वि.सं.१९१७ मा एउटा ताम्रपत्र गरी लिएका थिए । उक्त ताम्रपत्रमा उल्लेख भएको कुरा योगी नरहरिनाथले (२०५५ वि.सं.) यसरी उल्लेख गरेका छन् :

> ...तसर्थ माथि लेखियाको रिझ वाफत १९१७ सालमा आफ्नो नयाँ मुलुकमध्ये नानपारा देखि पश्चिम, कर्णालीदेखिपूर्व नत्रा सिवानाका लट्ठादेखि उत्तर हाम्रा पुराना मुलुकका सिवाना पहाडका डाँडाको पानी ढलोदेखि दक्षिण यति सिमित सिवानाभित्रको जो आयेको आम्दानिमा आधि आम्दानि तिमी (जङ्जबहादुर) १ का २ र निजका दाइजो खान्या छोरा विवाहिता र ल्याइतामा छोरा पाउन्या छोरा पालन्या रानीहरूलाई ऐन बमोजिम अंशगरि दाइजो दिनु आधिआम्दानी ६ भाइले बरोबर अंशगरि खानु ...। (पृ. १६८-६९)

यसरी राजा सुरेन्द्र बिक्रम शाहले गरिदिएको ताम्रपत्रका आधारमा नयाँ मुलुकको जमिन राणाशासक र उनका परिवारको अधीनमा रहेको र पछि त्यसको आवादी बढाउन स्वयम् जङ्गबहादुरबाट नै पहल सुरू भएको देखिन्छ ।

पृथ्वी वीरविक्रम शाहको शासनकाल वा वीरशमशेर राणाको प्रधानमन्त्रित्वकालमा तराईका जिल्लाहरूको प्रशासनिक सुधार हुँदा बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाहरूको प्रशासनिक केन्द्र नेपालगन्ज भएपछि त्यस क्षेत्रको महत्व अझै बढ्न गएको थियो (कुमार, १९६७ ई., पृ. १०८) । ती जिल्लाहरूमा पनि सदरमुकाम कायम भएका आधारमा बाँके जिल्लाको सबैभन्दा बढी महत्व रहेको थियो । त्यही समयदेखि बाँकेको नेपालगन्ज क्षेत्रमा घरानीया परिवारका मानिसहरू पनि गएर बस्न थालेका थिए ।

कालाजार र औलोको भयङ्कर प्रकोप भएको, जङ्गलैजङ्गलले ढाकिएको ठाउँमा सहर बसाउने अभिभारा लिएर त्यस ठाउँमा पुगेका सुब्बा पद्मनावले मुगल वास्तुकलाका आधारमा बनेको लखनऊ सहरका गन्जहरू भने देखेका थिएनन् । जङ्गबहादुरको बखानबाट सुनेका भरमा उनले चाहेजस्तो सहर बसाउनु पद्मनाव जोशीका लागि एउटा चुनौतिको विषय थियो । तथापि उनी एउटा ठूला साधक, विद्वान तथा तान्त्रिक व्यक्ति थिए । उनको साहस र हिम्मतका साथ काम गर्ने बानी देखेर जङ्गबहादुर राणाले उनैलाई नेपालगन्ज सहर बसाउने जिम्मा दिएर

पठाएका थिए । त्यसैले उनले गहन जिम्मेवारी लिएर त्यस ठाउँमा गएको हुँदा उनी सहर बसाउन एकाग्र भएर लागेका थिए (रेग्मी, २०६४ वि.सं., पृ. ३) । त्यस कुरामा उनी सफल भएको पनि देखिन्छ ।

पश्चिम नेपालको बाँके जिल्ला र यसअन्तर्गतका धेरै ठाउँहरू प्रागऐतिहासिक दृष्टिले समेत महत्वका रहेका छन् । बाँके जिल्लाकै सोनारतप्पाको बैजापुर गाउँमा वि.सं.२००६ सालमा त्यहाँका किसानहरूले नदीको किनारमा माटो खन्दा एउटा विशाल मानव अस्थिपञ्जर फेला पारेका थिए । त्यो अस्थिपञ्जर झण्डै ८ फिट अग्लो र विशाल आकृतिको थियो । त्यस भीमकाय अस्थिपञ्जरको बङ्गारा ती किसानहरूले त्यहाँका जमिनदार खेमराज श्रेष्ठलाई दिएका थिए । उनले त्यो बङ्गारा तत्कालीन बडाहाकिम प्रकाशशमशेर राणालाई दिएका थिए । ती बडाहाकिमले त्यसको परीक्षणका लागि लखनऊको संग्रहालयमा पठाएका थिए । तत्कालीन लखनऊ संग्रहालयका विशेषज्ञले त्यो बङ्गारा प्राप्त भएको स्थल प्राचीन गुफा मानवको बस्ती भएको क्षेत्र हुनुपर्दछ भन्ने राय व्यक्त गरेका थिए । यस विषयमा तत्कालीन राणा सरकारले कुनै खोजवीन नगरेका कारण त्यसै सेलाएर गएको थियो । तथापि बाँके जिल्ला र यसका आसपासका दाङ आदि ठाउँहरू प्राचीन गुफा मानवको बस्ती भएको क्षेत्र मानिदै आएको छ । अहिले पनि बाँके जिल्लामा रहेको राप्ती नदी र त्यसको छेउछाउमा प्राचीन मानव बस्ती भएका प्रसस्त प्रमाणहरू प्राप्त भएका छन् (रेग्मी, २०६४ वि.सं., पृ. ३) । यस अर्थमा पनि बाँके जिल्ला ऐतिहासिक र अन्य विविध दृष्टिले समेत महत्वको रहेको देखिन्छ ।

बुद्धकालभन्दा पनि अगाडिदेखि नै मानसरोवरबाट दक्षिणमा कौशल राज्यसम्म जाने एउटा व्यापारिक मार्ग थियो । त्यो मार्ग मानसरोवर, जुम्ला, जाजरकोट, सल्यान, दाङ, बाँके, राप्ती, श्रावस्ती हुँदै कौशलसम्म पुग्दथ्यो । त्यो मार्ग राप्ती नदीको किनारैकिनारबाट जान मिल्ने गरी निर्माण गरिएको थियो । त्यही मार्गको आसपासका ठाउँठाउँमा बस्तीहरू रहेका थिए । बाँके जिल्लाकै राप्ती नदीको किनारमा कम्दीवालापुर भन्ने ठाउँमा विन्सेन्ट स्मीथले उत्खनन् गर्दा बौद्धकालतिर त्यहाँ मानव बस्ती भएका प्रसस्त प्रमाणहरू फेला पारेका थिए । त्यस ठाउँमा त्यति बेला धेरै ढिस्काहरूसमेत रहेका थिए । पछि त्यस ठाउँमा लगातार पुरातात्विक उत्खनन्हरू गर्ने कार्यहरू हुन सकेनन् । मानिसहरूको बस्ती बिस्तार हुँदै जाँदा ती ढिस्काहरू पनि पुरिदै र नष्ट हुँदै गएका थिए । तथापि वैजापुर जस्ता ठाउँहरूमा अझैसम्म पनि प्राचीन मानव बस्तीका अवशेषहरू भेटिदै छन् (रेग्मी, २२ फाल्गुण २०६९) । यसका आधारमा बाँके जिल्लाका विभिन्न ठाउँमा तत्काल पुरातात्विक उत्खनन्को खाँचो रहेको देखिन्छ ।

केही ऐतिहासिक प्रमाणहरूका आधारमा बाँके जिल्लामा बस्ती बसाल्ने सबैभन्दा पुराना 'थारू' र 'अहिर' जातिका मानिसहरू थिए । धेरै पहिलेदेखि नै नानपारादेखि १९ किलोमिटर

उत्तरमा नेपाली भूभागमा पर्ने कम्दीवालापुरमा बौद्धकालमा सहर रहेको कुरा उल्लेख गरिएको पाइन्छ । ऐतिहासिक अनुश्रुतिअनुसार शाक्य गणराज्यको सिमाना कपिलवस्तुदेखि चुरेको घाँचहरूहुँदै राप्तीको उत्तरपट्टिको सोनार भन्ने ठाउँसम्म फैलिएको थियो । कोशलका शासक बिरूद्धकको आक्रमणबाट शाक्य गणराज्य पतन भएपछि त्यहाँका केही स्थविरहरू भागेर चुरेकिनारमा रहेका घनघोर जङ्गलभित्र कुनै छुट्टै ठाउँमा बस्न पुगेका थिए । त्यसरी अलग्गिएका स्थविरहरू कालान्तरमा एउटा नयाँ समाजको रूपमा देखापरेका थिए । तिनै नयाँ समूहहरू पछि नेपालको तराईका आदिबासी 'थारू' जातिहरू भएका थिए (शर्मा, २०४४ वि.सं., पृ. ६) । एघारौं शताब्दीमा अवध प्रान्तको बहराइच जिल्लामा नागवंशी भारशिवहरूका प्रजा आभिरहरू थिए । त्याहाँका राजा सुहेलदेवको शासनकालमा सालार मउसूद गाजी नामक मुसलमानको आक्रमण भएपछि त्यहाँबाट भागेर नेपाल पसेका आभिरहरू पनि वर्तमान बाँके जिल्ला रहेको क्षेत्रमा आएर बसेका थिए । तिनै आभिरहरू पछि बाँके जिल्लातिर 'अहिर' को नामले चिनिएका थिए (रेग्मी, २०६४ वि.सं., पृ. २) । वर्तमान समयमा पनि बाँके जिल्लामा अहिरहरूको प्रसस्त बस्ती रहेको पाइन्छ ।

प्राचीनकालदेखि नै मानव बस्ती भए पनि अधिकांश जङ्गलले ढाकिएको बाँके जिल्लामा रहेका आवादीहरू भने पछाडि मात्र भएका थिए । आवादी हुन नसकेको प्रसस्त जमिन भएका कारण यस क्षेत्रमा विभिन्न ठाउँबाट आएर बस्ती बसाल्ने मानिसहरूको सङ्ख्या बढी रहेको पाइन्छ । खासगरी भारतबाट र नेपालको तराई क्षेत्रकै थारू, कुर्मी, मुसलमान, वनियाँ जस्ता जातिहरू तथा पहाडी क्षेत्रबाट बसाइँ सरी आएका बाहुन, क्षेत्री, ठकुरी, नेवार, गुरुङ, मगर जस्ता जातजातिहरूको पनि कम बेसी रूपमा बस्ती रहेको पाइन्छ ।

वि.सं.१९१८ तिर सुब्बा पद्मनाव जोशी नेपालगन्ज सहर बसाउन बाँकेमा पुग्दा वर्तमान नेपालगन्ज सहर रहेको ठाउँमा एउटा सानो बस्ती मात्र थियो । त्यस ठाउँमा एउटा पुरानो किल्ला पनि थियो । सुगौली सन्धिपछि भारतमा गाभिएको त्यस ठाउँमा जङ्गल सुरक्षाका लागि एउटा किल्ला निर्माण गरिएको थियो । उक्त भू-भाग नेपालको मातहतमा आएपछि दाङको प्रशासन हेर्न बसेका प्रशासक दानबहादुर सिंहले आफ्ना भाई शिवदिन सिंहलाई बाँके क्षेत्रको प्रतिनिधि प्रशासक बनाएर त्यही किल्लामा राखिदिएको पाइन्छ ।

भारतको लखनऊ क्षेत्रमा वि.सं.१९१४ मा गदर भएका बेला पराजित भएपछि वेगम हजरत महल र उनका साथ उत्तरतिर आएका उनका नोकरचाकरहरू बाँदी, खोजा, हिजडाहरूले बाँकेको वर्तमान वनकट्टी गाउँनेर जङ्गलको बीचमा एउटा मस्जिद निर्माण गरेर त्यहाँ नमाज् पढ्ने व्यवस्था मिलाएका थिए । वि.सं.१९१४ को लखनऊ विद्रोह पछि बेगमलाई साथ दिएका शिख, जैसवाल, कुर्मी र केही मुसलमानहरू एकैसाथ बाँके र तुल्सीपुरको बीचमा रहेको बाँके

किल्लाको आसपासमा आएर बसेका थिए । भारत स्वतन्त्रता हुँदासम्ममा ती शरणर्थीहरू नेपाली नागरिकका रूपमा समेत चिनिइसकेका थिए । नयाँ मुलुक नेपाललाई प्राप्त भएपछि बाँके किल्लामा काम गर्ने केही कर्मचारीहरूलाई राज्यले बसोबासका लागि जमिन प्रदान गरेकाले ती जमिन सिंजापति, भण्डारी, श्रीवास्तव आदि परिवारले आवाद गरेका थिए । त्यतिबेला तिनीहरूका बस्तीहरू बाँकीगाउँ, गणेशपुर, धम्बोझी जस्ता ठाउँहरूमा रहेका थिए । ती गाउँहरू पद्मनाव जोशीले बसाएको नेपालगन्ज सहरभन्दा पनि पुराना थिए (रेग्मी, २०६४ वि.सं., पृ. २) । त्यस्ता ठाउँमा बस्ती बसालेका कर्मचारीहरू बिस्तारै जमिन्दार भएका र तिनका सन्तानहरू अहिलेसम्म पनि त्यही प्रवृत्तिका रहँदै आएको पाइन्छ । हाल बाँके जिल्लामा भारतीय स्वतन्त्रता संग्रामका बेला सुरक्षा खोज्दै आएका, विभिन्न कारणले सहर पसेका, घना जङ्गल भएका कारण जङ्गलसँग सम्बन्धित व्यवसाय गर्ने जातजातिहरूका अतिरिक्त अन्य विभिन्न कारणले बसाइँ सरेका मानिसहरूको जमघट यस क्षेत्रमा रहेको पाइन्छ । त्यसैले बाँके ऐतिहासिक दृष्टिले महत्व बोकेको र जातीय विविधता भएको जिल्ला पनि मानिदै आएको छ ।

वि.सं.१९१४ को अङ्ग्रेज विरोधी आन्दोलनमा नेपाली सेनाले बनारस, पटना र लखनऊको विद्रोहलाई दमन गरेका थिए । त्यो विद्रोहमा लखनऊकी वेगम हजरत, उनका छोरा ब्रिजिस क्वादिरलगायत भारतका राजारजौटा र उनका सन्तानहरूले नेपालको तराईमा शरण लिएपछि ती विद्रोहीहरूलाई फिर्ता गर्ने विषयमा तत्कालीन गभर्नर जनरल लर्ड क्यानिङ्गले पनि नेपालसँग कुरा चलाएका थिए (त्यागी, १९७४ ई., पृ. ८२) । नेपालमा भएको कोतपर्व र भण्डारखालपर्वलगायतका घटनाका बेला केही नेपालीहरूले भारतमा गएर शरण लिएका थिए । यस्तो अवस्थामा नेपालले भारतका शरणार्थी फिर्ता गर्दा भारतले पनि नेपाली शरणार्थी फिर्ता गर्नुपर्ने अवस्था सिर्जना भएको थियो । फेरि नेपालमा शरण लिएर बसेका भारतीय विद्रोहीहरूले नेपालको तराईबाट कुनै पनि बेला भारतमा आक्रमण गर्न सक्ने अवस्था हुँदाहुँदै पनि नेपालमा राजदूतका रुपमा रहेका सर्जन तथा डा. ओल्डफिल्ड मार्फत जङ्गबहादुरले ती शरणार्थी फिर्ता नगर्ने जानकारी दिएका थिए (त्यागी, १९७४ ई., पृ. ८२-८३) । त्यसले गर्दा त्यतिबेला धेरै भारतीयहरू बाँके जिल्ला र त्यसको आसपासका जङ्गली क्षेत्रमा आएर बसेको देखिन्छ । उनीहरू बाँके जिल्लामा नै किन आए भन्ने सम्बन्धमा खोजीगर्दा लखनऊबाट बाँके क्षेत्रमा आउन भौगोलिक निकटता, सहज अवस्था र सुरक्षित जङ्गल भएको देखिन्छ । तथापि त्यो क्षेत्र त्यतिबेला भारतकै अधिनमा भएपनि घना जङ्गल भएका कारण सुरक्षित मानिन्थ्यो ।

## ४.४ नेपालको जाति व्यवस्थामा दलित र तराईका दलित समुदाय

नेपालमा बसोबास गर्ने हिन्दू धर्मावलम्बी जातजातिका मानिसहरूको आगमन विभिन्न समयमा भारतबाटै भएको पाइन्छ । भारतमा वैदिककालदेखि नै आर्य प्रजातिका मानिसहरूले वर्ण व्यवस्थाको विकास गरेका र उत्तर वैदिककालको अन्त्यसँगै त्यहाँ जातीय विभेदको विकास भएका कारण आजसम्म पनि हिन्दू समाजमा जाति व्यवस्था कायम रहँदै आएको छ । त्यसरी हिन्दू समाजमा जाति व्यवस्था कायम गर्ने आर्यहरूको आदिइतिहासको खोजिसँगै दलित र तराई दलितको सन्दर्भलाई अध्ययन नगरेसम्म तिनीहरूको इतिहास पनि प्रस्ट नहुने देखिन्छ । त्यसैले मानव विकासमा प्रजाति र त्यसमा आर्यहरूको अस्तित्वको खोजि गरिएको छ ।

### ४.४.१ मानव विकास र प्रजाति

मानिसको उत्पत्ति र विकासका क्रममा समय, वातावरण, जलवायु जस्ता कुराहरूले गर्दा भिन्नभिन्न ठाउँमा बस्ने मानिसहरूका बीचमा सामाजिक, सांस्कृतिकसँगै शारीरिक भिन्नताहरूसमेत देखिदै गएर उनीहरू विभिन्न प्रजातिहरूमा विभाजित हुन पुगेका थिए । त्यस्ता प्रजातिहरूमा हुने भिन्नताहरूका मुख्य चारवटा कारणहरू जलवायु परिवर्तन, ग्रन्थीरसको प्रकृया, जैविक परिवर्तन र प्रवासद्वारा हुने प्रजातीय मिश्रणहरू मानिन्छन् (कौशिक, मिति अनु., पृ. ७९) । पृथ्वीमा जीवको उत्पत्तिदेखि मानवपूर्खा विकसित हुने समयसम्ममा मध्य-एसियामा चारपटकसम्म हिमयुगहरू आएका थिए (प्रश्रित, २०७१ वि.सं., पृ. ४५) । त्यतिवेला हिउँ पर्न सुरू भएपछि मानिसहरू अन्यत्र पलायन हुने र हिउँ पग्लेपछि फेरि त्यस ठाउँमा समेत विस्तारित हुँदै जाने क्रम चल्दै गएको थियो । त्यस्तो वातावरणमा हुने परिवर्तनसँगै मानिसहरूको शारीरिक स्वरूपमा पनि विस्तारै परिवर्तन देखापर्दै गएको थियो ।

सर्वप्रथम मानव प्रजाजातिको वर्गीकरण गर्ने विद्वान लिनेअस (Linnaeus) थिए । उनले १८औं शताब्दीको मध्यतिर मानव प्रजातिलाई चार वर्गमा विभाजन गरेर विश्लेषण गरेका थिए । तिनीहरू युरोपीयन श्वेत प्रजाति, एसियाटिक पहेँलो प्रजाति, अमेरिकन रातो प्रजाति र अफ्रिकन कालो प्रजाति थिए (कौशिक, मिति अनु., पृ. ७९) । त्यसपछिका विद्वानहरूले मानव प्रजाति विकासका फरकफरक आधारहरू प्रस्तुत गर्दै आएका छन् । रिस्ले नामक विद्वानले भारतमा रहेका प्रमुख प्रजातिहरू द्रविडियन, इन्डो-आर्यन र मंगोल भन्ने ठहर गरे भने हेडन नामक विद्वानले भारतमा रहेका प्रजातिहरूलाई इन्डो-आर्यन, मंगोल, इन्डो-अफगान, प्रि-द्रविडियन, द्रविडियन, नैगरिटो, दक्षिणी चौडेशिरवाला र चौडा शिरवाला गरी आठ भागमा विभाजन गरेका

थिए । त्यही वर्गीकरणअनुसार हाल भारत र नेपाललगायत दक्षिण एसियाका केही मुलुकहरूमा फैलिएर रहेका हिन्दू धर्म मान्दै आएका धेरैजसो मानिसहरू इन्डो-आर्यन प्रजातिका भएको मान्ने गरिएको छ (कौशिक, मिति अनु., पृ. ७९) । अरु केही विद्वानहरूले भने विश्व मानव प्रजातिलाई युरोपियड-सेतो वर्ण, मंगोलाइड-पहेँलो वर्ण र निग्रोइड-कालो वर्ण गरी सम्पूर्ण मानव प्रजाति जम्माजम्मी तीन भागमा मात्र विभाजित भएको कुरा उल्लेख गरेका छन् (जोतोव, १९८५ ई., पृ. १५४) । प्रेमकुमार खत्रीले पनि विश्वका सम्पूर्ण मानव प्रजातिलाई ककेसियाली, मङ्गोल र हब्सी गरी तीन भागमा नै बाड्ने प्रचलन रहेको धारणा व्यक्त गरेका छन् (२०५५ वि.सं., पृ. ५२) । विश्वका प्रसिद्ध धेरैजसो मानवशास्त्रीहरूले पनि मानव प्रजातिलाई प्रमुख रूपमा तीन भागमा नै विभाजन गरेर विश्लेषण गर्ने गरेको भए तापनि यस विषयमा सबै विद्वानहरूको एउटै धारणा भने रहेको पाइदैन । कतिपयले मानव प्रजातिलाई १९ देखि ३० भागसम्म विभाजन गर्ने गरेको पाइन्छ ।

मानिसका पूर्खा पुरा, मध्ये र नव पाषाणकालमा विश्वका विभिन्न भागमा शिकारको खोजीमा भौतारिएका थिए । नवपाषणकालको अन्त्यदेखि उनीहरूले इजिप्ट, बेविलोनिया, चीन, भारत जस्ता ठाउँहरूमा सभ्यताको विकास गरेका थिए (डेभिस, १९६८ ई., पृ. १४-१६) । त्यही क्रममा मानिसमा फरकफरक प्रजातिको विकास भएको थियो । मानव प्रजाति विभाजनका सम्बन्धमा मतभेदहरू पाइए पनि भारत प्रवेश गरेका र भारतमा हिन्दू धर्म तथा वर्ण व्यवस्था लागु गर्ने आर्यहरू इन्डो-युरोपियन तथा (ककेसीयन) प्रजातिकै एक शाखा भएको कुरामा भने धेरैजसो विद्वानहरू एकमत देखिन्छन् । यिनीहरूका मुख्य उत्पत्तिका स्थलहरूमध्ये रसिया, कालो सागरको उत्तरी मैदान र मध्य तथा पश्चिम जर्मनीका विभिन्न ठाउँहरू थिए भन्ने कुरामा पनि धेरै विद्वानहरूको मत समान रहेको छ (त्रिपाठी, १९६५ ई., पृ. २२) । प्राचीन ग्रीकमा रहेका र विस्तारै युरोपका इटली, फ्रान्स, वेविलोनिया, असेरिया, इराक, पर्सियातिर विस्तारित हुने क्रममा तिनीहरू भारतसम्म पनि विस्तारित भएका थिए । ती आर्यहरू भारतीय द्रविणहरूसँगको लामो बसाइपछि युरोपियनभन्दा केही भिन्न देखिदै गएका थिए (नेहरू, १९८८ ई., पृ. १४) । अहिलेसम्म पनि युरोप तथा पश्चिम एवम् दक्षिण एसियामा यही मानव प्रजातिको बाहुल्यता रहँदै आएको पाइन्छ ।

पृथ्वीमा आजभन्दा आठ करोड वर्ष पहिले भयङ्कर हिमयुग आएको थियो (प्रश्रित, २०७१ वि.सं., पृ. ४५) । विस्तारै पृथ्वीमा भएको जलवायु परिवर्तन र हिमयुगका कारण झण्डै १५० मिटर जति समुद्री सतहमा फेरवदल आएको थियो । यसैको प्रभावस्वरूप नदीको सङ्ख्या र दिशामा पनि परिवर्तन आएको थियो । त्यसले जीवको विकासमा ठूलै उथलपुथल ल्याइदिएको थियो । प्राणीहरू जीवन रक्षाका लागि संसारका विभिन्न ठाउँमा विस्थापित हुन पुगेका थिए ।

यसरी प्रजातिको विकास हुने मुख्य कारण पृथ्वीमा चार पटकसम्म आएको हिमयुग पनि एक थियो (डेभिस, १९६८ ई., पृ. १-२) । पछिल्लो हिमयुगकालतिरको समयमा मानव पूर्खाहरू सुरक्षित स्थल र खानाको खोजीमा पृथ्वीका विभन्न ठाउँमा पुगेका थिए । लामो समयसम्म तिनै फरकफरक ठाउँमा बस्दै जाँदा उनीहरूमा विभिन्न शारीरिक र अन्य भिन्नताहरू देखापर्दै गएका थिए भने कतिपय मानिसका साखासन्तान नै लोप हुन पुगेका थिए । प्लीस्टोसीन हिमयुगको आयु लगभग २० लाख वर्षजति कायम रहेको मानिदै आएको छ । त्यही अवधिमा पृथ्वीमा ३,५०,००० जति अन्य जीवजन्तु र ७,००० जति स्तनधारी जीवजन्तुहरू विकसित भएका थिए (श्रीवास्तव, १९८७ ई., पृ. ४१) । सबै जीवजन्तुहरूको उत्पत्ति एउटै स्रोत एवम् एउटै प्रकृयाबाट भएको थियो । तर पछि त्यस्ता जीवहरू भिन्नभिन्न अवस्थामा विकसित भएकाले उनीहरूको स्वरूपमा पनि बिस्तारै भिन्नताहरू देखिदै गएको थियो । त्यस्ता प्राणीहरूमध्ये मानिस मेरुदण्डको हड्डीबाट सञ्चालित तथा स्तनधारी प्राणी समूहमा पर्दछ (श्रीवास्तव, १९८७ ई., पृ. ४१) । यसरी पृथ्वीमा आएका उथलपुथल र भिन्न स्थान, वातावरणमा लामो समयसम्म बसोबास गर्दा मानिस विभिन्न फरकफरक प्रजातिहरूमा विभाजित हुन पुगेको देखिन्छ ।

आदिमानवदेखि आधुनिक मानवसम्मको विकास यात्राका चरणहरूमा कैयौं लाख वर्ष लागेको थियो । एकै ठाउँमा उत्पत्ति भएको मानव समुदाय पनि समयको अन्तरालमा पृथ्वीका अनेकन ठाउँहरूमा फैलिदै गएका थिए । फरकफरक ठाउँमा पुगेका मानिसहरूमा त्यहाँको वातावारण, हावापानी, रहनसहन, भिन्न परिस्थिति आदिका कारण शारीरिक, जैविक गुणहरूमा समेत भिन्नता देखापर्दै गएको थियो (प्रश्रित, २०७१ वि.सं., पृ. ८१) । यस्तो शारीरिक स्वरूपमा देखिएको भिन्नताकै कारणले गर्दा मानिस विभिन्न प्रजातिका रूपमा विभाजित हुन पुगेका थिए (बोग्ले, १९७१ ई., पृ. ९५) । यसले गर्दा आज विश्वमा छालाको रङ्गका आधारमा गोरा र कालाका बीचमा समेत अनेकौं विभेदहरू हुने गरेको पाइन्छ । मानिसको प्रजाति वर्गीकरण खासगरी फरक शारीरिक र प्राकृतिक स्वरुपलाई आधार मानेर गर्दा उपयुक्त हुन्छ (डेनिकर, १९८८ ई., पृ. २८४) । ती आधारहरू छालाको रङ्ग, कपालको स्वरुप, टाउकाको आकार, नाकको बनावट, आँखा, चिउँडो आदि भएको पाइन्छ ।

मानव विकासका क्रममा देखिएका भिन्नता तिनीहरूको अध्ययनका क्रममा सर्वप्रथम 'प्रजाति' वा 'race' भन्ने शब्दको प्रयोग वि.सं.१६२७ मा फक्स नामक विद्वानले गरेका थिए (श्रीवास्तव, १९८७ ई., पृ. ५८) । Race शब्दको अर्थ एउटा निश्चित परिवार, वंशाणुरूप अथवा नश्ल भन्ने हुन्छ । वास्तवमा 'प्रजाति' शब्दले यस्तो बोध गराउँदछ कि जो समान शारीरिक लक्षण, समान रक्तवर्ग अथवा समान प्रजनन् प्रकृयासँग सम्बन्धित रहेको हुन्छ । मानव प्रजाति एउटा मानव समूह वा वर्ग हो । यो वर्गीयतालाई यसको भ्रमण क्षेत्र, भाषा, धर्म, संस्कृति, पेसा,

व्यवसाय, राजनीति, शासनप्रणाली तथा राष्ट्रियताका आधारमा भने विभाजन गर्नु हुँदैन (एल्डर, १९७० ई., पृ. १६१) । एउटै देशमा पनि अनेकौं प्रजातिका मानिसहरू हुन सक्दछन् । नेपाल र भारतमा द्रविड, मंगोल, इन्डो-आर्यन, इन्डो-अल्पाइन जस्ता प्रजातिका मानिसहरू बसोबास गर्दै आएको पाइन्छ ।

मध्य-एसियामा भएको हिमयुगका कारण मानिसहरू त्यहाँबाट समयसमयमा स्थानान्तरित हुँदै जान बाध्य भएका थिए । बदलिंदो परिस्थिति, समय र फरक क्षेत्रका कारण मानिसको शरीर, कपाल, नाक, रङ्ग आदिमा पनि भिन्नता देखिदै गएको थियो । मध्य-एसियाबाट विभिन्न ठाउँमा फैलिने क्रममा मानिसहरू कोही अफ्रिका, कोही मलेसिया तथा अष्ट्रेलिया र तेस्रो समूह चीन, मंगोलियाको पूर्व-उत्तरतिर हान्निएर रुष्सको पूर्वीकिनारको चुच्चोतिरबाट अलास्का हुँदै अमेरिकासम्म फैलिएका थिए (प्रश्रित, २०५७ वि.सं., पृ. ११) । हजारौं वर्षसम्म ती अमेरिकनहरू अन्य मानिसहरूसँगको सम्पर्कविहिनताका कारण अरूभन्दा भिन्न र शुद्ध रूपमा विकसित हुँन पुगेका थिए ।

मानव शरीरको निर्माणमा नश्लको ठूलो महत्व रहेको हुन्छ । दीर्घकालसम्म फरक वातावरणमा बस्ने मानिसहरूमा विस्तारै नश्लमा परिवर्तन देखापर्दै जाने गर्दछ । त्यसैकारणले गर्दा विश्वमा धेरै प्रकारका मानिसहरू देखापरेका हुन् । नेपाल, भारतलगायतका मुलुकहरूमा बस्ने हिन्दू धर्मावलम्बी इन्डो-आर्यनहरूलाई ककेसियन मूलका मानिस पनि भन्ने गरिदै आएको छ । यिनीहरूको उत्पत्तिको प्रमुख थलो मध्यएसियालाई नै मानिदै आएको छ (श्रीवास्तव, १९८७ ई., पृ. ५८-६०) । अहिले यस प्रजातिका मानिसहरू युरोप, एसियालगायतका विभिन्न ठाउँहरूमा छरिएर रहेका पाइन्छन् । त्यस्ता स्रोतहरूका अधारमा आर्यहरू भारतमा बाहिरबाटै आएर बसोबास गरेको प्रस्टिन्छ ।

विश्वमानवको इतिहास व्यक्तिहरूको, जातिहरूको इतिहास मात्र नभई नश्लहरूको पनि इतिहास हो (कपाली, २०५७ वि.सं., पृ. ३-४) । जातिको अध्ययन गर्दा जसले मानव इतिहासमा नश्लसम्बन्धी विचारलाई उपेक्षा गरेर आफ्नो अध्ययनलाई अगाडि बढाउँदछ, उसको अध्ययन नै अधुरो हुन पुग्दछ भन्ने मान्यता छ । 'नश्ल' भनेको सामान्यतः साझा रगत र भाषा भएका, सदैव साझा इतिहास, परम्परा तथा संवेग बोकेका मानव जातिको एउटा विशाल परिवार हो । त्यो मानव नश्लको भिन्नताको सुरुवात लगभग डेढ करोड वर्ष अगाडिदेखि नै क्रमिक रुपले हुँदै आएको थियो (प्रश्रित, २०७१ वि.सं., पृ. ७६) । तिनीहरू स्वैच्छिक र अस्वैच्छिक दुबै तरिकाले न्यूनाधिक स्पष्ट रूपले धारण गरिएका आदर्शलाई साकार रूप दिन एकसाथ संघर्षरत हुँदै आएका थिए । नश्लसम्बन्धी भिन्नता मानव जातिका बीचमा आत्मिक, मानसिक तथा शारीरिक भिन्नताको समायोजनका रूपमा व्यक्त भएको हुन्छ (ओम्बेट, २०१२ ई., पृ. ९५-९६) । यसका

आधारमा मानव समुदायको वर्गीकरण तथा प्रजातिको विकासमा नश्लको पनि महत्वपूर्ण भूमिका रहेको देखिन्छ ।

विश्वका विभिन्न भागमा छरिएर रहेका विभिन्न प्रजातिका मानिसहरूमध्ये आर्य प्रजातिका मानिसहरू पनि एक हुन् । केही विद्वानहरूले भारतलाई आर्यहरूको आदिम भूमि भनेर उल्लेख गरे पनि धेरै विद्वानहरूले आर्यहरू भारतमा पछि आएको उल्लेख गरेको पाइन्छ । खासगरी आर्यहरू इरानी-आर्य, हिन्दू-जर्मन अथवा हिन्दू-युरोपीयन अर्थात वाइरोज (wiros) का एक शाखा थिए (उपाध्याय, १९५७ ई., पृ. २५) । म्याक्समुलरले आर्यहरूको मूलथलो मध्यएसियालाई मानेका छन् । अन्य केहीले कृष्ण सागरको उत्तरी भाग, केहीले पश्चिम जर्मनी त केहीले अस्ट्रिया-हङ्गेरी तथा वोहेमिया जस्ता ठाउँहरूलाई मानेका छन् । भोजनको न्यूनता, जनसङ्ख्या वृद्धि तथा प्रतिकुल वातावरणबाट बच्नका लागि मानिसहरू पृथ्वीका विभिन्न भागमा विचरण गर्ने गरेका थिए । त्यही क्रममा आर्यहरूको एक शाखा आफ्नो मूलथलो छाडेर नयाँ हराभरा स्थानको खोजिका क्रममा भारत आइपुगेका थिए । तिनै आर्यहरूले भारतमा पछि निर्माण गरेको ऋग्वेदको भाषा हिन्द-जर्मनसँग मेला खाने हुनाले उनीहरू त्यतैबाट आएको भन्ने सम्बन्धमा धेरै विद्वानहरूको मत समान रहेको छ (रेप्सन, १९५५ ई., ३७-३९) । यसरी आर्य प्रजातिका मानिसहरू प्राचीन एक घुमन्ते जाति भएको र त्यही क्रममा भारतसम्म विस्तारित भएको देखिन्छ ।

भारतमा आर्यहरूको आगमन हुनुभन्दा १००० वर्ष अगाडितिरै मोहेन-जो-दारोमा द्रविडहरूले सभ्यताको विकास गरिसकेका थिए (नेहरू, १९८८ ई., पृ. ९) । भारत-पाकिस्तानको सिन्ध सभ्यता इजिप्ट, वेविलोनियन तथा असेरियन सभ्यताको समकालीन थियो । ती सभ्यताहरू झण्डै ५००० देखि ३००० ईशापूर्वतिर विकसित भएका थिए (मजुमदार, रायचौधरी र दत्त, १९९९ ई., पृ. १५) । हरप्पा पञ्जावको र मोहेन-जो-दारो सिन्ध प्रान्तका सभ्यताहरू थिए (ग्राउसेट, १९७३ ई., पृ. ३) । आर्यहरूको भारत आगमनको समयभन्दा अगाडि नै सिन्ध सभ्यताको विकास भइसकेका आधारमा त्यो सभ्यता आर्य प्रजातिका मानिसहरूले गरेको देखिदैन । भारतमा आएपछि आर्यहरू प्रारम्भमा ग्रामीण इलाकामा बसेका थिए । मोहेन-जो-दारोका द्रविडहरूले स्त्री देवताको पूजा गर्दथे, उनीहरूले लेख्न पनि जानिसकेका थिए । आर्यहरूले युद्धमा र अन्य समयमा घोडाको प्रयोग गर्दथे तर द्रविडहरूले भने घोडाको प्रयोग गर्दैनथे (रेप्सन, १९५५ ई., पृ. ३९) । भारतमा आएपछि इन्डो-आर्यनहरूले एउटा भिन्दै सभ्यताको विकास गरेका थिए । त्यो सभ्यतालाई हिन्दू सभ्यता भनेर चिन्ने गरिन्छ । हिन्दू सभ्यताको एउटा छुट्टै विशेषता जाति व्यवस्था हो । ती हिन्दूहरूले जाति व्यवस्थाको विकास वर्ण व्यवस्थालाई आधार बनाएर गरेका थिए ।

### ४.४.२ वर्ण व्यवस्थाको उत्पत्ति र विकास

वर्ण व्यवस्थाका सर्जक भारतीय आर्य प्रजातिका मानिसहरू थिए । आर्यहरू भारतमा इशापूर्व २५०० देखि २००० को आसपासतिर आएको मानिन्छ (अल्चिन र ब्रिगेट, १९८३ ई., पृ. २९८), यस विषयमा अन्य विद्‌वान पनि सहमत छन् (सिङ्घल, १९७२ ई., पृ. ११) र (देशपाण्डे र हुक, १९७९ ई., पृ. ५) । त्यहाँ आएको झण्डै १००० वर्ष पछि आर्यहरूले वर्ण व्यवस्थाको निर्माण गरेका थिए । उनीहरूले कर्म र गुणका आधारमा भारतीय समाजलाई व्यवस्थित रुपले परिचालन गर्ने उद्देश्यले सम्पूर्ण आर्य समाजलाई ब्राह्मण, क्षेत्रीय, वैश्य र शूद्र गरी चार भागमा विभाजन गरी वर्ण व्यवस्था लागु गरेका थिए (गोपाल र यादव, १९६२ ई., पृ. ५०) । ती आर्यहरू गोरा, सलक्क परेका, व्यक्तित्व भएका, भद्र, असल र लडाकु स्वभावका, वौद्धिक तथा घुमन्ते स्वभावका मानिसहरू थिए (देशपाण्डे र हुक, १९७९ ई., पृ. ५) । भारतमा आउँदा आर्यहरू उत्तरपश्चिम क्षेत्रबाट प्रवेश गरेको मानिन्छ (घुरे, १९६१ ई., पृ. १६०) । तत्कालीन भारतीयहरूको तुलनामा आर्यहरूको सङ्ख्या निकै कम रहेको थियो । खङ्ख्या कम भएपनि उनीहरू भारत प्रवेशकालदेखि नै साहसी र पराक्रमी स्वभावका भएको देखिन्छ ।

भारतमा द्रविणहरू पुरापाषाणकालमा र आर्यहरू ईशापूर्व २००० भन्दा केही अगाडितिर आएका थिए (देशपाण्डे र हुक, १९७९ ई., पृ. ५) । भारत आउने क्रममा आर्यहरू हिन्दकुश, बलुचिस्तान, अफगानिस्तानको कावुल नदीको उपत्यका, कुर्राम, गुमाल जस्ता स्थानहरू पार गर्दै पूर्वतर्फ हान्निएर अगाडि बढेका थिए । भारतमा आएपछि उनीहरू गंगा, गोमती, झेमल, चेनाव, सत्लज, इरावती जस्ता ठाउँहरूमा फैलिएका थिए (त्रिपाठी, १९६५ ई., पृ. २४) । त्यहाँ आएपछि प्रमुख रुपमा उनीहरूको संघर्ष द्रविडहरूसँग भएको थियो (रेप्सन, १९५५ ई., पृ. ३७-३८) । यसरी भारतमा आर्यहरूको आगमनभन्दा अगाडि नै आस्ट्रिक, द्रविडहरूको बस्ती रहेको देखिएका आधारमा ई.पू.२५०० भन्दा अगाडि भएको सभ्यताको विकास उनीहरूले नै गरेको हुन सक्ने देखिन्छ ।

मानिसका प्रत्येक काम, व्यवसाय र पेसालाई पैतृक, वंशाणुगत, कुलाचार र पुर्ख्यौली बनाएर त्यसमा वैशिष्ट्यता हासिल गर्न लगाउनका निमित्त नै वर्ण व्यवस्थाको सिर्जना गरिएको पाइन्छ । वर्ण व्यवस्थाको स्वरूप प्राकृतिक नियमसँग धेरै मिल्दोजुल्दो थियो । सबै व्यक्तिहरू शारीरिक र मानसिक रुपले समान नहुने हुनाले उनीहरूको ज्ञान, सीप र क्षमताका आधारमा फरकफरक वर्णमा विभाजन गरिएको थियो (क्षेत्री र खतिवडा, २०५४ वि.सं., पृ. २०२) । भारतमा वर्ण व्यवस्था लागु भएपछि त्यहाँको समाज एक किसिमले विभाजित भएपनि

सामाजिक कर्तव्यको पालना गर्न उनीहरू उत्साहित भएको र यसले त्यो समाजलाई मर्यादित तुल्याएको हुनु पर्ने देखिन्छ ।

भारतमा आर्यहरू आउनुभन्दा अगाडिदेखि नै बसोबास गर्दै आएका द्रविड र आष्ट्रिकहरूमध्ये पनि द्रविडहरूको बाहुल्यता रहेको थियो । भारतमा आर्यहरूको आगमन पछि तिनीहरू सबैलाई 'नन्-आर्यन' भनेर चिन्न थालिएको थियो (हावेल, मिति अनु., पृ. ५-९) । उनीहरूले त्यहाँ सिन्धु सभ्यताको विकास गरेको मानिन्छ (श्रेष्ठ, २०४४ वि.सं., पृ. २६) । तथापि त्यो सभ्यताको विकास कहिले र कसले गरेको थियो भन्ने सम्बन्धमा अझै पनि विवाद कायमै रहेको पाइन्छ । सिन्धु सभ्यताकालमा मातृशक्ति र शिवस्वरुपको पूजा हुने कुरा उत्खनन्ले पनि देखाएको छ (हावेल, मिति अनु., पृ. २४) । सिन्धु सभ्यताकालमा धातुको प्रयोग र सहरी सभ्यताको विकास भएको तर आर्यहरू भारतमा आएपछि उनीहरूले ग्रामिण सभ्यताको विकास गरेको देखिएका आधारमा त्यो सभ्यता द्रविडहरूले नै गरेको हुनुपर्ने देखिन्छ ।

भारत आइसकेपछि आर्यहरू अफगानिस्तानदेखि पञ्जाबसम्म फैलिएर बसेका र त्यहाँका पुराना बासिन्दा द्रविड र आष्ट्रिकहरूसँग संघर्ष र आवश्यकतानुसार युद्धसमेत गरेका थिए । युद्धकलामा निपूण आर्यहरूले बिस्तारै भारतका विभिन्न ठाउँमा विजय हासिल गर्दै गएका थिए । आर्यहरूले कब्जा गरेका क्षेत्रलाई आर्यावर्त भन्न थालिएको थियो । समय वित्दै जाँदा क्रमशः पश्चिम भारतबाट आर्यहरू पूर्वमा गङ्गा र जमुनाको मध्यभाग तथा दक्षिणमा कन्याकुमारीसम्म विस्तारित हुँदै गएका थिए (देशपाण्डे र हुक, १९७९ ई., पृ. ५) । आर्यहरूले त्यस क्षेत्रमा एउटा नयाँ सभ्यताको पनि विकास गरेका थिए ।

भारतका विभिन्न ठाउँमा विस्तारित भएपछि उनीहरूले त्यहाँ एउटा आदिग्रन्थ ऋग्वेदको पनि रचना गरेका थिए । त्यो आर्यहरूको प्रारम्भिक सभ्यताको स्रोत ग्रन्थ थियो । प्राचीन इरानीहरूले रचना गरेको अवेस्टिक (Avestic) र भारतीय आर्यहरूले रचना गरेको ऋग्वेदको भाषामा धेरै समानता थियो (ग्राउसेट, १९७३ ई., पृ. ११) त्यो ग्रन्थबाट भारतीय आर्यहरूको सामाजिक, आर्थिक र धार्मिक जीवनका बारेमा धेरै कुराहरू थाहा पाउन सकिन्छ । त्यो ग्रन्थको रचनाकालका सम्बन्धमा सामान्य विवाद भए पनि ई. पू. १५००-१००० का बीचमा ऋग्वेदको रचना भइसकेको मानिदै आएको छ । परम्परादेखि मौखिक तथा श्रुतिस्मृतिका आधारमा कायम रहँदै आएका ऋचाहरूलाई सङ्कलन र सम्पादन गर्ने काम व्यास ऋषिले गरेका थिए । त्यही वेदको सङ्कलन तथा सम्पादन गरेकै कारण उनको नाम व्यासबाट वेदव्यास रहन गएको हो भन्ने मान्यता रहँदै आएको छ (प्रश्रित, २०५६ वि.सं., पृ. २१९-२१) । यस ग्रन्थका नौवटा मण्डलहरूमा पुरातन परम्पराका कुरा र दशौं मण्डलमा तत्कालीन समय र परिस्थितिका कुरा समावेश गरिएका थिए । त्यही दशौं मण्डलमा सर्वप्रथम वर्ण व्यवस्थाको चर्चा

पनि गरिएको थियो (क्षेत्री र खतिवडा, २०५४ वि.सं., पृ. १७५) । वर्ण व्यवस्था हिन्दू समाजलाई व्यवस्थित गर्ने उद्देश्यले तयार पारिएको एउटा आचार संहिता भएको देखिन्छ ।

प्राचीन भारतीय आर्यहरूले वर्ण व्यवस्थाको विकास किन र कहिले गरेका थिए भन्ने सम्बन्धमा ऋग्वेदको दशौं मण्डलमा लोक बृद्धिका लागि ब्रह्माले मुखबाट ब्राह्मण, बाहुबाट क्षेत्रीय, जाँघबाट वैश्य र खुट्टाबाट शूद्रको सृष्टि गरे भनिएको छ (साधना पाँकेट बुक्स, २०५९ वि.सं., पृ. ७) । तथापि यो भनाइले साङ्केतिक काम मात्र गरेको देखिन्छ । त्यसरी सृष्टि भएका भनिएका चारवटा समूहहरू नै पछि गएर चारवटा वर्णका रूपमा विकसित भएको मानिदै आएको छ । ऋग्वेदकालसम्ममा आर्यहरू माथिल्लो गङ्गासम्म र उत्तर वैदिककालमा सदानिरा (गण्डकी) क्षेत्रसम्म विस्तारित भएर राज्य सञ्चालन गरिसकेका थिए (मजुमदार, रायचौधरी र दत्त, १९९९ ई., पृ. ३९) । यसका आधारमा इशापूर्वको समयमा नै आर्यहरू वर्तमान नेपालका विभिन्न भागसम्मै विस्तारित भइसकेको देखिन्छ ।

झट्ट हेर्दा वर्ण र जातिमा समानता भएजस्तो देखिन्छ । तर जाति र वर्णका बीचमा भिन्नता छ । वर्ण प्रारम्भमा कामका आधारमा आर्यहरूले गरेको सामाजिक वर्गीकरण थियो । पछि ती वर्णहरूका बीचमा भएको अन्तरवर्णबाट उत्पत्ति भएका मानिसहरू भारतमा जातिका रुपमा चिनिएका थिए (दत्त, १९६८ ई., पृ. ३) । खासगरी भारतीय भूमिमा विकसित भएको हिन्दू धर्म र त्यसअन्तर्गतको वर्ण व्यवस्थाको विभाजनको प्रमुख आधार कार्यक्षमता थियो । प्रारम्भमा उनीहरूले मानिसहरूलाई कार्यक्षमताकै आधारमा प्रमुख रूपले चार भागमा वर्गीकरण गरेका थिए । पठनपाठन गर्नेहरू ब्राह्मण, शासन गर्नेहरू क्षेत्रीय, उद्योगधन्दा र कृषिकार्य गर्नेहरू वैश्य तथा प्राविधिक र सेवा सम्बन्धी काम गर्नेहरू शूद्र कहलिएका थिए (शाह र अरूअरू, २००६ ई., पृ. १९-२०) । ज्ञान, रक्षा, जीविका र सेवा मानव जीवनका चारवटा प्राकृतिक तथा स्वाभाविक इच्छाहरू भएको मानिदै आएको छ ।

वर्ण विभाजनको प्रमुख आधार कर्म र कर्म मापनको प्रमुख आधार मानिसमा निहित गुण, क्षमता, प्रवृत्ति र प्राकृतिक स्वभावलाई मानिदै आएको छ । प्राचीन आर्यहरूले भारतमा समाज अव्यवस्थित बन्दै गएपछि मानिसका आवश्यकता समान रूपले परिपूर्ति गर्न र सामाजिक व्यवस्थालाई निरन्तरता दिन केही सामाजिक नियमहरू निर्माण गर्नुपर्ने महसुस गरी वर्ण व्यवस्था कायम गरेका थिए । जुन मानिस जुन वर्णका लागि योग्य हुन्छ, त्यसैका आधारमा उनीहरूलाई विभाजन गरिएको थियो (बराल, २०५० वि.सं., पृ. ८-९) । आफ्नो कार्य क्षमताका आधारमा जुनसुकै मानिस पनि जुनसुकै वर्णमा रहन सक्दथे । मानिसका कार्यक्षमताहरू ज्ञान, रक्षा, जीविका र सेवा थिए (घुरे, १९७९ ई., पृ. ४४-४५) । त्यो वर्णविभाजनले गर्दा तत्कालीन

समाजमा मानिसको क्षमताअनुसारका काममा विशिष्टता आई सामाजिक मर्यादा पनि कायम हुन पुगेको प्रमाणहरूले देखाएको पाइन्छ ।

वर्ण व्यवस्था विभाजनको मूल आधार के थियो ? भन्ने सम्बन्धमा फरकफरक धारणाहरू प्रस्तुत गरिए पनि ऋग्वेदकालतिरै भारतमा हिन्दू समाज वर्ण व्यवस्थाको आधारमा चार भागमा विभाजित भएको विषयमा भने खासै विवाद रहेको पाइदैन । महाभारतमा हिन्दूहरूले सर्वप्रथम समाजलाई कामका आधारमा ब्राह्मण, क्षेत्रिय र वैश्य गरी ३ भागमा मात्र विभाजन गरेका र पछि सेवाका लागि चौथो वर्ण शूद्र निर्माण गरेको कुरा उल्लेख गरिएको छ (घुरे, १९६१ ई., पृ. ६३) । केही विद्वानहरूले वर्णहरू सुरूमा नै चारभागमा विभाजन गरिएको र केहीले शूद्र वर्णको निर्माण पछि गरिएको धारणा व्यक्त गरे पनि वर्णविभाजनमा यी चारवटै वर्णहरू समान रूपले ऋग्वेदकालदेखि नै रहँदै आएको देखिन्छ ।

बौद्ध धर्मका दार्शनिक ग्रन्थहरूमा भने ब्राह्मण, क्षेत्रीय, वैश्य, शूद्र र चाण्डाल गरी हिन्दू समाजलाई पाँच भागमा वर्गीकरण गरेको उल्लेख पाइन्छ । प्रारम्भमा क्षमतामा आधारित वर्ण व्यवस्था बिस्तारै समय बित्दै जाँदा बाध्यतामा आधारित वा जन्मका आधारमा वंशाणुगत बन्दै गएको थियो (घुरे, १९६१ ई., पृ. ६७) । यथार्थमा प्राकृतिक रूपबाट समेत मानिस स्वभावैले तीन वर्गमा विभाजित हुन्छ । ती तीनवटा वर्गहरूमध्ये पहिलो शासक/निर्देशक, दोस्रो प्रशासनलाई कार्यान्वयन गर्ने वा सैनिक कार्य गर्ने र तेस्रो श्रमिक काम गर्ने हुन्छन् (छिवर, १९६८ ई., पृ. ९) । हिन्दू वर्ण व्यवस्था पनि त्यस्तै विषयबस्तुलाई आधार बनाएर गरिएको वर्गीकरण भएको मानिदै आएको छ ।

आर्यहरूको आगमनपश्चात प्राचीन भारतीय समाजमा खेतिपाती र बन्दव्यापारको अझै बिस्तार हुँदै गएपछि श्रमको आवश्यकता र महत्व पनि उत्तिकै बढ्दै जान थालेको थियो । त्यस्तो अवस्थामा वर्णले विस्तारै वर्गीय रुप लिंदै जाँदा भारतीय समाज हुने र नहुनेमा विभाजित हुँदै गएको थियो । त्यसरी भएको वर्गको विकास विस्तारै वर्णसँग जोडिदै गयो र त्यही समयदेखि वर्ण व्यवस्थाले पनि संस्थागत रुप लिन पुगेको थियो (प्रश्रित, २०६३ वि.सं., पृ. ७२) । वर्ण व्यवस्थाले त्यसरी संस्थागत रुप लिएपछि ती वर्णहरूका बीचमा वर्णभेद पनि बढेर गएको थियो । आर्य समाजमा शूद्रहरूको अवस्था प्रारम्भदेखि नै खुट्टाबाट उत्पत्ति भएको स्वरुपमा हेरिदै आएकोमा उत्तरवैदिककालदेखि ती वर्णहरूका बीचको खाडल अझै बढ्दै गएको देखिन्छ ।

भारतीय आर्यहरूमा विस्तारै वर्णहरूकै बीचमा पनि सानो र ठूलो गरी वर्णभेद क्रमशः बढ्दै गएपछि शूद्र वर्णका मानिसहरू अन्य वर्णका मानिसहरूसँग कतिपय कार्यहरूमा सरिक हुन नपाउने भएका थिए (प्रश्रित, २०६३ वि.सं., पृ. ७२) । कार्यक्षमताका आधारमा विभाजित वर्ण व्यवस्था विस्तारै जन्ममा आधारित बन्दै जान थालेको थियो । यसले गर्दा बाबुआमा जुन

वर्णका थिए छोराछोरी पनि त्यही वर्णको बन्दै गएका थिए । क्रमशः समाजमा ब्राह्मणको स्थान सबैभन्दा माथि र शूद्रको सबैभन्दा तल हुन पुगेको थियो ।

हिन्दू समाजमा त्यस खालको वर्णभेद उत्तर वैदिककाल अर्थात इशापूर्व ८०० तिर सुरू भएको मानिदै आए पनि सामान्य भेद भने ऋग्वैदिककालदेखि नै देखिदै आएको मानिन्छ । वर्णहरूका बीचमा रक्तशुद्धता कायम राख्नका लागि समाजमा जतिसुकै कडा वर्णभेदसम्बन्धी नियमहरू बनाए पनि माथिल्ला वर्णका मानिसहरूले दास, युद्धबन्दी तथा शूद्र वर्णका युवतीहरूसँग छिट्फूट् रूपमा विवाह गर्ने क्रमले भने निरन्तरता पाइनै रहेको थियो । तर शूद्र तथा दासहरूले अन्य वर्णका महिलाहरूसँग प्रेम, विवाह, यौन सम्पर्क तथा दासताबाट मुक्त हुने विद्रोही प्रयासहरू भए पनि सफल हुन सक्दैनथे । त्यतिबेलादेखि नै शूद्र वर्णका मानिसहरूलाई अन्य वर्णका मानिसहरूले छुवाछूतको व्यवहार गर्न थालिसकेको हुनाले उनीहरूका ती प्रयासहरू निरर्थक मानिदै गएका थिए (प्रश्रित, २०६३ वि.सं., पृ. ७२) । यसरी हिन्दू समाजमा अन्तरवर्ण र अन्तरवर्गीय विवाहका आधारमा क्रमशः अन्तर जातको पनि विकास हुँदै गएको देखिन्छ ।

उत्तर वैदिककालको अन्त्यसम्ममा भारतीय समाजमा हुने र नहुनेहरूका बीचमा पनि भेद देखा परिसकेको थियो । मानिसहरूलाई विस्तारै पूर्ख्यौली पेसा अंगाल्दै जाँदा काम माझिदै र सीपको पनि विकास हुँदै गएको थियो (बेरेमेन, १९७२ ई., पृ. १९९-२००) यसले गर्दा काम सजिलो लाग्ने र एउटै पेसा अँगालिरहँदा मानिसहरू प्राविधिक बन्दै गएका थिए । ईशापूर्व ५०० को आसपाससम्म आइपुग्दा वर्ण व्यवस्थाबाटै जाति व्यवस्था पनि विकसित भइसकेको थियो (हावेल, मिति अनु., पृ. १७-१८) । यस्तो सामाजिक व्यवस्था कायम गरेकै कारण तत्कालीन भारतीय आर्यहरूको सभ्यता विश्वका अन्य सभ्यताहरूभन्दा निकै अगाडि रहेको देखिन्छ ।

सवर्णमा मात्र हुने वैवाहिक सम्बन्ध, रक्त शुद्धता कायम राख्ने प्रयास, काममा आएको प्राविधिकरण, हुने र नहुने बीचको भेद, खुट्टाबाट उत्पत्ति भएको भन्ने परम्परागत मान्यता, मानिसले मानिसलाई काममा जोताउने दासत्व प्रवृत्ति, केही तल्ला र फोहरी मानिएका काम गर्नु पर्ने बाध्यात्मक अवस्था जस्ता कारणहरूले गर्दा आर्य समाजमा वर्ण भेद, जातीय कट्टरता र छुवाछूतको अवस्था विकसित हुँदै गएको देखिन्छ । यसरी वर्णभेद र जातिभेदको विकास भएको समयका सम्बन्धमा विवाद देखिए पनि इशापूर्व ८०० देखि ५०० का बीचमा यस्तो भेदको विकास भइसकेको देखिन्छ । यस सम्बन्धमा केही विद्वानहरूले इशापूर्व ५०० सम्मको समयलाई पनि उत्तर वैदिककालभित्रै राख्ने गरेको पनि पाइन्छ ।

### ४.४.३ जाति, जाति व्यवस्थाको उत्पत्ति र विकास

जाति भनेको प्राथमिक रूपले एउटा समुदाय हो । त्यो समुदाय नश्लीय होइन र प्रजातीय पनि होइन । त्यो ऐतिहासिक दृष्टिले स्थापित एउटा समुदाय हो । यो कुनै अनियमित वा क्षणिक जमघटमात्र पनि होइन । त्यो एउटा स्थीर समुदाय हो जसको अधिक साझा भाषा हुन्छ । जाति हुनका लागि आपसी अन्तरभेद, गतिविधिगत भिन्नताहरूमा प्रजातीय र नश्लीय भेद पनि हुनुपर्ने मान्यता रहँदै आएको पाइन्छ । तर यो निश्चित गर्न सम्भव छैन कि कुनै जातिहरूका बीचमा कति भिन्नता हुनु आवश्यक छ (डार्विन, २०६९ वि.सं., पृ. ६८) । अधिक कुरामा समानतासँगै साझा भाषाका कारण अष्ट्रियामा चेक जाति, रूसमा पोशिल जाति, रोमन, ट्युटन, इटुष्कार, ग्रिक र अरवहरूको संयुक्त आधुनिक इटली जाति तथा गौल, रोमन, ब्रिटन, ट्युटन आदिको संयुक्त फ्रान्सेली जातिको निर्माण भएको थियो । प्रत्येक जातिका लागि एउटा साझा भाषा हुनुपर्ने भए पनि भिन्दाभिन्दै जातिका लागि भिन्दाभिन्दै भाषाहरू हुनु पर्दछ भन्ने छैन (स्टालिन, २०६७ वि.सं., पृ. १-२) । फरकफरक जातिका पनि एउटै भाषा हुन सम्भव रहन्छ । नेपालकै सन्दर्भमा हेर्दा पनि पश्चिमी तराई क्षेत्रमा बसोबास गर्दै आएका मुसलमान समुदाय र हिन्दू धर्म मान्ने मधेसी मूलका जातजाति तथा समुदायका मानिसहरूले समान रूपले अवधी भाषा नै बोल्दै आएको पाइन्छ । तर ती दुई समूहका बीचमा ठूलो जातीय र धार्मिक भिन्नता कायम रहेको पाइन्छ । यसका अतिरिक्त त्यहाँ हिन्दू धर्म मान्ने मानिसहरू जो समान भाषा बोल्दछन् तर उनीहरूका जातहरू भने अलगअलग रहेका पाइन्छन् ।

'जाति' भन्ने आशयको शब्द लेटिन भाषाको 'कास्टस' भन्ने शब्द समानको रहेको छ (दत्त, १९६८ ई., पृ. २) । त्यो शब्द सर्वप्रथम ईशाको १५औं शताब्दीतिर प्रयोगमा ल्याइएको थियो । अङ्ग्रेजी भाषामा 'जाति' जनाउन वि.सं.१५१२ मा सबैभन्दा पहिला 'काष्ट' शब्दको प्रयोग गरिएको थियो । यसको प्रयोग भारतीय समाजमा रक्तशुद्धता कायम राख्ने उद्देश्यका साथ सामाजिक विभाजनका रुपमा गरिएको थियो । जाति भनेको नजिकका सहयोगी, आर्थिक अधिकारप्राप्त समूह, वंशाणुमा भएको समानता, स्वतन्त्र र परम्परागत सङ्गठन हो, जो एउटा काउन्सील र नेतृत्वमा आवद्ध रहेको हुन्छ । यो एउटा श्रेणी, पङ्क्ति, सवर्णीय विवाह तथा यो समाजको एउटा त्यस्तो वर्गीकरण हो जुन वंशाणुगत र स्थाई हुन्छ (बेरेमेन, १९७२ ई., पृ. १९९) । वास्तवमा जात परिवारहरूको समूह हो जुन सामुहिक नामबाट चिनिन्छ । उनीहरूका आदिम पूर्खा एउटै हुन्छन् । वंशाणुमा समानता हुन्छ । सामान्यतः उनीहरू समान पेसामा आवद्ध हुन्छन् । तिनीहरूमा स्ववंशाभ्यन्तर विवाह हुन्छ । जन्मसिद्धका आधारमा कायम हुन्छ । प्रारम्भमा एउटै समूह भएपनि विस्तारै उप-समूहहरूमा विभाजित हुँदै जान्छन् । उनीहरूको

लवाईखवाई समान हुन्छ । उसको पदीयता त्यतिबेलासम्म समान हुन्छ, जतिबेलासम्म उसले त्यो समाजको सामाजिक नियमको पालना गरिरहन्छ । त्यस्ता जातिहरूका फरकफरक सामाजिक-सांस्कृतिक नियमहरू हुन्छन् । त्यस्ता जातिहरूको सङ्ख्या भारतमा ३००० भन्दा बढी रहेको छ (दत्त, १९६८ ई., पृ. ३) । यस्ता विश्लेषणहरूका आधारमा जाति भनेको समान वंश, गुण र स्वरुप भएका मानिसहरूको एउटा समूह भएको देखिन्छ ।

भारतमा शत्रौं शताब्दी पछि मात्र 'जाति' शब्द प्रचलनमा ल्याइएको थियो । फ्रान्सेली शब्दकोषमा वि.सं.१७९७ मा मात्र यो 'जाति' बुझाउने शब्द प्रयोगमा ल्याइएको थियो । त्यस्ता व्यवस्थाहरूमध्ये भारतमा धर्मका आधारमा स्थापना गरिएको एउटा मौलिक व्यवस्था जाति व्यवस्था थियो । भारतमा भएको जाति व्यवस्थाका प्रवर्त्तक इन्डो-यूरोपियन भाषी आर्य प्रजातिका मानिसहरू थिए । त्यसरी विकसित भएको भारतमा विद्यमान जाति व्यवस्था सेनामा भएको पदीय मर्यादा जस्तै ठूलोदेखि सानोसम्म क्रमबद्ध रूपमा विकसित भएको थियो (डुमो, २००४ ई., पृ. ६५) । अङ्ग्रेजी भाषामा त्यो पदीय क्रमलाई 'हाइरार्की' भनिन्छ । यसले मानिसहरूका बीचको वर्गीयता, भिन्नता, असमानता, विभेद तथा फरक स्वरूपलाई जनाउँदै आएको पाइन्छ ।

पदीयता भन्ने कुरा संसारका धेरैजसो जीवजन्तुहरूमा समेत कायम रहेको पाइन्छ । पशुपङ्क्षिमा पनि शक्तिका आधारमा ठूलो-सानो हुने गर्दछ भने मानिसमा पनि त्यो प्राकृतिक नियम जस्तै बनेर लागु हुँदै आएको पाइन्छ । सक्नेले नसक्नेलाई दवाउँछ, मत्स्य न्यायमा ठूलो माछाले सानो माछालाई खाएजस्तै हुन्छ (डुमो, २००४ ई., पृ. ७४,९३) । हिन्दू समाजमा विकसित भएको जाति व्यवस्था र वर्ण व्यवस्था फरक विषयहरू हुन् । तर जातिको विकास भने वर्णकै आधारमा भएको हो भन्ने कुरामा धेरै विद्वानहरू सहमत देखिन्छन् । वास्तवमा जाति उत्पतिको पूरै आधार वर्ण व्यवस्था मात्र भने होइन । विश्वमा वर्ण व्यवस्था नभएका मुलुकमा पनि जाति व्यवस्था भएको पाइन्छ । जाति व्यवस्था पूर्णरूपले व्यवसायमा मात्र पनि आधारित हुँदैन । यस अर्थमा जाति व्यवस्था उत्पत्तिका आधारहरू वर्ण व्यवस्था, व्यवसाय, भाषा, भिन्न स्थान, नश्ल, आर्थिक अवस्था, सामाजिक अस्तित्व आदि हुन् (स्हु, १९६३ ई., पृ. ९३-९४) । तथापि भारतीय आर्य समाजमा भने जाति व्यवस्था विकासको प्रमुख आधार वर्ण व्यवस्थालाई नै मानिदै आएको पाइन्छ ।

भारतमा प्रारम्भिक जाति विभाजनको प्रमुख आधार व्यवसाय, क्षमता, अनुभव र धन आर्जन थिए । ती जातिहरूका बीचमा अधिकार, पोशाक, व्यवसाय, र खानामा भिन्नता थिए । भारतमा इन्डो-आर्यन वर्गका मानिसहरू जो गङ्गाको मैदानी भागमा लामो समयदेखि बसोबास गर्दै आएका थिए, उनीहरू नै त्यहाँको जाति व्यवस्थाका सर्जकहरू मानिदै आएका छन् ।

वास्तवमा उनीहरू इन्डो-युरोपीयन, इन्डो-जर्मन, ट्युटोन, रोमन तथा इरानी मूलका मानिसहरूहमध्येकै एक शाखा थिए । स्पेनिस, पोर्चुगिजहरूसँग ५००० इशापूर्वतिर ती मानिसहरूको निकटको सांस्कृतिक सम्बन्ध रहेको थियो (स्हु, १९६३ ई., पृ. ९३-९४) । पछि तिनीहरू विस्तारै भारतसम्म पनि विस्तारित हुँदै आएका थिए ।

भारतमा भएको जाति व्यवस्थाको उत्पत्तिका सम्बन्धमा प्राप्त परम्परागत धारणानुसार मुर्धभाशिक्त(ब्राह्मण र क्षेत्रीय), महिस्य(क्षेत्रिय र वैश्य), करन(वैश्य र शूद्र), अम्बास्थ(ब्राह्मण र वैश्य), निषाद(ब्राह्मण र शूद्र), उग्र(क्षेत्रीय र शूद्र), शुत(क्षेत्रिय र ब्राह्मण), मगध(वैश्य र क्षेत्री), वैदेह(वैश्य र ब्राह्मण), अयोगव(शूद्र र वैश्य), क्षेत्री(शूद्र र क्षेत्रीय), चाण्डाल(शूद्र र ब्राह्मण), अभृत्त(ब्राह्मण र उग्र), आभिर(ब्राह्मण र अम्वास्थ), धिग्वर्ण(ब्राह्मण र अयोगव), पुक्कस(निषाद र शूद्र), सम्पक(क्षेत्रिय र उग्र), मेना(वैदेह र अम्बास्थ), शौरिन्धर(दश्यु र अयोगव), मैत्रेयक(वैदेह र अयोगव), भार्गव, कैवर्त र दास(निषाद र अयोगव), करवर(निषाद र वैदेह), मेडा(वैदेह र निषाद), आन्ध्र(वैदेह र कारावर), पण्डुसोपक(चाण्डाल र वैदेह), अहिन्डिका  (निषाद र वैदेह), स्वपाक(चाण्डाल र पुक्कस), अन्त्यभारइन(चाण्डाल र विषाद) जस्ता जाति तथा वर्णहरूको मिश्रणबाट भएको हो (दत्त, १९६८ ई., पृ. ५-६) । यसका आधारमा भारतमा जाति व्यवस्थाको विकास दुई भिन्न वर्ण वा समुदाहरूयको मिश्रणबाट भएको देखिन्छ ।

जाति व्यवस्था इन्डो-इरानीकालमा पनि त्यहाँको समाजलाई भारतको वर्ण व्यवस्था जस्तै गरी अथर्व(पुजारी), लडाकु, भस्त्रीय सुयन्टस्(कल्टीभेटर) र हुइटिस(आर्टिसेन्स) गरी चार भागमा नै विभाजन गरिएको थियो । त्यसै गरी ग्रीक र रोमको सभ्यताकालमा पनि मानिसहरूलाई विभिन्न भागमा विभाजन गरिएको थियो । त्यतिबेला रोममा जेन्स, कुरिया, ट्राइव नामका मानव समूहहरू थिए भने ग्रीसमा फेमिली, फ्रटेरिया, फाइले जस्ता समूहहरू थिए । त्यहीअनुरुपको व्यवस्थालाई भारतमा गोत्र, जाति भनिएको थियो (दत्त, १९६८ ई., पृ. १५) । जाति व्यवस्था प्राचीनकालमा भारतभन्दा बाहेक युरोपका विभिन्न भागमा पनि विकसित भएको पाइन्छ । तर त्यो व्यवस्था त्यहाँ लामो समयसम्म स्थाई रुपले टिक्न सकेको थिएन । इरानीहरूले पनि व्यवसायका आधारमा मानिसलाई विभिन्न भागमा वर्गीकरण गरेका थिए । तर त्यो विभाजन पनि लामो समयसम्म टिक्न सकेको थिएन । मध्यकालीन युरोपमा पनि पादरीहरूको स्थान समाजमा अन्यको भन्दा उच्च थियो । विवाह नगर्ने हुनाले उनीहरूलाई पूजारीका रुपमा मात्र हेरिन्थ्यो । भारतमा जाति व्यवस्थाको विकास खासगरी सफा वर्णका आर्य र धब्बा वर्णका अनार्यहरूलाई छुट्ट्याउनका लागि गरिएको थियो (दत्त, १९६८ ई., पृ. २९) । त्यतिबेला कामका आधारमा पुजारी, शाशन गर्ने र धन कमाउने आर्यहरू थिए भने उनीहरूको सेवा गर्ने र प्राविधिक, पप्ठ्यारा र केही फोहरी मानिएका कामहरू गर्ने गैह्रआर्यहरू थिए । त्यो

समाजमा पुजारी र झाँक्रीहरू विस्तारै सम्मानित बन्दै गएका थिए (दत्त, १९६८ ई., पृ. २९) । यसरी जाति व्यवस्था भारतमा मात्र विकसित भएको व्यवस्था नभएर विश्वका अन्य भागमा पनि विकसित भएको देखिन्छ । तर भारतीय जाति व्यवस्था विश्वका अन्य ठाउँमा विकसित भएको व्यवस्थाभन्दा यस अर्थमा भिन्न थियो कि त्यो जाति व्यवस्था वर्ण व्यवस्थाबाट विकसित भएको थियो ।

वास्तवमा प्रारम्भमा मानिसको एउटा मात्र जात थियो । पछि उनीहरूका फरकफरक पूर्खाका आधारमा जात निर्धारण गरिएको हो । त्यसलाई एकथरी परिवारहरूको सङ्कलन मानिएको छ । विना वर्गीकरण मानिसको व्यक्तिगत परिचय दिन नसकिने हुनाले भारतमा आर्यहरूले सबै समूहका मानिसहरूको परिचयलाई प्राथमिकता दिनका लागि जातको विकास गरेका थिए । त्यो व्यवस्थाको विकासको प्रारम्भ वर्ण विभाजनबाट गरिएको थियो (हट्टन, १९६३ ई., पृ. ४८) । तत्कालीन समयमा त्यही विभाजनका कारण मानिसको पहिचान खुलेको मानिदै आएको छ ।

जाति व्यवस्था इन्डो-आर्यन संस्कृतिका ब्राह्मणहरूको सन्तान हो जो गंगा-जमुनाको मैदानमा जन्मी-हुर्किएर देशका कुनाकुनासम्म विस्तारित हुँदै गएको थियो (घुरे, १९६१ ई., पृ. ६१) । वर्तमान भारत र नेपाललगायतका मुलुकहरूमा रहेका हिन्दू धर्मावलम्बी जातिहरू तिनैका सन्तान थिए ।

भारतीय विद्वान भीमराव अम्बेडकरले जाति व्यवस्थालाई बहुसङ्ख्यक जनसमुदायमाथि राजनैतिक एवम् प्रशासनिक वर्चश्व कायम राख्ने सिमित मान्छेहरूको हातको तरवार हो भन्ने धारणा व्यक्त गरेका थिए (दास, १९७९ ई., पृ. १७०) । यस विषयमा पनि फरकफरक मानिसहरूले फरकफरक धारणाहरू प्रस्तुत गर्ने गरेको पाइन्छ । तथापि भारतमा विकसित भएको जाति व्यवस्थाको आधार वर्ण व्यवस्था भएको र वर्णहरूका बीचमा मिश्रण नभई रक्तशुद्धता कायम राख्नका लागि त्यसको निर्माण गरिएको कुरामा अधिकांस विद्वानहरू सहमत भएको पाइन्छ ।

उत्तरवैदिककाल अथवा ईशापूर्व ८०० को आसपासदेखि हिन्दू समाजमा धेरै थरिका पेसाहरू विकसित हुँदै गएका थिए । फलस्वरूप पेसाका आधारमा पनि बिस्तारै विभिन्न जातजातिहरू विकसित हुने सङ्केतहरू देखा परेका थिए । हुनत कतिपय विद्वानहरूले वर्ण व्यवस्था र जाति व्यवस्था एउटै भएको धारणा पनि व्यक्त गरेका छन् । तर यथार्थमा जाति व्यवस्था र वर्ण व्यवस्थामा भिन्नता रहेको पाइन्छ । यद्यपि वर्ण व्यवस्था जाति व्यवस्था उत्पत्तिको आधार भने अवश्य हुन गएको देखिन्छ ।

ईशापूर्व छैटौं शताब्दीको आसपाससम्म आइपुग्दा आर्यहरूमा जातीय शुद्धताको विषयले प्राथमिकता पाइसकेको थियो । त्यही शताब्दीको आसपासदेखि भारतमा जन्मका आधारमा व्यवसाय र व्यवसायका आधारमा जाति निर्धारण गर्न थालिएको थियो (सिङ्घल, १९७२ ई, पृ. ७-१३) । यसरी जातीय शुद्धता कायम राख्न सवर्ण विवाह हुनुपर्ने आवश्यकता उनीहरूले महसुस गरिसकेका थिए (सेनार्ट, १९७५ ई., पृ. ४६-४७) । त्यस्तो अवस्थामा आफ्नो वर्णभन्दा बाहेकका स्त्रीसँग विवाह गरी जन्मिएका सन्तानलाई कुन वर्ण वा जातिमा राख्ने भन्ने समस्या पनि देखिदै गएपछि हिन्दू आर्यहरूले आफ्नो समाजमा स-वर्णभन्दा बाहिरका स्त्रीसँग विवाह गर्न नपाउने नियम बनाएका थिए । तर त्यो नियमको पूर्णरुपले पालना नहुँदा जातिहरूको सङ्ख्या क्रमिक रुपले वृद्धि हुँदै गएको थियो (घुरे, १९६१ ई., पृ. ५२) । यसरी हेर्दा भारतमा जातिहरूको सङ्ख्या बढ्ने  आधार वर्णशङ्कर पनि एक भएको पाइन्छ ।

भारतमा आर्यहरूले कामका आधारमा वर्णको विकास गरे पनि जातिको उत्पत्ति जन्मका आधारमा समेत भएको थियो (विश्वास, १९८२ ई., पृ. ८५) । त्यहाँ बुद्धकालभन्दा अगाडि नै आर्यहरूका बीचमा धेरै जातिहरू विकसित भइसकेका थिए । पौराणिककालसम्म आइपुग्दा जाति विभाजनको प्रवृत्ति अझै तीव्र गतिले अगाडि बढ्दै गएको थियो । त्यो पौराणिककालमा खासगरी पुरोहित वर्गको प्रभाव यस्तो तरिकाले बढ्यो कि उनीहरूले आफ्नो व्यवसायभन्दा बाहेकका अन्य व्यवसायीहरूलाई तल्लो स्तरको सम्झन थालेका थिए । त्यसले गर्दा हिन्दू समाजमा जातीय भेदले प्राथमिकता पाउँदै गएको मानिन्छ ।

जाति विकासका क्रममा धेरैजसो जातिहरू परम्परादेखि नै विशेष पेसासँग आवद्ध रहँदै आएका आधारमा पनि कायम हुन पुगेका थिए । त्यस्ता जातिहरू जसले जस्तो पेसा अँगाल्दछ त्यही पेसाका आधारमा लोहार, चमार, धोवी, व्याधाजस्ता नामहरूबाट पनि परिचित हुँन पुगेका थिए । साधारणतः प्रत्येक जातिमा परम्परागत पेसाहरू भएकाले जाति र पेसाका बीचमा घनिष्ट सम्बन्ध कायम रहन गएको थियो (प्रज्पी, १९७० ई., पृ. १४) । उत्तरवैदिककालभन्दा पछि पनि हिन्दू समाजमा व्यवसायका आधारमा जातिहरूको नाम राख्ने प्रचलन कायम रहँदै आएको पाइन्छ । सुनार, लोहार, चिडिमार, धोवीजस्ता व्यवसायका आधारमा नाम राखिएका जातिहरू अहिले पनि नेपालमा रहँदै आएका छन् ।

जातको उत्पत्तिको प्रमुख आधार समाजमा विभिन्न किसिमका कामहरूको बाँडफाँड तथा श्रम विभाजन हुनु र वैदिक र अवैदिक जनहरूका बीचमा संघर्ष र सामञ्जस्यको क्रम अगाडि बढ्नु थियो (प्रश्रित, २०६३ वि.सं., पृ. ७०) । उत्तर वैदिककालभन्दा पछाडि पेसाको आधारमा कपाल काट्ने नाउ, सिकर्मी काम गर्ने तक्ष, रथ बनाउने रथकार, औषधीमूलो गर्ने भिषक, फलामको काम गर्ने कर्मार, छालाको काम गर्ने चर्मन, रथ चलाउने सूत, द्वारपालको

काम गर्ने क्षत्ता, माटाका भाँडा बनाउने कुमाल, व्याधाको काम गर्ने निषाद वा पञ्जिका, धनुष बनाउने इषुकृत, शिकारी कुकुर पाल्ने श्वनी, स्तुतिपाठक मागध, अभिनेता शैलुष, रक्सी बनाउने सुराकार, डोरी बाट्ने रजक वा सर्गजस्ता जाति भएका थिए (प्रश्रित, २०६३ वि.सं., पृ. ८१) । यसरी हिन्दू समाजमा जाति व्यवस्था विकासको प्रमुख आधार अन्तरवर्ण विवाहका अतिरिक्त व्यवसाय वा पेसा पनि बन्न गएको देखिन्छ ।

जातिप्रथाको विकासकै सन्दर्भमा 'वर्ग प्रथाको ढाँचा एक वा त्यसभन्दा बढी विषयहरूमा पूर्णतया बन्द भएपछि त्यो जाति प्रथा बन्दछ' भन्ने धारणा पनि व्यक्त गरिएको पाइन्छ (बराल, २०५० वि.सं., पृ. ५२) । भारतीय हिन्दू समाजमा जातिप्रथा परिवारको सङ्कलनको वृहत रूपबाट विकसित भएको थियो । त्यो जन्मका आधारबाटै निश्चित भएको वर्ग थियो । ऋग्वेदकालभन्दा पछाडि क्रमशः हिन्दू समाजमा जाति व्यवस्था अन्तरवर्णीय विवाह गर्ने समूहरूबाट विकसित हुँदैगएको थियो । त्यसको सदस्यता वंशउपर आधारित थियो । त्यसले बिस्तारै आफ्ना सदस्यहरूलाई सामाजिक सम्बन्धमा केही प्रतिबन्धहरू लगाउँदै गएको थियो । त्यसमा पनि छुट्टै समूहले छुट्टै व्यवसाय अँगाल्दै जान थालेका थिए । उनीहरूले केही निश्चित उत्पादनमा अधिकार जमाउँदै गए र सामुहिक नियमहरू पालन गर्नुपर्ने बाध्यात्मक अवस्था पनि सिर्जना गर्दै गएका थिए । त्यसले गर्दा मानिसहरूमा एउटा छुट्टै सजातीय वर्ग सिर्जना हुन पुगेको थियो । त्यही वर्ग क्रमशः जातिको रूपमा विकसित हुन पुगेको देखिन्छ ।

सामान्यतः जाति भन्नाले आफ्नै समूहभन्दा बाहेक अन्य समूहमा विवाह नगर्ने, अन्य समूहसँग खानपानमा प्रतिबन्ध भएको, आफ्नो समूहको छुट्टै पेसा निश्चित भएको, अन्य समूहसँग उँचनीचको व्यवहार भएको, जन्मको आधारमा समूह निर्धारित भएको तथा सामूहिक नियमहरू पालन गर्नुपर्ने बाध्यात्मक अवस्था भएको समूहलाई बुझ्नु पर्दछ (शर्मा, १९६६ ई., पृ. ३८-३९) । यसरी जाति व्यवस्थामा समयको अन्तरालसँगै धेरै कुरामा भिन्नताहरू बढ्दै गएका कारण एउटा जातिले अर्को जातिसँग गर्ने व्यवहारमा पनि क्रमिक रूपमा भिन्नताहरू बढ्दै गएको पाइन्छ ।

जाति व्यवस्थाले गर्दा हिन्दू समाज विभिन्न खण्डमा विभाजन भएको थियो । यो व्यवस्था लागु भएपछि एउटा जाति वा समूहको मानिस अर्को जाति वा समूहको सदस्य बन्न नसक्ने अवस्था सिर्जना भएको थियो किनकी उसले आफ्नो समूहका नियमहरूको पालना अनिवार्य रूपले गर्नुपर्ने हुन्थ्यो । यदि उसले समूहका नैतिक नियमहरूको पालना नगरेमा आफ्नो समूहको रक्षार्थ निर्माण गरिएका सामाजिक संस्थाहरूले उसलाई दण्ड गर्दथे (घुरे, १९६१ ई., पृ. १६८) । त्यस्ता बाध्यात्मक नियमहरूका कारण मानिसहरू आफ्नै एउटा निश्चित वर्ग, समूह वा जातिमा क्रमिक रुपले आबद्ध हुँदै जान बाध्य भएको देखिन्छ ।

वास्तवमा जातिप्रथा एउटा जटिल विषय पनि हो । यसको अध्ययनमा धेरै विद्वानहरू लागिपरेका पनि छन् । यस विषयमा धेरै अनुसन्धानकर्ताहरूले धेरै सिद्धान्तहरू प्रतिपादन गरिसकेका छन् । त्यस्ता सिद्धान्तहरूमध्ये परम्परागत सिद्धान्त सबैभन्दा महत्वपूर्ण मानिदै आएको छ । यस सिद्धान्तअनुसार चारवटा वर्णका बीचमा अनुलोम र प्रतिलोम विवाह भएपछि जातिको उत्पत्ति भएको थियो । माथिल्लो जातको केटा र तल्लो जातको केटीसँग हुने विवाह अनुलोम र तल्लो जातको केटासँग माथिल्लो जातकी केटीको विवाहलाई प्रतिलोम विवाह भनिन्थ्यो । त्यस्तो विवाहबाट उत्पन्न सन्तान न त आमाको न त बाबुको वर्णमा नै आबद्ध हुन पाउँदथ्यो । तिनीहरूलाई पाँचौ, छैटौं वर्णमा गणना नगरेर छुट्टै जातिका रूपमा गणना गर्न थालिएको थियो । वर्ण एउटा खाका हो भने जात त्यस भित्रको एउटा समूह हो (भट्टचन, २०६५ वि.सं., पृ. १३) । हिन्दू समाजमा अहिलेसम्म पनि वर्ण चारवटा मात्र रहेका छन् भने जातिको सङ्ख्या धेरै भइसकेको पाइन्छ । एउटै वर्णमा पनि धेरै जातिहरू कायम भएका हुन्छन् । शूद्र वर्णमा नेपालमै पनि बीसभन्दा बढी जातिहरू रहिआएको पाइन्छ ।

भारतीय हिन्दू समाजमा मात्र नभएर संसारका अन्य विभिन्न ठाउँहरूमा र अन्य धर्म मान्ने मानिसहरूमा पनि जातिप्रथा कायम रहेको पाइन्छ । इजिप्ट, पश्चिम एसिया, चीन, जापान, अमेरिका, रोम र युरोपका कतिपय भागमा पनि जाति र जातिजस्तै वर्गमा विभाजित भएका मानिसहरू पाइन्छन् (घुरे, १९६१ ई., पृ. १६८) । इजिप्टमा पिरामिडको समयमा भूमिपतिहरू, खेतिपाती गर्ने कृषि मजदुरहरू र दासवर्गका मानिसहरू बसोबास गर्दथे । पछिल्ला दुई समूह पहिलो समूहभन्दा यस अर्थमा फरक थिए कि उनीहरू पहिलो वर्गमाथि निर्भर रहन्थे । त्यहाँका अठारौं पुस्ताका शासकले सरकारी आदेश दिएका आधारमा इजिप्टमा पिरामिडकालीन समाजमा चारवटा वर्गहरू भएको घोषणा गरेका थिए । तिनीहरू पूजारी, सिपाही, निर्माणकर्ता र सेवाधारी वर्गहरू थिए । तिनीहरूमध्ये पहिला दुईवटा वर्गको अस्तित्व केही राम्रो थियो भने पछिल्ला दुईवटा वर्ग समाजको सेवाका लागि निर्माण गरिएका मानिन्थे (घुरे, १९६१ ई., पृ. १६८) । यस अर्थमा जाति व्यवस्था एउटा छुट्टै र अनौठो व्यवस्था नभएर विश्वमानव समाजमा कायम रहँदै आएको एउटा वर्गीकरण मात्र भएको देखिन्छ । यस्तो वर्गीकरणले सम्बन्धित वर्ग वा जातिको पहिचानमा सरलता कायम गर्न मद्दत पुऱ्याएको पनि देखिन्छ । त्यसका आधारमा पछि गएर मानिसहरूले आफ्नो हक र अधिकारको खोजि गर्न पनि निकै सहज वातावरणको परिस्थिति सृजना गरेका आधारमा एकातिर जात मानिसको पहिचानको आधार र अर्कातिर अधिकारको खोजि गर्ने माध्यम पनि बन्न पुगेको पाइन्छ ।

### ४.४.४ शूद्र वर्णमा छुवाछूतको उत्पत्ति र विकास

ऋग्वैदिककाल (१५००-१२०० ई.पू.) मा वर्ण व्यवस्था तत्कालीन भारतीय समाजलाई व्यवस्थित तुल्याउने उद्देश्यले ब्राह्मण, क्षेत्रिय, वैश्य र शूद्र गरी चार भागमा विभाजन गरिएको व्यवस्था थियो । त्यसरी विभाजन गर्दा शूद्र वर्णका मानिसहरूलाई सेवाधारी वा श्रमिकको स्तरता कायम गरिएको थियो । त्यतिबेला वर्ण व्यवस्था जन्म वा वंशजका आधारमा निर्धारण गरिदैनथ्यो । श्रमको स्वरूपका आधारमा वर्ण निर्धारण गरिन्थ्यो । वर्णहरूका बीचमा प्रारम्भदेखि नै वर्गीयताको आभास भएपनि छुवाछूतसम्बन्धी भावनाको परिकल्पनासमेत गरिएको थिएन (दत्त, १९६८ ई., पृ. २९) । इशापूर्व आठौं, सातौं शताब्दीसम्म आइपुग्दा वर्णहरूकै बीचमा पनि विभेदको विकास भई अनेकौं निषेध, परहेज र केही जटिलताहरू थपिदै गएका थिए । ऋग्वैदिककालका ब्राह्मण, क्षेत्रिय, वैश्य र शूदहरूमध्ये शूद्रवर्णका मानिसहरूलाई त्यो समयसम्म आइपुग्दा तल्लो वर्णका मान्ने परम्परा प्रत्यक्ष रुपमा विकसित हुँदै गएको थियो । साङ्केतिक रूपमा वर्णको उत्पत्तिकालदेखि नै शूद्र वर्णका मानिसहरूलाई पैतालाबाट उत्पत्ति भएका मानिसका रूपमा हेरिँदै आए पनि व्यवहारमा भने भेदभाव गरिएको थिएन । ब्राम्हण साहित्यको युगसम्म आइपुग्दा शूद्र वर्णका मानिसहरूलाई समाजमा अनेकौं भेदभावपूर्ण व्यवहारहरू गर्न थालिएको थियो । उनीहरूलाई अनेकौं सामाजिक व्यवहारबाट अलग्याइँदै लगिएको थियो (क्षेत्री र खतिवडा, २०५४ वि.सं., पृ. २१०) । त्यस्तो सामाजिक विभेदको व्यवहार अन्ततः छुवाछूतको अवस्थासम्म पुगेको थियो ।

वर्ण उत्पत्तिका सर्जक आर्यहरूको सङ्ख्या भारतीय उपमहाद्वीपमा पुराना बासिन्दाहरूको भन्दा कम थियो । त्यस्तो अवस्थामा पनि आर्यहरूको अनार्यसँग संसर्ग भएमा रक्तशुद्धता गुम्ने डरले त्यसलाई जोगाइ राख्न उनीहरूले विभिन्न विधि र नियमहरूको निर्माण गर्दै गएका थिए । आफ्नो रक्तशुद्धता र संस्कृति जोगाई राख्न उनीहरूले विभिन्न चुनौतीहरूको पनि सामना गर्नु परेको थियो । त्यसबाट जोगिन आर्यहरूले शूद्र र दासहरूका निम्ति केही परहेज, निषेध र बन्देजहरूको व्यवस्था गरेका थिए । त्यो व्यवस्थालाई सामाजिक वहिस्करण वा अपवर्जनको नीति (policy of social Exclusiveness) भनिएको थियो (क्षेत्री र खतिवडा, २०५४ वि.सं., पृ. २०८) । त्यही समयदेखि शूद्र वर्णका मानिसहरूको अवस्था सामाजिक रुपले केही अमर्यादित बन्दै गएको र छुवाछूतजन्य व्यवहार विकसित हुँदै गएको थियो ।

ब्राह्मण साहित्यको युगसम्म आइपुग्दा केही पुरोहितहरूले वेदका ऋचा तथा शुक्तहरूलाई आफू अनुकुल व्याख्या, विश्लेषण गर्न थालेपछि कर्मकाण्डमा केही जटिलता उत्पन्न भएको थियो । त्यसले गर्दा ब्राह्मणभन्दा बाहेकका अन्य वर्णका मानिसहरूले ब्राह्मणवृत्ति

अपनाउन नसक्ने अवस्था सृजना भएको थियो । त्यस्ता परहेजहरूका कारण मानिसहरू जुन वर्णमा जन्मिएको हो त्यही वर्णको पेसा अपनाउन बाध्य हुँदै गएका थिए (क्षेत्री र खतिवडा, २०५४ वि.सं., पृ. २०७) । त्यस्तो व्यवस्थाले गर्दा समाजमा एकातिर व्यवसायमा प्राविधिकता आएको थियो भने अर्कातिर स्वतन्त्र रुपले व्यवसाय रोज्न नपाउने अवस्था पनि सिर्जना भएको थियो ।

मनुष्मृतिकाल(२००ई.पू.-२००ई.)देखि प्रतिलोम विवाहबाट जन्मिएका सन्तानहरू, अपराधीहरू जस्तै ब्राह्मणको सुन चोर्ने, रक्सी खाने, ब्राह्मण हत्या गर्ने आदिलाई पनि दण्डस्वरुप जातिभ्रष्ट गरेर शूद्रमा गणना गर्न थालिएको थियो । त्यसरी शूद्र बनेकाहरूसँग सँगै बसेर खाना नखाने, तिनलाई नछुने, तिनीहरूसँग विहावारी नगर्ने गर्न थालिएको थियो । त्यतिवेला ती आर्यहरूको धर्मसँग नमिल्ने वा अनिश्वरबादी मानिसहरूलाई समेत अछूतमा गणना गरिएको थियो (प्रश्रित, २०६३ वि.सं., पृ. ८७) । त्यस्तो व्यवस्थाले गर्दा विस्तारै जातिभेद वा छुवाछूतप्रथाले संस्थागत रुप लिन पुगेको थियो ।

हिन्दू समाजमा बिस्तारै माथिल्ला वर्णहरू र तल्लो वर्णका बीचको वैवाहिक माध्यमबाट जन्मिएका सन्तानहरूलाई पनि छुट्टै जाति कायम गरी अछूतको व्यवहार गर्न थालिएको थियो (पाण्डे, १९६९ ई., पृ. १७८) । यसका अतिरिक्त केही खास व्यवसाय गर्ने मछुवा, मृग आदि मार्ने, व्याधा, सौनिक(कसाई), शाकुनिक(चराचुरुङ्गी छोपेर बेच्ने वा मार्ने), धोवीजस्ता जातिहरूसँग छोइएमा नुहाएर मात्र चोखिनेप्रथा विकसित हुँदै जाँदा शील्प र श्रमका काम गर्ने मानिसहरू अछूतमा गणना हुँदै गएका थिए (गेटउड, १९८५ ई., पृ. ३०-३१) । हिन्दू समाजमा यो परम्परा करिव पच्चीस सय वर्षदेखि कायम रहँदै आइरहेको छ (क्षेत्री र खतिवडा, २०५४ वि.सं., पृ. ८७) । अहिले पनि नेपाल, भारतलगायतका मुलुकहरूमा यो छुवाछूतप्रथा कायम रहँदै आएको पाइन्छ ।

अस्पृश्यताको भावना हिन्दू समाजमा विकसित हुनाका अरू कारणहरूमध्ये दुश्कर्म गर्ने मानिसहरू, जसलाई समाजबाट निष्काशन गरिन्थ्यो वा सामाजिक रूपले बहिस्कार गरिन्थ्यो, ती मानिसहरूसमेतलाई शूद्रको दर्जामा राखेर अछूतको व्यवहार गर्न थालिएको थियो (गेटउड, १९८५ ई., पृ. ३०-३१) । त्यस्ता बहिस्कृत मानिसहरूसँग सँगै बसेर खानपान गर्ने अथवा यौनसम्पर्क राख्ने व्यक्तिहरूलाई पनि अछूतमा नै गणना गर्न थालिएको थियो (गेटउड, १९८५ ई., पृ. ३१) । मनुष्मृतिकालभन्दा पछाडिको समयमा त्यस्ता अस्पृश्यमा झारिएका मानिसहरूसँग छोइयो भने चोखिनका लागि लुगासहित स्नान गर्नु पर्दछ भन्ने मान्यता विकसित भएको थियो (शर्मा, २०५८ वि.सं., पृ. ६१) । छुवाछूतको भावना विकसित गराउने अर्को कारण हीन मानिएका व्यवसाय अपनाउनु पनि थियो । समाजका कतिपय त्यस्ता तल्लो स्तरका मानिएका

कामहरू, जसलाई त्यतिबेला हीन व्यवसाय मान्ने गरिन्थ्यो, त्यस्ता व्यवसाय अपनाउने मानिसहरू वैदिककालभन्दा पछि सामाजिक रूपले हीनमा गणना हुँदै गए र अन्तमा उनीहरूसमेत अछूत बन्न पुगेका थिए (शर्मा, २०५८ वि.सं., पृ. ६१) । त्यसरी व्यवसायका आधारमा पनि अछूत बन्ने प्रचलन हिन्दू समाजमा क्रमशः विकसित हुँदै गएको पाइन्छ ।

मनुकालसम्म वा इशापूर्व २०० देखि इस्वी २०० को आसपाससम्ममा दास, शूद्र सबैमा छुवाछूतको व्यवहार लागु गरिसकिएको थियो (दत्त, १९६८ ई., पृ. ५०-५४) । त्यति मात्र होइन फोहरी मानिएका पेसा अंगाल्ने र दण्डनीय कार्य गर्ने सबै मानिसहरूलाई शूद्रमा झार्ने र अछूत व्यवहार गर्ने परम्परा विकसित भइसकेको थियो । राज्य बिस्तार गर्ने क्रममा वर्ण विभाजनमा नपरेका भारतका पुराना बासिन्दा, जो आर्यहरूको नियन्त्रणमा आए, उनीहरू सबैलाई बिजयी हिन्दू शासकहरूले शूद्र वर्णमा राखी छुवाछूतको व्यवहार गर्न थालेका थिए (शर्मा, १९६६ ई., पृ. २९-३०) । नियन्त्रणको माध्यमबाट बढी नै श्रमको उपयोग गर्न सकिने हुँदा श्रमजीवि शूद्रप्रतिको छुवाछूत प्रथालाई अझै बढी कडा बनाउँदै लगिएको थियो (पाण्डे, १९६९ ई., पृ. १७७-८०) । मनुकालभन्दा पछाडि शूद्र तथा दासहरूकै बीचमा पनि आन्तरिक छुवाछूतप्रथा समेत विकसित भएको थियो (आहुति, २०६७ वि.सं., पृ. १०-१२) । यसरी हिन्दू समाजमा वैदिककालसम्म वर्णहरूका बीचमा सामान्य भेदपूर्ण व्यवहार भएपनि अन्तरवर्ण विवाह आदिमा खासै प्रतिबन्ध लागेको देखिदैन । त्यतिबेला व्यवसायका आधारमा जाति कायम गरिए पनि छुवाछूतको अवस्था विकास भएको पाइएन । वैदिककालभन्दा पछाडि आएर माथि उल्लेखित कारणहरूले गर्दा समाजमा छुवाछूतप्रथा विकसित हुन पुगेको र त्यो प्रथाले विस्तारै नेपाली समाजमा समेत प्रभाव पार्न थालेको देखिन्छ ।

### ४.४.५ नेपालमा वर्ण व्यवस्था र छुवाछूतको ऐतिहासिक विकास

भारतीय उपमहाद्वीपमा वर्ण व्यवस्थाको थालनी करिव ई.पू. १५०० देखि भएको मानिदै आएको छ । त्यसको केही समयपछि इ.पू. १४०० तिर नेपालको तराई क्षेत्रमा प्रवेस गरेका वैदेह जनले प्रारम्भिक खालको वर्ण व्यवस्था सर्वप्रथम नेपालमा भित्र्याएका थिए (प्रश्रित, २०६३ वि.सं., पृ. ७२-७३) । त्यतिवेला मिथिला क्षेत्रमा कृषियुगको भर्खर मात्र थालनी भएको थियो । तर जातिपातिसम्बन्धी कडा नियमहरू भने बनिसकेका थिएनन् । त्यसको प्रमाण बाबुआमाको टुङ्गो नभएकी सीतासँग विवाह गर्न नेपाल, अयोध्या, काँशीलगायतका राज्यका राजकुमारहरू तछाडमछाड गरेबाट प्रस्ट हुन्छ । इशापूर्वको पन्ध्रौं शताब्दीको आसपासतिर नेपाल छिरेको मानिएका गोपाल वंशका मानिसहरू पनि आर्यमूलका र क्षेत्रीय वर्णका थिए (पाण्डे, २०४६

वि.सं., पृ. ५६) । गोपालहरू आर्यमूलका मात्र होइनन् नेपालका अदिवासीसमेत थिए (के.सी., २०६६ वि.सं., पृ. १-२) । यसका आधारमा त्यतिबेला वर्ण व्यवस्थाको थालनी भैसके पनि समाजमा छुवाछूत प्रथाको विकास भने भइनसकेको पाइन्छ ।

नेपाल मूलतः आर्य, मङ्गोल, आष्ट्रिक र द्रविड गरी चारवटा उद्‌भवका प्रजातिहरूको बसोबास रहेको देश हो (के.सी., २०६६ वि.सं., पृ. २) । प्राचीनकालमा नेपालको तराईक्षेत्रमा रहेका मिथिला, कपिलवस्तु तथा रामग्राम जस्ता राज्यहरूमा क्षेत्रिय वंशका शासकहरूले शासन गरेका थिए । बुद्धकालसम्ममा उत्तरी भारतमा हिन्दू वर्ण व्यवस्थाअन्तर्गतका चारवटै वर्णका अतिरिक्त चाण्डाल, निषाद जस्ता अछूत मानिएका जातजातिहरूका मानिसहरू पनि फैलिई सकेको पाइन्छ । शाक्य वंशीय राज्यमा पनि वर्ण व्यवस्थाको प्रभाव परेको मानिएको छ । कौशलका राजा प्रशेनजितले शाक्य राजकुलकी कन्यासँग विवाह गर्न चाहँदा उनीहरूले दिएनन् र प्रशेनजितलाई झुक्याएर राजाकी दासीपट्टिबाट जन्मिएकी कन्यालाई विवाह गरी पठाइदिएका थिए (प्रश्रित, २०६३ वि.सं., पृ. ८७-८८) । यसरी इशापूर्वको छैटौं शताब्दीसम्ममा नेपालमा वा नेपालको तराईक्षेत्रसम्म वर्ण व्यवस्था मात्र होइन जाति व्यवस्थासमेत भित्रिई सकेका प्रमाणहरू पाइन्छन् ।

नेपाल राज्यको स्थापना र नामाकरणका सम्बन्धमा इशापूर्व दशौं शताब्दीभन्दा अगावै यस राज्यको स्थापना भइसकेका प्रमाणहरू पाइन्छन् । त्यही समयको आसापासतिर नीप जतिका मानिसहरूले नेपालमा शासन सञ्चालन गरेका र हिम+आल=हिमाल, वङ्ग+आल= बङ्गाल भएजस्तै नीप+आल=नेपाल उनीहरूकै नामबाट भएको धारणा उल्लेख गरिएको पाइन्छ (नेपाल, २०५५ वि.सं., पृ. १८) । काठमाडौं उपत्यकामा पाइएका त्यतिबेलाका कतिपय अभिलेख र अन्य स्रोतहरूमा वृज्जिकरथ्या, कोलीग्राम, स्थरूद्रङ्ग, गौतमाश्रम, भरताश्रम आदि शब्दहरूका आधारमा नेपालमा त्यतिबेलादेखि नै धेरै जातजातिका मानिसहरू बस्ने गरेको देखिन्छ । त्यो समयमा नेपालको पश्चिम गण्डकी पारि मल्लपुरी भन्ने ठाउँ थियो । त्यतिबेला पश्चिम पहाडी क्षेत्रमा खसहरूको आगमन पनि भइसकेको देखिन्छ । वर्तमान नेपालको तराईका कपिलवस्तु, रूपन्देही, नवलपरासी जस्ता जिल्लाहरू रहेका ठाउँहरूलाई प्राचीनकालमा 'शाक्य जनपद' भनेर चिनिन्थ्यो (नेपाल, २०५५ वि.सं., पृ. १८) । वर्तमान नेपालको पश्चिम तराईमा पर्ने ती ठाउँहरूमा पनि त्यतिबेला विभिन्न जातजातिका मानिसहरूको बस्ती रहेका प्रमाणहरू पाइएका छन् ।

कपिलवस्तुका युवराज सिद्धार्थ गौतम 'गौतम बुद्ध' भएपछि र उनले बौद्धधर्मको प्रचारप्रसार सुरू गरेपछि नेपालका धेरै हिन्दूहरू बौद्धधर्मप्रति आकर्षित हुँदै गएका थिए । त्यसो हुनुको मूल कारण बौद्ध धर्ममा जातीय विविधता थिएन र त्यस धर्ममा जुनसुकै जातिका

मानिसहरूलाई पनि समान व्यवहार गरिन्थ्यो । त्यतिवेला नेपालको तराई क्षेत्र र भारतको उत्तरी क्षेत्रमा शाक्य, बृज्जी, कोली, लिच्छवि, मल्लजस्ता गणराज्यहरू थिए । बुद्धकालभन्दा पछाडि मगधका सम्राट अजातशत्रुले ती गणराज्यहरूमा आक्रमण गरी बिजय प्राप्त गरेपछि ती राज्यका शाासकहरू नेपाल, त्यसमा पनि खास गरी काठमाडौं उपत्यकामा प्रवेश गरेका थिए (बराल, २०५० वि.सं., पृ. २४१) । लिच्छविहरूले नेपालमा पनि वर्ण व्यवस्थामा आधारित सामाजिक संरचना लागु गरेका थिए । लिच्चविकालमा जाति व्यवस्थासँगै समाजमा वर्ण व्यवस्था पनि कायम रहेको थियो (पोखरेल, २०१० ई., पृ. १८) । यसरी लिच्छविकालदेखि नै नेपालमा जातिप्रथासँगै हिन्दू समाजमा वर्ण व्यवस्था पनि कायम भएको देखिन्छ ।

नेपालको तराई क्षेत्रमा वर्ण व्यवस्था सर्वप्रथम मिथिला क्षेत्रमा भित्रिएको भए पनि पहाडी क्षेत्रमा भने वर्ण व्यवस्था र जातिप्रथा भित्र्याउने लिच्छवि वंशका शासकहरू नै थिए । नेपालमा आइसकेपछि किराँतवंशीय शासकहरूबाट लिच्छविहरूले देशको शासनव्यवस्था आफ्नो हातमा लिएका थिए (पाण्डे र रेग्मी, २०५४ वि.सं., पृ. १३१) । नेपालमा लिच्छवि शासकहरूले करिव आठसय वर्षजति शासन गरेको पाइन्छ ।

हिन्दू धर्मअनुसारको वर्ण व्यवस्था र जाति व्यवस्था सर्वप्रथम लिच्छविहरूले नै नेपालमा लागु गरेका थिए (प्रश्रित, २०६३ वि.सं., पृ. ८८) । लिच्छविकालका राजा नरेन्द्रदेवले लेखाएको वि.सं.७३६ को अनन्तलिङ्गेश्वरको अभिलेखमा "सहरको सीमाभित्र रहेका ब्राह्मणदेखि लिएर चाण्डालसम्मलाई भोजन गराउने" भन्ने कुरा उल्लेख गरिएका आधारमा लिच्छविकालमा नेपालमा वर्ण व्यवस्था र जाति व्यवस्थासमेत परम्परागत भइसकेको प्रस्ट हुन्छ (वज्राचार्य, २०५३ वि.सं., पृ. २९८) । अथवा त्यतिबेला नेपालमा चारवर्णका अतिरिक्त चाण्डालहरू पनि बसोबास गर्ने गरेको पाइन्छ । पछि तिनीहरू नै काठमाडौं उपत्यकाका नेवार समुदायका च्यामे वा पोडे जातिमा परिणत भएको मानिन्छ (बराल, २०५० वि.सं., पृ. २४३) । लिच्छवि शासकहरूले नेपाल भित्र्याएको वर्ण व्यवस्था र जाति व्यवस्था मल्लकालसम्म आइपुग्दा छुवाछूत प्रथामा समेत जोडिन पुगेको पाइन्छ ।

प्राचीनकालदेखि नेपालमा बसोबास गर्दै आएका मानिसहरूमा आ-आफ्नै परम्परागत जातीय विशेषताहरू कायम रहँदै आएका थिए । झण्डै तीन हजार वर्ष अगाडिदेखि नेपालको तराई क्षेत्रमा भारतबाट बिस्तारित हुँदै आएको वर्ण व्यवस्था र त्यसैको प्रभाव स्वरूप जातिपातिसम्बन्धी परम्पराले आफ्नो एउटा निश्चित आकार लिन थालिसकेको थियो । पछि त्यहाँ सामान्तबादको उदय सँगसँगै जाति व्यवस्था बिस्तारै कट्टर बन्दै गयो र त्यसले नेपालको तराईको समाजमा गहिरो जरा गाड्न थालेको थियो । तराई क्षेत्रमा यसरी विकसित हुँदै गएको जाति व्यवस्था बिस्तारै नेपालको पहाडी क्षेत्र तथा काठमाडौं उपत्यकामा समेत फैलिदै गएको

थियो (प्रश्रित, २०५८ वि.सं., पृ. ९१) । त्यसरी प्राचीनकालतिरै काठमाडौं उपत्यकालगायत नेपाल राज्यभरी फैलिएको जाति व्यवस्था पछि गएर नेपाली समाजको एउटा विशेषता बन्न पुगेको पाइन्छ ।

लिच्छविकालीन नेपाली समाजमा ब्राह्मण, क्षेत्रीय, वैश्य र शूद्र गरी चारै वर्णका मानिसहरू बसोबास गर्दथे । तत्कालीन समाजमा रक्तशुद्धतालाई महत्वका साथ हेरिन्थ्यो । त्यो समाजमा वर्णान्तर विवाह भएपनि त्यसलाई राम्रो मानिदैनथ्यो । खानपानका विषयमा वर्णहरूका बीचमा विभेद थिएन (भण्डारी, २०२१ वि.सं., पृ. ७०) । लिच्छविकालीन नेपालमा जात र वर्णअनुरूपको पेसालाई व्यवहारिक जीवनको एउटा महत्वपपूर्ण पक्ष मान्न थालिएको थियो । त्यतिवेला जातअनुरुपको पेसा र नियमलाई व्यवस्थित गर्न भट्टाधिकरण नामको अड्डासमेत निर्माण गरिएको थियो । लिच्छविकालमा जाति व्यवस्था र वर्णशुद्धता कायम राख्न राजा शंकरदेव (वि.सं.४५८-८९) ले विशेष ध्यान दिएका थिए (कार्की, २०६८ वि.सं., पृ. ४८) । किराँतकालसम्म नेपाली समाजले कुनै ठोस र मूर्तरुप लिन सकेको थिएन । त्यो समयमा पनि नेपाली समाज बहुरुप प्रकृतिको भएपनि समाजले त्यो अवस्थालाई पचाएर आफ्नो रुप दिन सकेको थिएन । तिनमा टिकाउपन थिएन । त्यो समयमा सामाजिक स्थीरता र आत्मीयता कायम हुन सकेको थिएन । लिच्छविकालमा आएर मात्र नेपाली समाज, संस्कृति र सभ्यताले स्पस्ट रुप धारण गरेको थियो (बराल, २०५० वि.सं., पृ. २४०) । यसरी लिच्छविकालीन समाजमा कायम रहेका सबै जातजातिका फरकफरक पेसा भएका र ती पेसालाई मर्यादित राख्दै समाजलाई व्यवस्थित तुल्याउन त्यतिवेलाका शासकहरू पनि सचेत रहेको देखिन्छ ।

लिच्छविकालमा पनि प्राचीन भारतमा जस्तै वर्ण व्यवस्थाको मूल आधार पेसालाई मानिएको थियो । आफ्नो जातअनुसारको पेसा गर्दै जानाले लोकलाई खुसी तुल्याउन सकिन्छ भन्ने धारणा तत्कालीन समाजमा प्रचलित थियो (बज्राचार्य, २०५३ वि.सं., पृ. २९८०) । त्यतिवेलाको नेपाली समाजलाई चार वर्ण र अठार जातमा विभाजन गरिएको थियो । ती अठारवटा जातहरू किराँत, लिच्छवि, बृजिक, मल्ल, शाक्य, कोली, आभिर, गुप्त, गोपाली, महिषपाली, वर्मा, श्रेष्ठी, ब्राह्मण, वन्जा(व्यापारी), किसान(ज्यापु), डुम(पोडे), दुसाद (च्यामखल), कुम्हाल र धोवी थिए (श्रेष्ठ, २०६६ वि.सं., पृ. ४३-४४) । यसरी लिच्छविकालीन नेपाली समाजमा जाति व्यवस्था कायम भए पनि छुवाछूतप्रथाले गहिरो जरा गाड्न सकेको देखिदैन ।

वि.सं.९३६ देखि नेपालमा मध्यकालको सुरूवात भएको थियो । मध्यकालको प्रारम्भदेखि वि.सं.१२५७ सम्म ठकुरी वंशका शासकहरूले शासन गरेका थिए भने त्यसपछि लामो समयसम्म मल्ल शासकहरूले शासन गरेका थिए (शाह, १९९२ ई., पृ. ३९) । ती मल्ल शासकहरूमध्ये जयस्थितिमल्लले काठमाडौं उपत्यकाको नेपाली समाजमा जाति व्यवस्थालाई

पुनः व्यवस्थित तुल्याउने काम गरेका थिए । उनले आफ्नो शासनकालमा कृतिनाथ उपाध्याय (कान्यकुब्ज), रघुनाथ झा र रामनाथ झा(मैथिल), श्रीनाथ भट्ट र महिनाथ भट्ट(दाक्षिणात्य) ब्राह्मणहरूको सहयोगमा जाति व्यवस्थालाई पुनर्गठन गरेका थिए (शर्मा, २०३५ वि.सं., पृ. १३८-३९) । त्यही समयदेखि काठमाडौं उपत्यकालगायत नेपालको पहाडी क्षेत्रमा जाति व्यवस्था कट्टर बन्नुका साथै छुवाछूतप्रथा पनि संस्थागत बन्दै गएको पाइन्छ ।

राजा जयस्थिति मल्लको शासनकालदेखि नेपाली समाजमा वर्ण व्यवस्था र छुवाछूत प्रथालाई अनिवार्य सामाजिक नियमका रूपमा लिन थालिएको थियो । उनले नेपाली समाजलाई चार वर्ण र चौसट्ठी जातमा पुनः वर्गीकरण गरी ती जातजातिहरूका अधिकार र कर्तव्यसमेत निर्धारण गरिदिएका थिए । उनले आफ्ना जातले गरिआएका पेसा छोडेर अर्को जातले गरिआएका पेसा अपनाउनेलाई अपराधीसरह दण्ड दिने व्यवस्था गरेका थिए (बुढाथोकी, २०३९ वि.सं., पृ. १-२) । त्यसले गर्दा नेपालमा पनि जातिपाति र छुवाछूतप्रथा कट्टर बन्दै गएको देखिन्छ ।

मध्यकालीन नेपालका राजा जयस्थितिमल्लले जातीय व्यवस्थालाई कडाइका साथ लागु गर्न र नेपाली समाजलाई समयानुरूप व्यवस्थित बनाउदै लैजाने हेतुले जातअनुरूपकै पहिरन, गहना, घर इत्यादिमा तोकिएको व्यवहार गर्नु र गर्न नहुने भनिएका व्यवहार नगर्नु भनी जातैपिच्छे बेग्लाबेग्लै नियम बनाइदिएका थिए (पन्त, २०६५ वि.सं., पृ. ५०) । पहिरनमा उनले कसाईले वांहाकाटेको लुगा लगाउनु, पोडे जातले टोपी, लवेदा, जुत्ता, सुनका गहना यति नलगाउनु भनी नियम बनाएका थिए (बुढाथोकी, २०३९ वि.सं., पृ. १-२) । त्यसरी मनु, यज्ञवल्क्यको स्मृतिअनुरूपका व्यवहारलाई नेपालका राजा जयस्थिति मल्लले अनुशरण गरी खाने, लाउने र बस्ने सम्बन्धमा यस्ता खालका नियमहरू बनाएका थिए (किसान, २०५८ वि.सं., पृ. ५८) । यसले गर्दा लामो समयसम्न नेपाली समाज एक किसिमले व्यवस्थित र अनुशासित बनेपनि कालान्तरमा यसको नकारात्मक प्रभाव पनि पर्दै गएको देखिन्छ ।

जयस्थिति मल्लले बनाएको छुवाछूत र जातीय नियममा “कुसुलेदेखि उपल्ला कुलुसम्मका जातको पानी नखानु, पोड्या जातले आफूभन्दा ठूला जातलाई नछुनु” भन्ने कुरा उल्लेख गरिएको पाइन्छ । उनले फरकफरक जातका लागि फरकफरक दण्ड सजायको व्यवस्था पनि कायम गरेका थिए । तल्ला भनिएका जातजातिका लागि केही बन्देजहरू र निश्चित कामहरू तोकिदिएका थिए । उनीहरूका लागि तोकिएका नियमका सम्बन्धमा यामबहादुर किसान (२०५८ वि.सं.) ले यसरी उल्लेख गरिएको पाइन्छ :

> कुसुलेले छाले बाजा मोहोर्नु, पोड्याले पोशाक जोराजोरी नलाउनु, सुनका गहना नलाउनु, घाम डुबेपछि शहरभित्र नपस्नु, बडाजातलाई नछुनु, सुंगुर खानु, मूर्दाको पोशाक टिपी लिनु, डोमले स्वास्नी नचाई कमाई खानु, कुसल्याले चोक बढारी खानू, कपालीले भेषमा डमरु

बजाई मागी खानू, कसाइले दुनिया मर्दा बाजा बजाई खानु, राँगाकाटी बेच्नु, आफूभन्दा बडा जातलाई दूध, दही नबेच्नु, घिउसमेत नदिनु । (पृ. ५९)

उपर्युक्त नियमका आधारमा जयस्थिति मल्लको शासनकालदेखि कुन जातिले के काम गर्न हुने र के गर्न नहुने भन्ने कुरा निर्धारण गरिएको देखिन्छ । यो व्यवस्थामा तल्लो भनिएका जातिहरूका लागि समाजमा धेरै बन्देजहरू पनि निर्धारण गरिदिएको पाइन्छ । यसले गर्दा केही तल्ला भनिएका जातिहरूको सामाजिक प्रतिष्ठा गुम्नाका साथै छुवाछूत सम्बन्धी व्यवस्थाले पनि सामाजिक मान्यता पाएको देखिन्छ ।

जयस्थिति मल्लको शासनकालमा आफूभन्दा एक तह मुनिको वर्णअन्तर्गतको जातिसँग हुने अनुलोम विवाहलाई सामान्य मानिए पनि प्रतिलोम विवाहलाई समाजमा वर्जित गरिएको थियो । 'साना जातको हातबाट उत्तम कार्य गराउनाले कुल र आयु दुवैको नास हुन्छ' भन्ने कुरा उल्लेख गरिएको थियो (बुढाथोकी, २०३९ वि.सं., पृ. ६) । त्यतिवेला तोकिएको नियमभन्दा बाहेकको काम गर्नेको जात खस्ने नियम पनि बनाइएको पाइन्छ ।

जयस्थिति मल्लकै शासनकालमा जुनसुकै जातकी भएपनि सती गएकी स्वास्नी चिताबाट निस्केर भागेमा पोडे जातमा कायम गराउने नियम बनेको थियो (किसान, २०५८ वि.सं., पृ. ५९) । उनले ब्राह्मण, क्षेत्रिय, वैश्य र शूद्र वर्णका मानिसहरूलाई पनि अनेक जातिहरूमा विभाजन गरी नेवार समुदायका ६४ जात र अन्य उपजातसमेत गरी कुल ७२५ वटा जात र उपजातमा वर्गीकरण गरिदिएका थिए (किसान, २०५८ वि.सं., पृ. ५९) । प्राचीन भारतमा पेसाको आधारमा वर्ण विभाजन गरेजस्तै राजा जयस्थिति मल्लले पनि जातका आधारमा पेसा निर्धारण गरिदिएका थिए (क्षेत्री र रायमाझी, २०६० वि.सं., पृ. २४२) । त्यसरी पेसा निर्धारण गर्दा कतिपय जातका मानिसहरू तल्लो स्तरका भनिएका कामहरू गर्न बाध्य भएका थिए । बिस्तारै त्यसपछि नेपालमा जातीय भेदभावले समाजमा जरा गाड्दै गएको थियो । साना र अछूत भनिएका जातका लागि बस्ने ठाउँसमेत नगरभन्दा बाहिर तोकिएको थियो । त्यो समयमा शूद्रको छोरालाई कुनै पनि कामको साक्षी राख्न नपाउने नियम बनाइएको थियो (पन्त, २०६५ वि.सं., पृ. ५०) । त्यतिबेला एउटै अपराधमा पनि साना भनिएका जातलाई कठोर र ठूला भनिएका जातका मानिसहरूलाई सामान्य दण्ड दिने व्यवस्थाले साना भनिएका जातका मानिसहरू हेपिने क्रम जयस्थितिमल्लको शासनकालदेखि नै निकै बढेर आएको थियो (किसान, २०५८ वि.सं., पृ. ६०) । यो क्रमले राणाकालसम्म पनि निरन्तरता पाएको हुनाले त्यो समयमा यस्तो विभेदलाई कानुनी मान्यता दिइएको देखिन्छ ।

मध्यकालमा नै गोरखाका राजा राम शाहले पनि जयस्थिति मल्लद्वारा स्थापित काठमाडौं उपत्यकामा प्रचलनमा रहेको जातीय विभेद र छुवाछूत प्रथालाई गोरखा राज्यमा पनि भित्र्याएका थिए । राम शाहको शासनकालदेखि आफ्नो जातभन्दा बाहिर गएर खानपान,

सोलिडोली गर्नेलाई जातअनुसारको दण्डसजाय गर्ने व्यवस्था गरिएको थियो । चौतरीया भाई, गोतिया, सन्यासी, वैरागी, भाट र ब्राह्मणले ज्यान मारेमा देशनिकाला हुने र शूद्र वर्णअन्तर्गतका जातले ज्यान मारे मृत्युदण्डको सजाय पाउने व्यवस्था गरेका थिए (किसान, २०५८ वि.सं., पृ. ६१) । यसरी नेपालमा जयस्थिति मल्लले लागु गरेको जातीय विभेद र छुवाछूतप्रथालाई राम शाहले नेपाली समाजमा स्थापित गर्ने कार्य गरेको देखिन्छ ।

राजा राम शाहले नै "मैले बाँध्याको स्थितिमा चारवर्ण छत्तिसैजातले चल्नु, नचल्न्यालाई मेरा सन्तानमा जो राजा होला उसले ढुङ्गा छुवाई षतअनुसार सजाय गर्नु" भन्ने उर्दी जारि गरेका थिए (वस्ती, २०६३ वि.सं., पृ. ७५) । यसका आधारमा गोरखा राज्यमा पनि जातीय विभेद र जयस्थितिमल्लद्वारा स्थापित नियमलाई कडाइकासाथ लगु गर्ने प्रयास गरेको देखिन्छ । गोरखा राज्यमा जातीय व्यवस्था भने राम शाहको शासनकालभन्दा अगाडिदेखि नै कायम रहँदै आएको पाइन्छ ।

गोरखाकै राजा पृथ्वीनारायण शाहको शासनकालमा पनि जात उकास्ने र खसाल्ने जस्ता कामहरू भएको पाइन्छ । उनले मकवानपुरका सेनवंशी राजाका सानासाना केटाकेटीहरू सार्कीलाई सुम्पेर जातिच्यूत गरेका थिए भने कीर्तिपुरको युद्धमा पराजित भएपछि उनको ज्यान जोगाई बोकेर नुवाकोट पुऱ्याइदिने दुवान र कसाईलाई स्यावासी बक्स गरी दुबैलाई 'पूत' भनी सम्बोधन गरेका थिए । दुवानको जात उकासेर पुतावार बनाइदिने काम पनि गरेका थिए (शर्मा, २०३५ वि.सं., पृ. २०७) । राजा पृथ्वीनारायण शाहले छुवाछूतप्रथा र जातिपाति सम्बन्धी कुरामा अझै कट्टरता कायम गरेका थिए (किसान, २०५८ वि.सं., पृ. ६२) । राज्य एकीकरणको कार्यमा व्यस्त रहेका पृथ्वीनारायण शाहको आसय पनि देशको सामाजिक नियमलाई वर्ण व्यवस्थाकै आधारलाई निरन्तरता दिने प्रकृतिको भएको देखिन्छ । तथापि यस क्षेत्रमा उनले खासै काम गरेको देखिदैन ।

पृथ्वीनारायण शाहको मृत्युपछि राणाकालको सुरूवात हुँदासम्म नेपालमा राजनीतिक अस्थिरता कायम रहेको थियो । त्यतिबेला दण्डको आधार जातिप्रथा थियो । समाजमा शूद्रहरू अछूत नै थिए । वि.सं.१८९९ मा सार्की जातिका भात पानी आदि सम्बन्धी परम्परागत नियमहरू पालना गराउन धोवीखोलादेखि पूर्व र मेचीनदीदेखि पश्चिमसम्ममा जसे सार्कीसहित १५ जना सार्की जातिका मानिसहरूलाई नै नियुक्त गरी जिम्मा लगाइएको थियो । त्यसै गरी वि.सं.१९०७ आश्विन १० गते धोवीखोलादेखि पूर्व र मेचीनदीदेखि पश्चिम दमाई जातिमा भातपानी आदि सम्बन्धी परम्परागत नियमलाई पालना गराउनका लागि भोजे दमाईलाई अधिकार दिइएको थियो (रेग्मी, २०४३ वि.सं., पृ. ८५) । यसरी सामाजिक विभेद कायम गरी

त्यसलाई परम्परागत रुपमा नै कायम राख्न तत्तत् जातिहरूलाई नै लगाएर पहिले चल्दै आएको नियमलाई यथावत राख्न तत्कालीन शासकहरूले व्यवस्था मिलाएको देखिन्छ ।

जङ्गबहादुर राणाको प्रधानमन्त्रीत्वकालमा वि.सं.१९१० मा नेपालमा पहिलोपटक लिखित मुलुकी ऐन बनेको थियो । त्यो मुलुकी ऐनमा छुवाछूतसम्बन्धी नियमलाई कडाइकासाथ समाजमा लागु गर्न र त्यसलाई नमान्नेलाई दवाव दिनका लागि 'च्याम्हाषलक, पोड्या, बादी, गाइन्या, दमाई, कडारा, कामी, सार्की, चुडारा, हुर्क्या एति जातलाई पानी चल्न्या चोषा जातले छोयामा छिटो हाल्नु, छिटो हाल्यानन्भन्या रूपैया दण्ड गरी चार पैसा लि पतिया गराई दिनु' भनी उल्लेख गरिएको थियो (कानुन किताव व्यवस्था समिति, २०२२ वि.सं., पृ. ६७९) । त्यसमा नेपालमा छुत र अछूत जातिहरूको समेत किटान गरिएको थियो । खाद्यबस्तुका सम्बन्धमा पनि किटानीसाथ यो छोएको खान हुने र यो नहुने भनी व्याख्या गरिएको थियो । यस सम्बन्धमा कानुन किताव व्यवस्था समितिले (२०२२ वि.सं.) प्रकाशनमा ल्याएको वि.सं.१९१० को मुलुकी ऐनमा यसरी उल्लेख गरिएको पाइन्छ :

> क्रिष्चियन, मुसलमान, कामी, सार्की, दमै, गैह्र पानी नचल्ने जात र छोइछिटो समेत हाल्नु पर्ने जातले छोएको, पकाएको अनाज खान नहुने तर नपकाएको खान हुने, काँचो माछा मासु खान हुने तर पकाएको खान नहुने, चिसो, पानी राखेको भाँडा विटुलो हुने तर ओवानो भाँडा विटुलो नहुने, अछूत भनिएका जातसँग छोइएमा सुनपानी छर्केर शुद्ध हुने...। (पृ. ३६९)

उपर्युक्त तथ्यका आधारमा राणाकालमा छुवाछूतप्रथालाई कानुनी रूपमा नै वैध तुल्याउने कार्य गरिएको देखिन्छ । यो व्यवस्थानुसार कुनकुन वस्तु छोएको खान हुने र कुनकुन नहुने भन्ने नियम पनि निर्धारण गरिएको हुँदा छुवाछूत वार्न जनतालाई कुनै दुविधा उत्पन्न हुँदैनथ्यो भन्ने देखिन्छ । त्यसमा पकाएको बाहेकको अन्न खान हुने, पानीले भिजेको खान नहुने, गुलाफपानी, सुगन्धित वस्तु, मसला, फलफूल खान हुने तर ती मानिसलाई भने छुन नहुने नियम बनाइएको पाइन्छ । त्यतिबेला अछूत भनिएका जातिसँग छोइएमा उनीहरूलाई आर्थिक दण्ड गर्ने र छोइनेलाई पछिया गराएर शुद्ध पार्न सकिने नियम पनि बनाइएको थियो । राणाकालमा अछूतलाई मात्र होइन छुत मानिएका जातले जानीजानी अछूतलाई छोएमा उसले पनि दण्डपाउने छुवाछूतसम्बन्धी व्यवस्था गरिएकाले नेपालमा राणाशासनकालदेखि जातिपाति र छुवाछूतप्रथा अझै संस्थागत बन्दै गएको र त्यो व्यवस्थाले गर्दा नेपाली समाजमा छुवाछूतप्रथाले कानुनी मान्यतासमेत प्राप्त गरेको देखिन्छ ।

वि.सं.२००७ सालमा नेपालमा राणाशासन बिरुद्धको आन्दोलन सफल भई प्रजातन्त्रको स्थापना भएको थियो । त्यसपछि 'नेपाल अन्तरिम शासन विधान, २००७' बन्यो तर त्यसमा जातिपातिसम्बन्धी कुराहरूलाई यथावत राखिएको थियो । वि.सं.२०१५ सालमा पनि 'नेपाल अधिराज्यको संविधान, २०१५' बन्यो । त्यसमा पनि जातीयता र छुवाछूतसम्बन्धी कुरामा

परिवर्तन ल्याउने खालका कुनै कुरा पनि उल्लेख गरिएनन् । वि.सं.२०१९ सालमा जारी गरिएको संविधानका आधारमा वि.सं.२०२० सालमा मुलुकी ऐन बन्यो । त्यस नयाँ मुलुकी ऐनमा 'नेपालमा जातीय आधारमा कसैलाई पनि भेदभाव गर्न नपाइने' भन्ने कानुन बनाइएको थियो । तथापि त्यही कानुनमा यदि विभेद भयो भने के गर्ने वा कस्तो दण्ड गर्ने भन्ने कुरा भने उल्लेख गरिएको थिएन । यसका साथै त्यही महलमा नै 'सनातनदेखि चलिआएको परम्परालाई भेदभाव नमानिने' भन्ने कुरा उल्लेख गरेर यो कानुनलाई पनि निस्क्रिय तुल्याउने काम त्यही कानुनबाट नै गरिएको थियो । जसले गर्दा नेपाली समाजमा वर्ण व्यवस्था, जातपात र छुवाछूतप्रथा यथावत रहँदै आएको थियो (आहुति, २०६७ वि.सं., पृ. २०) । तथापि वि.सं.२०२० सालभन्दा पछाडि नेपाली समाजमा जातीय विभेद र छुवाछूतप्रथामा केही कमी आए पनि नेपाली समाजबाट यो प्रथा पूर्ण रूपले भने अन्त्य हुन सकेको देखिदैन । त्यसो भएपनि यो मुलुकी ऐनमा पहिलो पटक नेपालमा जातीय विभेद र छुवाछूतको अन्त्य कानुनी रुपमा गरिएको हुँदा त्यसको ठूलो महत्व रहेको देखिन्छ ।

तीस वर्षको पञ्चायतीकालभर छुवाछूतप्रथामा नियन्त्रण गर्ने खालका व्यवहारिक तथा परम्परागत कानूनी व्यवस्थामा परिवर्तन ल्याउने खालका कुनै कार्यहरू पनि गरिएका थिएनन् । पुरानै परम्परालाई यथावत कायम राखिएको थियो । वि.सं.२०४६ सालमा भएको जनआन्दोलनले पञ्चायती शासनको अन्त्य गरी प्रजातन्त्रको पुनःस्थापना गरेको थियो । वि.सं.२०४७ सालमा नेपालमा नयाँ संविधान निर्माण गरियो । उक्त संविधानमा जातिपातिका आधारमा कसैलाई पनि भेदभाव गर्न नपाइने र भेदभाव गरेमा दण्ड भोग्नुपर्ने भन्ने व्यवस्था गरिएको थियो । तथापि व्यवहारमा भने अझै पनि त्यसो हुन सकेको छैन (आहुति, २०६७ वि.सं., पृ. २१) । यसरी पटकपटकको कानुनी व्यवस्थाबाट छुवाछूथप्रथा पूर्ण रूपले समाजबाट अन्त्य नभए पनि यसमा केही सुधार भने आउँदै गएको पाइन्छ ।

वि.सं.२०६२/६३ सालमा पनि नेपालमा पुनः जनआन्दोलन भयो । आन्दोलनको समाप्ती पछि 'अन्तरिम शासन विधान, २०६३' को निर्माण गरियो । यस नयाँ संविधानअनुसार बनेको नयाँ कानुनमा कुनैपनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेसाका आधारमा कुनै किसिमको छुवाछूत तथा जातीय भेदभाव गरिने छैन भन्ने कुरा उल्लेख गरिएको छ । त्यो कानुनमा 'भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानुनद्वारा निर्धारण भए बमोजिमको क्षतिपूर्ति पाउने छ' भन्ने कुरा उल्लेख गरिएको छ (आदर्श बुक हाउस, २०६३ वि.सं., पृ. ५) । यसरी पछिल्लो समयको कानुनमा छुवाछूत र सामाजिक विभेदकारी व्यवस्थालाई एउटा सामाजिक अपराधका रूपमा नै दर्शाउने गरिए पनि परम्परादेखि जरा गाड्दै आएको कुरीति र अन्धविश्वास तत्कालै समाजबाट अन्त्य हुन सकिरहेको अवस्था देखिदैन ।

## ४.४.६ दलितको वर्गीकरण र तराईका दलित जातिहरू

नेपालमा झण्डै ४५-५० वर्षदेखि प्रयोग हुँदै आएको 'दलित' शब्द नयाँ भए पनि समाजका केही वर्गका मानिसहरू दलिने, पिसिने, थिचिने र पीडित हुने काम हिन्दू समाजमा जातिव्यस्वथाको विकासकालदेखि नै हुँदै आएको पाइन्छ । त्यतिबेलादेखि नै यो दलित शब्दको सट्टा हरिजन, अश्पृष्य जस्ता शब्दहरू प्रयोग हुँदै आएका थिए । दलित शब्द पछि प्रयोगमा आएको भए पनि यसको इतिहास 'हिन्दू समाजमा छुवाछूतको उत्पत्ति र विकास' शीर्षकको चर्चा गर्ने क्रममा परिसकेको छ । वर्तमान समयमा दलित शब्दले यसअन्तर्गतका सबै जातिका मनिसहरूलाई समग्रमा सम्बोधन गर्ने गरिदै आएको छ । नेपालमा दलित र यसको वर्गीकरण स्थान विशेषका आधारमा पनि गरिएको पाइन्छ । यस विषयमा फरकफरक ठाउँमा बस्ने दलित समुदायका सम्बन्धमा निम्न शीर्षकहरूमा छुट्टाछुट्टै चर्चा गर्दा अझै उपयुक्त हुने देखिन्छ ।

### ४.४.६.१ नेपालमा दलित शब्दको अर्थ र प्रयोग

ऋग्वैदिककालमा वर्ण व्यवस्थाका आधारमा शूद्र वर्णमा दरिएका, उत्तरवैदिककालभन्दा पछाडिदेखि छुवाछूतजन्य विभेदपूर्ण व्यवहारका आधारमा छुट्टिएका मानव समुदायलाई भारतमा वि.सं.१९८४ (सन् १९२७) र नेपालमा वि.सं.२०२४ सालदेखि मात्र दलित भनेर चिन्न थालिएको पाइन्छ ।

'दलित' शब्द संस्कृत भाषाको 'दल' धातुबाट बनेको हो जसको अर्थ फुटाइएको, दलिएको, दमन गरिएको, थिचिएको, कुल्चिएको, माडिएको, पिल्सिएको, पददलित, दमनद्वारा शान्त पारिएका समूह भन्ने हुन्छ (सिंह, १९९३ ई., पृ. २९) ।

दलित भनेको कुनै निश्चित समुदायमा जन्मिएको परम्परागत समूह हो जसको विकास प्राचीन भारतमा भएको थियो (शाह र अरूअरू, २००६ ई., पृ. १९) । नेपाली बृहत् शब्दकोशमा दलित शब्दको अर्थ फग्ल्याँटैफग्ल्याँटा पारिएको, दमन गरिएको, थिचिएको, कुल्चिएको, विध्वंश गरिएको, नष्ट गरिएको, समाजमा हक इज्जत र प्रतिष्ठा समान रूपले पाउन नसकेको जाति वा समूह, सामाजिक व्यवस्थाको असमानताले सोसिएको वा पछि परेको जनसमुदाय भन्ने लगाइएको छ (नेपाल प्रज्ञाप्रतिष्ठान, २०६९ वि.सं., पृ. ६०२) । यसका आधारमा दलित हिन्दू समाजमा प्रतिष्ठा गुमाएको, कमजोर हैसियत भएको, मर्यादाहिन, तल्लो स्तरको एउटा अछूत मानव समुदाय भएको बुझिन्छ ।

नेपालमा वि.सं.२०२३ सालसम्म पनि यी अछूत समुदायका मानिसहरूलाई चिनाउन कुनै छुट्टै समग्र शब्दको प्रयोग गरिएको थिएन । भारतमा सर्वप्रथम अछूत जातहरूलाई साझा नामका रूपमा 'दलित' शब्दले सम्बोधन गर्ने नेता भीमराव अम्बेडकर थिए । उनले वि.सं.१९८४ (सन् १९२७) को आसपासमा भारतमा छुवाछूतका विरुद्ध गरेको आन्दोलनका क्रममा अछूत समुदायलाई समग्रमा चिनाउन 'दलित' शब्दको प्रयोग गरेका थिए । त्यसपछि बिस्तारै हिन्दू समाजमा विभिन्न जातीय समूहभित्रका 'अछूत' जातहरूको साझा समुदायगत नाम 'दलित' रहन गएको थियो (आहुति, २०६७ वि.सं., पृ. २) । यो शब्द सर्वप्रथम भारतमा प्रयोगमा ल्याएपछि दक्षिण एसियाका अन्य देशहरूमा पनि बिस्तारै प्रयोग गर्न थालिएको थियो । वर्तमान समयमा नेपालमा यो दलित शब्द एउटा निश्चित समूहलाई बुझाउने शब्दकै रूपमा प्रयोग गरिँदै आएको पाइन्छ ।

वि.सं.१९१० को मुलुकी ऐनमा शूद्र वर्णका मानिसलाई पानी चल्ने र नचल्ने गरी दुई भागमा विभाजन गरिएको थियो । मतवालीका केही जातलाई पनि जात खस्ने तथा दास बनाउन मिल्ने र नमिल्ने गरी वर्गीकरण गरिएको थियो । त्यस्तो जात खस्ने र नखस्नेलाई ''मासिन्या र नमासिन्या' गरी दुई भागमा विभाजन गरिएको थियो । कोही मानिसहरू नमासिने, पतित नहुने र दण्डका क्रममा मृत्युदण्डको सजाय नपाउनेमा परे भने कोही पतित हुने र मृत्युदण्डको सजायसमेत पाउने वर्गमा परेका थिए । तिनै मासिने जातिबाट खसेर निर्मित शूद्र वा छोइछिटो हाल्नुपर्ने समुदाय र परम्परागत शूद्र वर्णमा दरिँदै आएका समूहलाई अहिले नेपालमा 'दलित' समुदायको नामले चिन्ने गरिन्छ (देवकोटा, २००२ ई., पृ. २४) । यिनीहरू हिन्दू धर्म मान्ने जातिहरूकै सबैभन्दा तल्लो समुदायमा पर्दै आएका छन् ।

केही वर्ष यता नेपालमा 'दलित' शब्द राजनैतिक अर्थमा पनि निकै प्रयोग हुने गरेको पाइन्छ । परम्परागत रूपमा समाजमा रहेका तथा वि.सं.१९१० को मुलुकी ऐनले अछूत वा पानी नचल्ने भनेर किटान गरिएका विभिन्न जातिगत समूहलाई समग्रमा बुझाउन दलित शब्दको प्रयोग गर्ने गरिएको छ । यो समुदायका अधिकार राजनैतिक आन्दोलनका आधारबाट प्राप्त गर्न सहयोगी हुने महसुस गरी 'दलित' शब्दको प्रयोग समग्र रुपमा गरिएको थियो (पराजुली, २०६३ वि.सं., पृ. १३१) । यस शब्दले प्राचीनकालदेखि थिचिँदै आएको वर्गलाई बुझाए पनि अहिले नेपालमा दलित भन्नाले अछूत जातीय समुदायलाई मात्रै बुझाउन प्रयोग गर्ने गरिएको छ (किसान, २०५८ वि.सं., पृ. ६) । तर त्यही समुदायभित्रै पनि प्रसस्त भिन्नताहरू रहेकाले यो शब्दले सबैका उद्देश्य समेट्न सक्ने नसक्ने विषयमा अझैसम्म पनि बहस कायमै रहेको पाइन्छ ।

कानुनका आधारमा समेत अछूतमा गणना गरिएका, राजनीतिक, आर्थिक, प्रशासनिक, शैक्षिक आदि क्षेत्रमा हैसियत बृद्धि गर्न नसकेका, सांस्कृतिक क्षेत्रमा पिछडिएका, सामाजिक कुरिति र अन्धविश्वासले ग्रस्त रहेका, आफ्नै समूहभित्र पनि विभिन्न उपजातिहरूमा विभाजित रहेका, शोषित, पीडित, शिल्पी, कलाकार र श्रमिक वर्ग नै अहिले दलित जाति, वर्ग, वा समुदायको नामले चिनिएका हुन् (गाङ्गुली, २००५ ई., पृ. १३०) । यो दलित शब्दले वैदिककालदेखि वर्ण व्यवस्थाका आधारमा शूद्र वर्णमा दरिदै आएका र उत्तर वैदिककालपछि अछूतमा गणना गरिएका समग्र हिन्दू अछूत जातिलाई जनाउने गरेको पाइन्छ ।

दलित भनेको नेपालमा वि.सं.२०२० सालभन्दा अगाडिसम्म कानुनले नै पानी नचल्ने जात भनेर छुट्ट्याएको समूह हो । यो समूहको अहिलेसम्म उपयुक्त अर्को पहिचानको शब्द प्रयोगमा ल्याइएको पाइदैन । कानुनले छोइछिटो गर्न नपर्ने भनेर ठहऱ्याएको भए पनि नेपाली समाजमा भने अझै छोइछिटोप्रथा कायमै रहेको छ (विश्वकर्मा, २०५८ वि.सं., पृ. ४१) । यस समुदायका मानिसहरूले नेपाली समाजमा अझैसम्म पनि अपहेलित भएर बाच्नु परिरहेको अवस्था छ । यिनीहरूको सामाजिक प्रतिष्ठा पनि सबैभन्दा तल्लो स्तरमा रहँदै आएको पाइन्छ ।

दलित भन्नासाथ समाजबाट बहिष्कृत, उपेक्षित, शोषित र धर्मबाट अपहेलित भएको अवस्थामा रहेका समूहगत जातिहरू भन्ने बुझिन्छ (चौधरी, २०६५ वि.सं., पृ. ११८) । नेपालमा दलित समुदाय भन्नाले जातीय विभेद र छुवाछूतको मारमा परी सामाजिक, आर्थिक, शैक्षिक, र राजनीतिक एवम् धार्मिक क्षेत्रमा समाजको सबैभन्दा पछाडि रहेका, मानवीय एवम् सामाजिक न्याय पाउन नसकेका जातसमुदायलाई जनाउँदछ (पासवान र सुवाल, २०६९ वि.सं., पृ. ५९) । यस अर्थमा दलितहरू नेपाली समाजमा पछाडि परेका जातिहरूको समूह भएको बुझिन्छ ।

काठमाडौं उपत्यका, पहाडी क्षेत्र र तराई क्षेत्रमा समेत मध्यकालदेखि नै नेपालमा शूद्र वर्णका मानिसहरूलाई दलित शब्दको प्रयोग हुनुभन्दा अगाडिसम्म हरिजन, अछूत, थी, मज्यूपिँ, पउनी जस्ता शब्दहरूले सम्बोधन गर्ने गरिन्थ्यो । भारतीय अछूत मुक्तिको आन्दोलनबाट स्थापित 'दलित' शब्द नेपालमा वि.सं.२०२४ सालमा गठित 'नेपालमा राष्ट्रिय दलित जनविकास परिषद्' नामको संस्थामा पहिलो पटक प्रयोग गरिएको थियो । त्यसपछि बिस्तारै सम्पूर्ण अछूत जातहरूको साझा पहिचानका रूपमा यही शब्द प्रयोग हुँदै आएको छ (आहुति, २०६७ वि.सं., पृ. २) । यो शब्दले वर्तमान समयमा एउटै जातीय समुदाय, वर्ग, समूह तथा समान जटिलता खेप्दै आएका मानव सुदायलाई एकमुस्ट रुपमा बुझाउने गरेको पाइन्छ ।

### ४.४.६.२ दलितको वर्गीकरण

नेपालका दलितहरूलाई खासगरी स्थान र समुदाय विशेषका आधारमा तीन भागमा वर्गीकरण गर्ने गरिएको छ । तिनीहरू खस-पहाडीया दलित, नेवार दलित र तराई दलित हुन् (किसान, २००९ ई., पृ. ४७) । पहाड र तराईका दलितहरू स्थान विशेषका आधारमा र नेवार दलित समुदाय विशेषका आधारमा वर्गीकरण गरिएका हुन् ।

नेपालका खस-पहाडीया दलितअन्तर्गत गाइने, दमाई, सार्की, कामी, बादी र सुनार रहेका छन् (पाण्डेय, २०६४ वि.सं., पृ. ६६) ।

जनजातीय दलित वा नेवार दलितअन्तर्गत कसाई, कुसुले कुचे(कुलु), च्यामे, पोडे आदि पर्दछन् (मुकारुङ्ग, २०६६ वि.सं., पृ. ११८) । खासगरी काठमाडौं उपत्यकामा मध्यकालदेखि नै नेवार दलित समुदयका मानिसहरूको बस्ती रहँदै आएको पाइन्छ ।

तराईका दलितको विषय केही जटिल मानिएको छ किनकी नेपालमा हुँदै आएका प्रत्येक जनगणनाहरूमा र गैरसरकारी संघसंस्थाहरूको स्थलगत अध्ययन अनुसन्धान तथा अन्य केही व्यक्तिगत अनुसन्धानहरूका साथै राष्ट्रिय दलित आयोगका वार्षिक प्रतिवेदनहरूमा समेत यस सम्बन्धमा फरकफरक तथ्याङ्कहरू सार्वजनिक गर्ने गरिएको पाइन्छ । ती अध्ययन अनुसन्धान र हालै सार्वजनिक गरिएका प्रतिवेदनहरूमध्ये सबैभन्दा पछिल्लो प्रतिवेदन वा वि.सं.२०७०/७१ को राष्ट्रिय दलित आयोगको वार्षिक प्रतिवेदनमा कलर, ककैहिया, कोरी, खटिक, खत्वे(मण्डल, खङ्ग), चमार(राम, मोची, हरिजन, रविदास), चिडिमार, डोम(मरिक), तत्मा(ताँती, दास), दुसाध( पासवान, हजारा), धोवी(रजक), पासी, बाँतर, मुसहर, मेस्तर(हलखोर), सरभङ्ग(सरवरिया), नटुवा, ढाँडी, धरिकर (धन्कार) लाई तराईका दलित भनी उल्लेख गरिएको छ (तिमिल्सिना, २०७१ वि.सं., पृ. ५८) । यस विषयमा नेपाल सरकारले ताराईका दलितहरूको सङ्ख्या र नाम किटान गरी राजपत्रमा प्रकाशन गर्नु पर्ने आवश्यकता रहेको देखिन्छ ।

### ४.४.६.३ तराईका दलितहरू

तराई दलित भनेको नेपालको तराईक्षेत्रमा बसोबास गर्दैआएका विभिन्न दलित जातिहरूको समुदाय हो (राष्ट्रिय दलित आयोग, मिति अनु., पृ. ४) ।

दलितहरू पेसामा आधारित जातिहरू हुन् । यिनीहरूको पेसा प्रायः फरकफरक रहेको पाइन्छ । राष्ट्रिय दलित आयोगको दलित परिभाषा तथा जातीय अनुसूची प्रतिवेदनले उल्लेख गरेअनुसार तराईमा बसोबास गर्ने समुदायमा पानी नचल्ने तथा छोइछिटो हालिने जातिहरूलाई

तराई दलित भन्ने गरिदै आएको छ (राष्ट्रिय दलित आयोग, मिति अनु., पृ. ४) । यसका आधारमा नेपालको तराई क्षेत्रमा बसेकै आधारमा उनीहरूलाई 'तराई दलित' भन्ने गरिएको देखिन्छ ।

नेपालको तराई क्षेत्रमा बस्ने दलितहरू देशका अन्य क्षेत्रमा बस्ने दलितहरू र अन्य मानिसहरूको तुलनामा समेत विविध कुराले पिछडिएका छन् (झा(दिव्या), २००० ई., पृ. ५४) । वर्तमान अवस्थामा समेत उनीहरूलाई चिनाउने आधार भनेको उनीहरूको समाजमा पानी नचल्ने, छोइछिटो हाल्नुपर्ने र तल्लो स्तरका फोहोरी मानिएका सिनो फाल्ने, लास पोल्ने, गल्ली, चर्पी सफा गर्नेजस्ता कामहरू गर्दै आएका मानिसहरूको समूह हो (विश्वकर्मा, २०६९ वि.सं., पृ. १) । तराईमा अधिकांस दलितहरू आर्थिक, सामजिक, शैक्षिक तथा अन्य विविध कारणले पिछडिएको अवस्थामा रहेका छन् ।

तराई दलित समुदायको पहिचान भौगोलिक आधारमा हुने गरेको पाइन्छ । भौगोलिक आधारमा तराईबासी र जातीय आधारमा दलित समुदाय यस क्षेत्रका दलितहरूको पहिचान रहँदै आएको छ । नेपालको तराई क्षेत्रका दलित मात्र होइन अन्य मधेसी जातिहरूको पनि भारतको विहार र उत्तर प्रदेशका बासिन्दाहरूसँग विहावारी वा सोलिडोली चल्ने हुनाले यी दुवै ठाउँका मानिसहरूको साँस्कृतिक जीवनमा धेरै मेल खान्छ । उनीहरूको शारीरिक स्वरूप र छालाको रङ्गमा पनि समानता देखिन्छ । तर पहाडी दलितहरूको शारीरिक स्वरूपमा मोटो हाड र तराईका दलितको पातलो हाड रहेको पाइन्छ (रिजाल, २००६ ई., पृ. ८) । यसका आधारमा पहाडी दलित र तराई दलित क्षेत्रगत आधारमा मात्र फरक नभएर शारीरिक स्वरुपमा पनि भिन्न भएका देखिन्छन् ।

नेपालको तराई क्षेत्रमा बसोबास गर्ने धेरैजसो दलित समुदायभित्र पर्ने जातिका मानिसहरू भारतको बिहार र अन्य भागहरूबाट बसाइँ सरेर नेपाल भित्रिएका थिए । तराईका दलितहरू खास गरी १९ औं शताब्दीको प्रारम्भदेखि बढी मात्रामा बसाइँ सरेका थिए । नेपालमा राणाशासन सुरू भएपछि तराई क्षेत्रको जङ्गल फडानी गरी बस्ती बसाल्न भारतबाट कामदारका रूपमा मानिसहरू झिकाइएको थियो । त्यसरी जङ्गल फडानी गरी खेतिपाती गर्न थालेपछि ती भारतबाट आएका कामदारहरू पनि बिस्तारै त्यही क्षेत्रमा बस्न थालेका थिए (रिजाल, २००६ ई., पृ. २) । त्यसरी बसालिएको नयाँ बस्तीलाई राणाशासकहरूको सदासयता रहेको थियो किनकी नेपालका राणाहरूले तराई क्षेत्रमा बस्ती बिस्तार गरी त्यहाँको जमिनलाई आवादी तुल्याएर मालपोत असुल गरी आयस्रोत बढाउन चाहन्थे । त्यसभन्दा अगाडि १४औं शताब्दीको आसपासतिर भारतमा मुस्लिम आक्रमण भएपछि केही मानिसहरू नेपालका विभिन्न ठाउँमा आएर बासोबास गरेका थिए । त्यसमा दलितहरूको सङ्ख्या पनि निकै थियो । किनकि

प्रारम्भदेखि नै भारतका शूद्रहरूको पनि आर्थिक अवस्था अन्य सम्प्रदायका मानिसहरूको तुलनामा कमजोर नै रहँदै आएको थियो । (रिजाल, २००६ ई., पृ. २) । यस अर्थमा नेपालको तराईका दतिलहरू भारतबाट पछि बसाइँ सरेर आएको हुनाले र त्यहाँका पुराना बासिन्दाका कामदारका रुपमा समेत भित्रिएका हुनाले उनीहरूको आर्थिक, सामाजिक, शैक्षिक अवस्था पछाडि परिरहेको देखिन्छ ।

भारतबाट बसाई सरेर नेपालको तराई क्षेत्रमा आएका प्रायःजसो दलित समुदायअन्तर्गतका जातिका मानिसहरू इन्डो-आर्यन प्रजातिका रहेका छन् । उनीहरू हिन्दू धर्म मान्दछन् । साधारणतः उनीहरूको कद छोटो र वर्ण केही श्याम वा कालो देखिन्छ । यिनीहरूका प्रायः आफ्नै कुलदेवता हुन्छन् । आफ्नै घरमा उनीहरूले पूजा गर्ने ठाउँ बनाएर हिन्दू देवीदेवताहरूको पूजा गर्दछन् । उनीहरू धेरैजसोका छुट्टाछुट्टै थर र गोत्रहरू हुने गर्दछन् (रिजाल, २००६ ई., पृ. २-३) । यी दलित समुदायका मानिसहरू फरकफरक जातका भए पनि शारीरिक बनोट र वर्ण भने उस्तै किसिमको रहेको पाइन्छ ।

तराईका दलित समुदाका मानिसहरूको अधिकांश पोशाक र गरगहनासमेत झण्डै उस्तैखालको हुने गर्दछ । लोग्ने मानिसहरू प्रायःजसो कमिज र धोती लगाउदछन् भने महिलाहरू लेहङ्गा, चोली तथा गरगहनामा हसुली, थाङ्सी (खुट्टामा लगाउने गहना), पायल आदि लगाउदछन् । धेरैजसो तराई दलितका जातिहरूले आफ्नो परम्परागत पेसा अपनाउँदै आएका छन् । उनीहरूका प्रायःजसो आफ्नै जातका पुरोहित हुने गर्दछन् । वर्तमान समयमा तराई दलितका महिलाहरूमा कुर्था सलवार लगाउने प्रचलन बढ्दै गएको पाइन्छ भने लोग्ने मानिसहरूले पनि कमिज र पाइन्ट लगाउन थालेका छन् ।

तराईका दलित समुदायअन्तर्गतका जातजातिहरू अधिकाङ्श भूमिहिन भए पनि उनीहरू सबैजसोका प्रमुख पेसा भने खेतिपाती नै हुने गर्दछन् । तराईका दलित समुदायमा मानिसहरूसँग औसत रूपमा चार कट्ठा भन्दा बढी जमिन भएको पाइदैन । आफ्नो उत्पादनले बढीमा दुई महिना मात्र खान पुग्दछ त्यसमा पनि ७८ प्रतिशत जमिनमा सिँचाइको व्यवस्था गरिएको छैन । नगदे बाली लगाउने चेतनाको अभावका साथै बजार र पुँजीको अभावमा तराईका दलितहरू व्यवस्थित खेतीप्रणाली अपनाउन सक्दैनन् । खान नपुगेका कारण उनीहरू धनीमानिका घरमा गएर ऋण लिन बाध्य हुन्छन् । तराईका धेरैजसो दलित परिवारका मानिसहरू ऋणमा जन्मिने र ऋणमै मर्न बाध्य हुन्छन् । कमजोर आर्थिक, शैक्षिक, स्वास्थ्य अवस्थाका कारण तराईका दलितहरू राजनीतिक रूपमा पनि सक्रिय बन्न सकेका छैनन् । उनीहरूलाई दिनहुँ के खाउँ र के लाउँको समस्याले पिरोलिरहेको हुन्छ (झा(हरिवंश), २००० ई., पृ. १०५-११४) । आर्थिक अवस्था कमजोर भएका कारण उनीहरू शिक्षा ग्रहण गर्न सक्दैनन्

भने अशिक्षाकै कारणले गर्दा राजनीतिक, सामाजिक, सांस्कृतिक, धार्मिक जस्ता विषयमा समेत पिछडिएको अवस्था रहेको पाइन्छ ।

सामाजिक रूपमा पिछडिएका कारण दलितहरूका बालबच्चाहरूले सानैमा विवाह गर्ने र कलिलो उमेरमा नै सन्तान जन्माउने गर्दछन् । उनीहरूले आफ्नो टोल-छिमेक सफा राख्नु पर्दछ भन्ने कुरा पनि जान्दैनन् । खानेपानीको अभाव तथा सार्वजनिक धारो, इनारको प्रयोग गर्न नपाउने कारणले गर्दा नदी, पोखरीको धमिलो पानी प्रयोग गर्न उनीहरू बाध्य हुँदै आएका छन् । सामाजिक चेतनाको अभावले गर्दा उनीहरूले स्वास्थ्यसम्बन्धी जानकारी पनि लिन सकिरहेका छैनन् । कतिपय दलितहरूले मरेको पशुको मासु पनि खाने गर्दछन् । फोहरी र नीच मानिएका यस्ता कामहरू गर्नुपर्दा दलितहरू अन्य जातिहरूको माझमा शीर ठाडो पारेर कुरा गर्नसमेत सक्दैनन् (झा(हरिवंश) २००० ई., पृ. १०५-११४) । यस्ता कामहरूले गर्दा सामाजिक रूपमा उनीहरू अझै बढी हेपिएका छन् । आर्थिक अभाव भएपछि उनीहरूको अन्तिम माग्ने ठाउँ भनेको गैरदलितका मानिसहरूको घर हुने गरेको पाइन्छ । त्यही कारणले उनीहरू गैरदलितका मानिसहरूबाट अझै बढी हेपिने गरेको पाइन्छ ।

तराईका दलित समुदायका मानिसहरूमा प्रायः संयुक्त परिवारप्रथा कायम रहेको हुन्छ । संयुक्त परिवारप्रथाका कारण उनीहरूको जीवन प्रायः अव्यवस्थित नै रहेको पाइन्छ । तराईका दलितहरू क्षेत्रीयताका आधारमा, आर्थिक हैसियतका आधारमा, भाषिक आधारमा, अशिक्षाका आधारमा, पेसाका आधारमा तथा पहुँचका आधारमा समेत राज्यका अन्य वर्गद्वारा हेपिदै आएका छन् । राज्यका स्रोत र साधनको प्रयोगमा पनि यिनीहरू विभेदमा परेका छन् (गेज, २००९ ई., पृ. ८७, १४१) । नेपाल सरकारले दलितका लागि छुट्ट्याएका आरक्षणका पदहरू पनि पहाडी दलितहरूले बढी उपयोग गर्न थालेपछि त्यसबाट समेत उनीहरू बन्चित रहँदै आएका छन् । आरक्षणका कोटाहरूमा पनि दलितहरूकै केही टाठाबाठा भएका मानिसहरू नै सहभागी हुने हुनाले पिछडिएका गरिव तराईका दलितहरूको अवस्था जस्ताको तस्तै रहेको पाइन्छ ।

नेपालका दलितहरू धेरैजसो गरिवी अवस्थामा रहेर जीवन गुजारा गरिरहेका छन् । त्यसमा पनि तराईका दलितहरूको अवस्था अझै दयनीय रहेको पाइन्छ । उनीहरूको छुट्टै पहिचान छैन । अन्य तराईबासीअन्तर्गत रहेर उनीहरूले छुवाछूतजन्य पीडा भोगिरहेका छन् (रजक, २०६५ वि.सं., पृ. १०) । प्राचीनकालदेखि नै हिन्दू समाजमा शूद्र वर्णका मानिसहरूले वेद पढ्नु हुँदैन र पढेमा उसको आँखामा शिशा पगालेर हालिदिनु भन्ने मनुस्मृतिमा उल्लेखित न्याप्रणालीका आधारमा मनुकालदेखि नै दलितहरू शिक्षाबाट बन्चित हुँदै आएका हुन् । शिक्षामा पछाडि परेकै कारण दलितहरू अन्य सबै क्षेत्रमा पछि परिरहेका छन् । त्यही बन्चितिकरणको प्रभावका कारण वर्तमान अवस्थामा समेत नेपालमा तराईका दलितहरूले दयनीय अवस्थाबाट

जीवन गुजारी रहेका छन् । अहिले पनि उनीहरू जातीय उत्पीडनको शिकार बन्न बाध्य भइरहेका छन् (वाग्ले, २०६१ वि.सं., पृ. ५-८) । बोक्सीको आरोपमा होस् वा छोइछिटोका सम्बन्धमा होस् तराईमा सबैभन्दा अपमानित जीवन दलित समुदायका मानिसहरूले नै गुजार्दै आएको पाइन्छ । वर्तमान समयमा विभेदिकरणमा केही कमी आए पनि कमजोर हैसियतका कारण उनीहरूको जीवनस्तरमा सुधार आउन सकेको देखिदैन । आर्थिक, शैक्षिक कमजोरीले मानिसका हरेक क्षेत्रलाई नकारात्मक प्रभाव पार्ने तथ्य भने सत्य भएको पाइन्छ ।

नेपालको तराई क्षेत्रमा बसोबास गर्ने दलितहरूमध्ये पुरूषको तुलनामा महिलाहरू अझै बढी पिछडिएर, दवित र शोषित अवस्थामा रहेर बाँचिरहेका छन् । तराईका धेरैजसो दलित महिलाहरूले नागरिकताको प्रमाणापत्र लिएका हुँदैनन् । तराईका १५.७४ प्रतिशत महिलालाई नागरिकताको प्रमाणपत्र भनेको के हो भन्ने जानकारीसम्म छैन । उनीहरूमध्ये केहीले मात्र निर्वाचनमा भाग लिने गर्दछन् । राज्यले प्रदान गर्ने सुविधा पनि उनीहरूले उपभोग गर्न जानेका हुँदैनन् । सरकारी कर्मचारीसँग बोल्न, कुरा गर्न, व्यवहार गर्न उनीहरू हिचकिचाउँदछन् (खड्का, सिम्खडा र कोइराला, २००७ ई., पृ. २१) । यस्ता कारणहरूले गर्दा उनीहरू अझै पनि कमजोर र सिमान्तीकृत अवस्थामा रहँदै आएका पाइन्छन् ।

नेपालको तराई क्षेत्रमा बसोबास गर्दै आएका दलित समुदायका महिलाहरू महिला भएका कारण, दलित भएका कारण र दलित महिला भएका कारण गरी तीनवटा माध्यमबाट पीडित बन्दै आएका छन् । ती तीनवटै कारणहरूले उनीहरू सामाजिक विभेदमा पनि पर्दै आएका छन् । उनीहरूका आवाज कम सुनिन्छन् । यस्ता विविध कारणले गर्दा तराई दलितका महिलाहरूले विविध खालका हिंसा पनि सहन बाध्य छन् । प्रमुख रूपमा उनीहरूको सामाजिक, आर्थिक, प्रशासनिक, शैक्षिक, सांस्कृतिक जस्ता क्षेत्रमा असाध्य न्यून सङ्लग्नता रहेको पाइन्छ (खड्का, सिम्खडा र कोइराला, २००७ ई., पृ. २३) । त्यही न्यून सङ्लग्नताका कारण पनि उनीहरू हरेक दृष्टिले पछाडि पर्दै आएको पाइन्छ ।

नेपालमा सरकारी तथ्याङ्कले दलितको सङ्ख्या १३ प्रतिशतको हाराहारीमा देखाए पनि सन् २००६ मा पुनर्स्थापित भएको विधायिका संसदमा दलितको प्रतिनिधित्व मात्र ५.४ प्रतिशत रहेको थियो । त्यसमा पनि पहाडी दलितको सङ्ख्या १४ र तराई दलितको सङ्ख्या मात्र ४ रहेको थियो । यसका आधारमा तरईका दलितहरूको नेपालको नीति निर्माण तहमा नगन्य उपस्थिति रहेको देखिन्छ । यो सङ्ख्यालाई प्रतिशतमा राखेर हेर्ने हो भने पहाडी दलित ७७.८ प्रतिशत र तराई दतिल मात्र २२.२ प्रतिशत रहेको पाइएको छ (भट्टचन, सुनार र भट्टचन (गौचन), २०६५ वि.सं., पृ. ५७-५८) । यसका आधारमा नेपालमा दलितहरू त्यसै पनि पछाडि परेका र त्यसमा पनि तराईका दलितहरू कुनै हिसावले पनि अगाडि आउन नसकेको देखिन्छ ।

नेपालको तराई क्षेत्रमा तराईबासी दलित मात्र विभेदमा परेका छैनन् पहाडी क्षेत्रबाट बसाई सरेर तराईमा गएर बसेका दलितहरूलाई पनि उत्तिकै विभेद छुवाछूतको व्यवहार गरिन्छ (खरेल, २०५८ वि.सं., पृ. ३९-४१) । त्यसबाट बच्न कतिपय दलित समुदायका मानिसहरूले आफ्नो थर परिवर्तन गर्ने वा थर लुकाउनेसमेत गरेको पाइन्छ ।

नेपाली समाजमा नै दलितको अवस्था अन्य वर्गको तुलनामा निकै तल्लो स्तरको रहेको पाइन्छ । त्यसमा पनि तराई दलितको अवस्था पहाडी तथा नेवार दलितको भन्दा झनै दयनीय रहेको छ । नेपालको तराई क्षेत्रका दलितहरू त्यहाँका सबैजसो जिल्लाहरूमा छरिएर रहेका छन् । तिनीहरूको गरिवी दर अत्यन्त बढी छ । अधिकांश दलितहरू सुकुम्बासी अवस्थामा रहेका छन् । त्यहाँका ४४ प्रतिशत दलितहरू अझै पनि भूमिहिन् अवस्थामा रहेका छन् (आहुति, २०६७ वि.सं., पृ. १८६) । त्यसैले वर्षभरी नै उनीहरूले ज्याला मजदुरी गरेर जीवन गुजारा गर्दै आएको पाइन्छ ।

छुवाछूतको भेदभाव र सामाजिक उत्पीडन पनि पहाडका दलितहरूको तुलनामा तराईका दलितमा बढी छ । तराईको समाजमा पहाडी समाजको तुलनामा सामन्ती संस्कार, कुरीति र अन्धविश्वास पनि बढी रहेको पाइन्छ । भूमिहिनताका कारण तराई दलित समुदायका मानिसहरू हरवा चरुवा बस्न बाध्य छन् । राज्यको प्रशासनिक निकायमा उनीहरूको उपस्थिति नै छैन भन्दा पनि हुन्छ । उनीहरूका परम्परागत पेसा या त बालीघरे अवस्थामा छन् या त उनीहरू आफ्नो परम्परागत पेसाबाट विस्थापित हुने स्थितिमा रहेका छन् । यसले गर्दा तराई दलितमा बेरोजगारीको महामारी कहाली लाग्दो अवस्थामा रहेको पाइन्छ । दहेज प्रथा, घुम्टो प्रथा, घरेलु हिंसा, उच्च जातीय शोषण र अति कडा परिश्रम आदिका कारण तराई दलित, त्यसमा पनि तराई दलितका महिलाहरूको अवस्था अझै बढी कष्टकर रहेको छ । खाद्यान्नको अभाव र पोषणयुक्त खानाको अभावका कारण तराईका दलितहरू ख्याउटे, काला र सुकुटे देखिन्छन् (आहुति, २०६७ वि.सं., पृ. १८६) । रोगव्याधी लागेपछि समयमै औषधीमूलोको अभावमा तराईका दलितहरू अकालमा ज्यान गुमाउन पनि बाध्य हुँदै आएका छन् । खासगरी तराईका दतिलहरू तराईकै सामन्ती सस्कारबाट बढी पीडित हुँदै आएको पाइन्छ । यस्तो छुवाछूत सम्बन्धी कट्टरता पहाडमा भन्दा तराईमा बढी भएको पाइन्छ ।

नेपालको दलित विषयका अध्यता आहुतिले आफ्नो पुस्तक नेपालमा वर्ण व्यवस्था (२०६७ वि.सं.) मा तराई दलितका समस्यालाई प्रमुख रूपले तीन भागमा वर्गीकरण गरेर विश्लेषण गर्न सकिने धारणा व्यक्त गरेका छन् । त्यसलाई आधार मान्ने हो भने तराई दलितका प्रमुख समस्याहरू यसप्रकार रहेको देखिन्छ :

(क) तराई दलित मैथिली, भोजपुरी, अवधीलगायतका भाषिक समुदायभित्र विभक्त छन् । नेपाल सरकारको एक भाषा नीतिले गर्दा पनि ती तराई दलितका भाषिक अधिकार कुण्ठित हुन पुगेका छन् । उनीहरू कतिपयले नेपाली भाषामा आफ्ना समस्याहरूसमेत व्यक्त गर्न सक्दैनन् ।

(ख) विगतमा पहाडी शासकहरूका कारण तराईबासीले आफूमाथिको शासनमा आफैलाई सरिक गराउनसमेत सकेनन् । त्यसमा पनि तराईका दलितहरूको सङ्लग्नता शून्य बराबर रह्यो । अहिले तराई दलितको मुक्तिको प्रश्नलाई क्षेत्रीय र स्थानीय उत्पीडनसँग गाँसेर हेर्ने गरिएको पाइन्छ ।

(ग) तराईका भूमिहिनका मूल हिस्सा दलित समुदायका मानिसहरूको एक वर्ग भएका कारण उनीहरूमाथि वर्गीय शोषण पनि अत्याधिक बढी छ । धनीहरूले गरिवमाथि गर्ने शोषणलाई वर्गीय शोषणका रूपमा लिने गरिन्छ (पृ. ८७) ।

उपर्युक्त धारणा पनि पूरै सत्य मान्न सकिदैन किनकी अध्ययनका क्रममा तराईका दलितहरू राज्यबाट भन्दा पनि स्थानीय तराईबासी माथिल्लो वर्ग र जातका मानिसहरूबाट नै बढी शोषित र पीडित भएको पाइएको छ । ती दलितको उत्थानका लागि सर्वप्रथम स्थानीय माथिल्लो वर्ग र जातका मानिसहरूबाट हुने गरेको विभेदको अन्त्य हुनु पर्दछ र राज्यबाट पनि सँगसँगै पहल हुनुपर्ने देखिन्छ ।

तराई दलितहरू समग्रमा आर्थिक रूपले शोषित, सामाजिक रूपले अमर्यादित, राजनैतिक रूपले उपेक्षित एवम् आवाजहीन, मनोवैज्ञानिक रूपले दमित र शैक्षिक रूपले बन्चित अवस्थामा रहेका छन् । नेपालको कुल जनसङ्ख्यामध्ये तराईका दलितहरूको सङ्ख्या ५.०३ प्रतिशत रहेको छ । विभिन्न खालका विभेदीकरणका कारण तराईका दलितहरूले दोस्रो दर्जाको नागरिकसरह जीवन जीउन बाध्य हुँदै आएका छन् (आहुति, २०६७ वि.सं., पृ. २) । यस्तो बहिस्कृत र अभावको जीवन नेपालका अन्य जनसमुदायको तुलनामा तराईका दलितको सबैभन्दा बढी रहेको पाइएको छ ।

तराई दलितका मानिसहरूसँग छुवाछूतको व्यवहार पँधेरो तथा सार्वजनिक धाराहरूमा पानी भर्न जाँदा, होटलभित्र र आफूले खाएको भाँडा वा गिलास माझ्नु पर्दा, मन्दिर प्रवेश गर्दा, भोजभतेरमा सँगै बसेर खानाखाँदा, गाउँघरका पसल, घर र गोठमा पस्दा, विद्यालयमा पढ्न जाँदा आदि ठाउँमा हुने गरेको पाइन्छ । त्यस्ता ठाउँमा उनीहरूलाई छुवाछूतलगायतका हेप्ने, धम्क्याउने जस्ता विभेदकारी व्यवहारहरू गरिन्छन् (आहुति, २०६७ वि.सं., पृ. ६०) । नेपालको तराई क्षेत्रका दलितहरू छुत र अछूत गरी दुई भागमा विभाजित छन् । छुत दलित र अछूत दलितका बीचमा वैवाहिक सम्बन्ध कायम हुँदैन (विश्वकर्मा, २०६८ वि.सं., पृ. २१) । पहाडी दलितको तुलनामा तराईका दलितहरू बढी उपेक्षित र अपहेलित अवस्थामा रहेका छन् (चौधरी,

२०६५ वि.सं., पृ. १२०) । यसरी वास्तवमा तराई दलितका मानिसहरूमा धेरै समस्याहरू तराईकै अन्य समुदायका मानिसहरूका कारणबाट बढी भएको देखिन्छ । त्यसको समाधानका लागि तराईको समाजमा सुधार ल्याउन आवश्यक रहेको देखिन्छ ।

नेपालको तराई क्षेत्रमा बसोबास गर्ने दलितहरूका बीचमा पनि प्रसस्त भाषिक भिन्नताहरू रहेका छन् । पूर्वी तराईदेखि मध्यतराईसम्म मैथिली भाषा, मध्यतराईदेखि पश्चिम तराईसम्म भोजपुरी भाषा र त्यसभन्दा पश्चिममा सूदुरपश्चिमी तराईसम्म अवधी भाषाको बाहुल्यता रहेको छ (चौधरी, २०६८ वि.सं., पृ. १४७) । प्रस्तुत अध्ययन नेपालको पश्चिमी तराईमा बसोबास गर्ने दलित समुदायका चिडिमार जातिसँग सम्बन्धित भएका कारण यी चिडिमार जातिका मानिसहरू अवधी भाषीअन्तर्गत पर्दछन् । तराईका दतिल समुदायको समस्या भनेकै चिडिमार जातिका मासिनहरूको पनि साझा समस्या भएको हुँदा यहाँ तराईका दलित समुदायका मानिसहरूको समग्रमा अध्ययन गरिएको हो । यहाँ त्यस समग्रताभित्र चिडिमार जातिको छुट्टै पहिचान दिन आवश्यक भए पनि यो अध्याय समग्र दलितको विषय भएका कारण यस जातिका सम्बन्धमा अर्को अध्यायमा बिस्तृत चर्चा गर्नु उपयुक्त हुने देखिएको छ ।

## ४.७ निष्कर्ष

हिमाल, पहाड, तराई जस्ता भौगोलिक विविधता भएको देश नेपालमा विभिन्न जातजाति वर्ण-सम्प्रदायका मानिसहरू बसोबास गर्दछन् । हिन्दू समाजमा फरकफरक पेसा, व्यवसाय र क्षमताका आधारमा प्राचीन भरतमा जातिको उत्पत्ति भएको थियो । त्यस्ता जातिहरू आफ्नै समूहमा विवाह गर्ने, खानपानमा समेत अन्य समूहभन्दा भिन्न भएको र जन्मको आधारमा समूह निर्धारण र सामुहिक नियमहरू पालन गर्ने एउटा मानव समूह थिए ।

नेपालका दलित समुदायका मानिसहरूको ऐतिहासिक विकासको सन्दर्भ भारतमा वैदिककालतिरै विकसित भएको वर्ण व्यवस्थासँग जोडिएको देखिन्छ । भारतमा इ.पू.१००० भन्दा अगावै आर्यहरूले त्यहाँका मानिसहरूलाई ज्ञान, रक्षा, जीविका र सेवाजस्ता प्राकृतिक नियमका आधारमा विभाजन गर्दा ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र गरी चारवटा वर्णहरू बनेका थिए । उत्तरवैदिककालभन्दा पछाडिदेखि केही तल्ला स्तरका कामहरू गर्ने शूद्र वर्णका मानिसहरूमाथि छुवाछूतको व्यवहार गर्न थाएिको थियो । ती शूद्र वर्णका मानिसहरू लामो समयसम्म सेवाधारी वर्गका रुपमा रहीरहँदा दलित बन्न पुगेका थिए । तिनै सामाजिक रुपले दविएका मानिसहरूका साखासन्तानहरू अहिलेसम्म पनि नेपालमा दलितका रुपमा चिनिदै आएका छन् । त्यस्ता

दलितहरूलाई पनि नेपालमा पहाडी दलित, नेवार दलित र तराई दलित गरी तीन भागमा विभाजन गरेर अध्ययन गर्ने गरिएको छ ।

नेपालमा जयस्थिति मल्लको शासनकालदेखि शूद्र वर्णका मानिसहरूमाथि सामाजिक रुपले छुवाछूतको भेद गर्न थालिएको र राणा प्रधानमन्त्री जङ्गबहादुरको समयमा बनेको वि.सं.१९१० को मुलुकी ऐनमा पनि छुवाछूतलाई कानुनी मान्यता प्रदान गरिएको थियो । नेपालको तराईका दलित समुदायका मानिसहरू खासगरी राणाकाल र त्यसभन्दा पछाडि भारतबाट बसाइँ सरेर आएका थिए । नेपालको तराई क्षेत्रमा त्यतिबेलादेखि नै छुवाछूतजन्य विभेदलगायतका आर्थिक सामाजिक विभेद पनि स्थानीय माथिल्लो वर्ग र जातिका मानिसहरूबाट नै हुने गरेको पाइएको छ । कमजोर आर्थिक अवस्था, शिक्षा, स्वास्थ्य, जनचेतना, सामाजिक, सांस्कृतिक क्षेत्रमा पछाडि रहनु र सिमान्तकृत अवस्थामा जीवन निर्वाह गर्नु यस समुदायको पहिचान बन्न पुगेको छ ।